# सौर्य दैनिक

www.souryaonline.com






वर्ष ११ | अंक २३९ | आइतबार, ६ कात्तिक २०७९ | SOURYA NATIONAL DAILY | Sunday, 23 October 2022 | पृष्ठ : १२ +२ | मूल्य रू. ५


### सुदूरपश्चिममा आम निर्वाचन

# प्रधानमन्त्रीदेखि पूर्वमन्त्रीसम्म चुनावी मैदानमा



■ सुरेन्द्र ताम्राकार

धनगढी । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति नजिकिँदै छ । निर्वाचनको मिति नजिकिएसँगै सुदूरपश्चिम प्रदेशमा पनि चुनावी रौनक छाउन थालेको छ । उम्मेदवारहरु आ–आफ्नो चुनावी एजेण्डा लिएर मतदाता रिझाउन लागिपरेका छन् । विशेषगरी ठुला राजनीतिक दलहरु यतिबेला घरदैलो अभियानमा व्यस्त छन् । सुदूरपश्चिम प्रदेशमा थुप्रै चर्चित अनुहार चुनावी प्रतिष्पर्धामा उत्रिएका छन् । प्रतिनिधिसभाको १६ निर्वाचन क्षेत्र रहेको सुदूरपश्चिम प्रदेशमा सत्तारुढ गठबन्धन सँयुक्त मोर्चा बनाएर चुनावी अभियानमा होमिएको छ ।

यसैगरी नेकपा एमालेले कञ्चनपुर निर्वाचन क्षेत्र नम्बर ३ मा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सँग चुनावी तालमेल गरेको छ । सुदूरपश्चिम प्रदेशका अन्य निर्वाचन क्षेत्रहरुमा भने एमाले एक्लै चुनावी मैदानमा ओर्लिएको छ ।

सुदूरपीश्चम प्रदेशमा प्रधानमन्त्री र पूर्वमन्त्रीदेखि लिएर बहालवाल मन्त्रीसम्म चुनावी मैदानमा ओर्लिएका छन् । त्यसैले पनि सुदूरपश्चिम प्रदेशकाका केही निर्वाचन क्षेत्रमा रोचक प्रतिष्पर्धा हुने अनुमान गर्न थालिएको छ । डडेल्धुरा जिल्लामा नेपाली कांग्रेसका सभापतिसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवा प्रतिनिधिसभा सदस्यका लागि चुनावी मैदानमा छन् ।

प्रधानमन्त्री देउवाका मुख्य प्रतिष्पर्धीको रुपमा नेपाली कांग्रेस बीपीका कर्ण मल्ल रहेका छन् । देउवालाई सत्ता गठबन्धनको साथ रहेको छ भने मल्ललाई नेकपा एमालेको साथ रहने सहमति भए पनि पछिल्लो समय उक्त सहमति टुटेको छ ।


देउवाले डडेल्धुराबाट २०४८ सालदेखि निरन्तर चुनाव जित्दै आएका छन् । मल्ल यसअघिको निर्वाचनमा नेपाली कांग्रेसबाट डडेल्धुराबाट प्रदेशसभा सदस्यमा विजयी भएका थिए भने देउवा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए ।

अहिले फरक-फरक पार्टीमा रहेकाले देउवा र मल्ल दुबै प्रतिनिधिसभाका उम्मेदवार बनेका छन् । यसैगरी एक सार्वजनिक कार्यक्रममा प्रधानमन्त्री देउवाबाट ‘तपाइँ बढ्ता बोल्दै हुनुहुन्छÚ भनेर हप्की खाएर चर्चामा आएका सागर ढकाल पनि देउवाका प्रतिष्पर्धी बनेका छन् । यसैगरी डोटीमा पनि रोचक प्रतिष्पर्धा हुने अनुमान गरिएको छ । नेकपा एकीकृत समाजवादीका नेता

बाँकी पृष्ठ २

### तिहारमा प्रहरीको सुरक्षा योजना

# जुवा र चोरी-डकैति नियन्त्रमा विशेष जोड



■ सौर्य समाचार

काठमाडौं । यतिबेला उपत्यकावासीमा तिहारको रौनक छ । तिहारलाई यमपञ्चक पनि भनिन्छ । पाँच दिनसम्म मनाइने तिहारमा देउसी-भैलो खेल्ने, जुवातास खेलेर रमाइलो गर्ने परम्परा कायमै रहे पनि केही उत्रृंखल समुहका कारण वर्षेनी विभिन्न आपराधिक घटना हुँदै आएको छ ।

देउसी–भैलोको नाममा होहल्ला गर्ने, मादक पदार्थ सेवन गरेर झगडा गर्ने, जथभावी पटाका पड्काउने लगायतका गतिविधिले प्रहरीले आग्रह गर्दै आएको सुझाव पनि कार्यान्वयन हुन सकेको देखिँदैन । यसका अलावा राती घर छाडेर हिंड्ने र चाडपर्व मनाउन थुप्रै ब्यक्ति गृह जिल्ला फर्कने भएकाले उपत्यका प्राय: सुनसानजस्तै हुन्छ ।

यसको फाइदा उठाएर चोरीका घटना बढ्ने सम्भावना पनि उत्तिकै रहन्छ । त्यसैले प्रहरीले तिहारको बेला राती नौ बजेसम्म मात्र देउसी–भैलो खेल्न अनुरोध गरेको छ । तर, उचित अनुगमन नहुँदा विशेषगरि ग्रामीण भेगमा रातभर देउसी–भैलो हुँदै आएको छ । प्रहरीले मर्यादित एवं सभ्य तरिकाले देउसी–भैलो खेल्न अनुरोध गरेको छ । उपत्यका प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक (एसपी) सीताराम रिजालले हर्षोल्लासका साथ मनाइने तिहार पर्वमा अवाञ्छित गतिविधि पनि हुन सक्ने भएकाले राती नौ बजेसम्म मात्र देउसीभैलो खेल्न उपत्यकावासीलाई अनुरोध गरिएको बताए ।

उनले अवाञ्छित क्रियाकलाप भएको जस्तो लागेमा तत्कालै प्रहरीलाई खबर गर्न पनि आग्रह गरेका छन् । एसपी रिजालका अनुसार, उपत्यकामा तिहारमा करिब आठ हजारको हाराहारीमा सुरक्षाकर्मी खटिएका छन् । तिहारमा ट्राफिक प्रहरीले मादक पदार्थ सेवन (मापसे) गरेर सवारी हाँक्ने चालकमाथि पनि विशेष निगरानी बढाएको छ ।

यसैगरी प्रहरीले उपत्यका छिर्ने नाकाहरुमा पटाका भित्रिने आशंकामा निगरानी बढाएको छ । एसपी रिजालका अनुसार, आफ्नो टोल छरछिमेकमा जुवातास खेलेको देखेमा वा पटाका पड्काएमा पनि तत्काल प्रहरीलाई खबर गर्न आग्रह गरिएको छ । मुलुकी अपराध संहिता–२०७४ ले विष्फोटक पदार्थ (पटाका) सम्बन्धी कसुरमा तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवना हुनसक्ने व्यवस्था गरेको छ । टोलटोलमा कन्ट्रोल रुम भेइकल (सीआरभी) पठाएर मादक पदार्थ सेवन गरेर सवार ीसाधन नचलाउन, सार्वजनिक स्थानमा मद्यपान, धुम्रपान नगर्न, नगद बहुमूल्य सामान, गरगहना लकरमा राख्न, विद्युतीय माध्यमबाट मात्र आर्थिक कारोबार गर्न प्रहरीले उपत्कावासीलाई अनुरोध गरेको छ ।

तिहारमा लुटपाटका घटन बढ्न सक्नेतर्फ संकेत गर्दै प्रहरीले यात्रा गर्ने क्रममा अपरिचित व्यक्तिले दिएको खानेकुरा नखान, नचिनेको व्यक्तिले घरको ढोका ढकढक्याएमा नखोल्न, आफ्नो घर, छिमेक र टोलमा सिसी क्यामेरा जडान गर्न, लामो समय घरबाहिर जानुपरेमा विश्वासिलो छिमेकी र आफन्तलाई जानकारी गराउन प्रहरीले अनुरोध गरेको छ ।

प्रहरीले आफु गाउँ जान लागेको तस्वीर समेत सामाजिक सञ्जालमा नराख्न सर्वसाधरणलाई सूचित गरेको छ । चाडवाडलाई लक्षित गरेर उपत्यकाको सुरक्षा व्यवस्थालाई कडा बनाइएको जानकारी प्रवक्ता रिजालले दिए । उनले व्यक्ति तथा सम्पत्तिको सुरक्षा, आर्थिक कारोवार, बैंक तथा वित्तीय संस्थामा हुने चोरी लुटपाट, टिकटमा हुने ठगी बढ्न सक्ने हुनाले पैदल गस्ती, साइकल गस्ती, मोटरसाइकल गस्ती मोटर गस्ती सञ्चालन गरिएको बताए । रिजालले बैंक तथा वित्तीय क्षेत्र, यातायात सञ्चालन हुने क्षेत्र, व्यापारिक कारोवार

बाँकी पृष्ठ २


भोक्राहा नर्सिङ्ग गाउँपालिका
गाउँपालिकाको कार्यालय
चिरौली, सुनसरी
१ नं. प्रदेश, नेपाल

उपभोक्ता सचेतनासम्बन्धी भोक्राहा नर्सिङ्ग गाउँपालिकाको सूचना

■ सुरक्षीत रहौं ■ रोकथाम गरौं ■ नियन्त्रण गरौ

- डेंगी-रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।
- थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।
- डेंगीको लक्षणहरु: उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता विमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन ।

डेंगीबाट बच्ने उपायहरु :

- एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि विहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।
- आफ्नो घर परिपरि, कार्यस्थल र सार्वजनिक ठाउँहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडोलाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।
- दिउँसो पनि लामखुट्टे भगाउने धुप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
- विहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।
- पुरै शरिर ढाक्ने लुगा लगाउने ।



# छठका लागि भूवनेश्वरी मन्दिरमा सरसफाइ

■ सौर्य समाचार

काठमाडौं । छठ पर्वको तयारीका लागि भूवनेश्वरी मन्दिर तथा त्यस आसपास क्षेत्रमा शनिबार सरसफाइ गरिएको छ । सामुदायिक सेवा केन्द्र कुलेश्वरले आयोजना गरेको सरसफाइ कार्यक्रममा सशस्त्र प्रहरी, नेपाल प्रहरी, स्थानीय समाजसेवीको सहभागिता रहेको थियो ।

सरसफाइ कार्यक्रममा मन्दिर वरपर रहेका फोहर र नदी क्षेत्रमा जम्मा भएका फोहर संकलन गरी व्यवस्थापन गरिएको थियो । करिब डेढ दशकदेखि यस मन्दिर क्षेत्रमा छठ पर्वका दिन व्रतालुले पूजा गर्ने तथा नदीबाट सूर्यलाई अर्घ्य चढाउने गर्दै आएका छन् ।

काठमाडौँ महानगरपालिका-१४ का वडाध्यक्ष सुमन श्रेष्ठले मठमन्दिर तथा सम्पदास्थललाई सफा बनाउन स्थानीयवासीको महत्वपूर्ण भूमिका हुने उल्लेख गर्दै मुलुकमा विद्यमान सबै जाति समुदायका फरकफरक संस्कृति तथा पर्वले एकापसमा सद्भाव वृद्धि गरी राष्ट्रिय एकता बलियो बनाउन सहयोग पुग्ने बताए ।

सामुदायिक सेवा केन्द्रका अध्यक्ष राजकुमार विष्टले विभिन्न समयमा भूवनेश्वरी क्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन गरिँदै आएको जानकारी दिए । शिक्षिका सुनिता श्रेष्ठले छठ पर्वलाई दृष्टिगत गर्दै सुरक्षाकर्मीको सहयोगमा गरिएको सफाइको सराहना गरिन् ।

## जुवा...

क्षेत्र, होटल रेष्टुराँ, नाकालगायतका क्षेत्रमा विशेष गस्ती खटाइएको बताए । कलंकी, बल्खु, सुन्धारा, पुरानो बसपार्क, नयाँ बसपार्क, गोंगबु, गौशाला, चाबहिल, कोटेश्वर र हल्चोक टिकट काउण्टरमा समेत प्रहरी खटाइएको जानकारी उनले दिएका छन् ।

तिहारमा लुटपाट र डकैती गरेर भाग्ने आपराधिक व्यक्ति तथा समूहलाई पक्राउ गर्न उपत्यकाका विभिन्न ठाउँमा कुकुरसहितको ‘धराप टोली’ (एम्बुस टीम) तैनाथ गरेको जानकारी पनि एसपी रिजालले दिए । चोरी, डकैती तथा लुटपाटका घटनापछि अभियुक्त फरार हुन नदिन काठमाडौं, ललितपुर र भक्तपुरमा डिएसपी र इन्सपेक्टरको कमान्डमा २५ टोलीलाई नाकाबन्दी र सर्च एन्ड अपरेसनमा परिचालन गरिएको छ । दसैं, तिहार, छठ, नेपाल सम्वतलगायतका चाडपर्वमा वित्तीय अपराधमा संलग्न गिरोह सक्रिय हुने भन्दै महानगरीय प्रहरीले त्यसलाई नियन्त्रण गर्न काठमाडौंका ३० ठाउँमा ‘धराप टोली’ खटाइएको छ । यसैगरी गाडी बिग्रेर हुने ट्राफिक जाम हटाउन सडक विभागले काठमाडौंको नागढुंगा र धादिङको भ्याप्लेखोलामा दुई वटा ऱ्याकरको व्यवस्था गरेको छ ।

## प्रधानमन्त्रीदेखि...

पूर्वमन्त्री प्रेमहादुर आले डोटीबाट चुनावी मैदानमा उत्रिएका छन् । प्रतिनिधिसभाको एकमात्र निर्वाचन क्षेत्र रहेको डोटीमा आले सत्तारुढ गठबन्धनका साझा उम्मेदवार हुन् । मन्त्री हुँदा आफ्नो काम र ब्यवहारका कारण पटक-पटक चर्चामा आउने गरेका आलेले यसपटक नेकपा एमालेकी नेतृ गौरी ओलीसँग चुनावी प्रतिष्पर्धा गर्ने भएका छन् । आले गत निर्वाचनमा भने बाम गठबन्धनको तर्फबाट प्रतिनिधिसभामा विजयी भएका थिए । प्रतिनिधिसभाको एकमात्र निर्वाचन क्षेत्र रहेको बाजुरामा पनि दुई हेवीवेट उम्मेदवार चुनावी प्रतिष्पर्धामा रहेका छन् । प्रतिनिधिसभाका लागि सत्ता गठबन्धनबाट नेपाली कांग्रेसका सहमहामन्त्री बद्री पाण्डे र एमालेका प्रदेश सह–इञ्चार्ज तथा स्थायी कमिटी सदस्य कर्ण थापा चुनावी मैदानमा रहेका छन् । यी दुई उम्मेदवारबीच कडा प्रतिष्पर्धा हुने अनुमान गरिएको छ । यसैगरी बझाङमा सत्तारुढ गठबन्धनबाट नेकपा एकीकृत समाजवादीका नेता एवं पूर्वमन्त्री भानुभक्त जोशी चुनावी मैदानमा छन । उनका प्रमुख प्रतिष्पर्धी नेकपा एमालेका नेता ऐन महर रहेका छन् । दार्चुलामा सत्तारुढ गठबन्धनबाट नेपाली कांग्रेसका नेता एवं उद्योग, वाणिज्य तथा आपुर्तीमन्त्री दिलेन्द्रप्रसाद बडु चुनावी मैदानमा छन् । उनका प्रमुख प्रतिष्पर्धीका रुपमा नेकपा एमालेका नेता एवं पूर्वमन्त्री गणेशसिंह ठगुन्ना रहेका छन् ।

यसैगरी बैतडीमा सत्तारुढ गठबन्धनबाट नेकपा माओवादी केन्द्रका नेता नरेन्द्र कुँवर उम्मेदवार बनेका छन् । उनका प्रमुख प्रतिष्पर्धी नेकपा एमाले सुदूरपश्चिम प्रदेश अध्यक्ष दामोदर भण्डारी रहेका छन् । सुदूरपश्चिम प्रदेशमा चर्चामा रहिरहने नेकपा एमालेका नेता भीम रावलले भने यसपटक टिकट पाएका छैनन् ।

रावलको निर्वाचन क्षेत्र अछाम १ बाट माओवादीबाट एमाले प्रवेश गरेका प्रदेशका पूर्वमन्त्री झपट बोहराले प्रतिनिधिसभाको टिकट पाएका छन् । बोहराका मुख्य प्रतिष्पर्धी नेकपा एकीकृत समाजवादीका नेता एवं श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवर रहेका छन् । कुँवर सत्ता गठबन्धनका साझा उम्मेदवार हुन् । यसैगरी कैलाली निर्वाचन क्षेत्र नम्बर ४ मा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दुई चर्चित अनुहार चुनावी मैदानमा उत्रिएका छन् । सत्तारुढ गठबन्धनका तर्फबाट साझा उम्मेदवारको रुपमा नेपाली कांग्रेस सुदूरपश्चिम प्रदेश सभापति एवै पूर्वमन्त्री बीरबहादुर बलायर र नेकपा एमालेका सचिव एवं पूर्वमन्त्री लेखराज भट्ट मुख्य प्रतिष्पर्धी रहेका छन् ।

यी दुवै पूर्वमन्त्री चौथो पटक निर्वाचन लड्दैछन् । लेखराज गत निर्वाचनमा बाम गठबन्धनको सहयोगमा नेकपा माओवादी केन्द्रबाट सोही क्षेत्रबाट निर्वाचित भएका थिए । नेकपा विभाजन भएपछि भने भट्टले एमाले रोजेका थिए । यी दुबै पूर्वमन्त्रीबीच पनि कडा प्रतिष्पर्धा हुने अनुमान गरिएको छ ।

### कैलालीमा त्रिपक्षीय भिडन्त

यसैगरी सधैं चर्चामा रहिरहने कैलाली क्षेत्र नम्बर ५ मा त्रिपक्षीय प्रतिष्पर्धा हुने अनुमान गर्न थालिएको छ । सत्ता गठबन्धनबाट नेपाली कांग्रेसका डिल्लीराज पन्त चुनावी मैदानमा छन् । एमालेबाट पूर्वमन्त्री नारदमुनि राना उनका प्रतिष्पर्धी रहेका छन् ।

नेपाली कांग्रेसको कारबाहीमा परेका पूर्वमन्त्री पुष्करनाथ ओझाले पनि क्षेत्र नम्बर ५ बाटै स्वतन्त्र उम्मेदवारी दिएर चुनावी मैदानमा उत्रिएका छन् । ओझालाई नेपाली कांग्रेसले गत निर्वाचनमा आफ्नो उम्मेदवारलाई असहयोग गरेको भन्दै कारबाही गरेको थियो । यसअघि बाम गठबन्धनबाट एमालेका राना यस क्षेत्रबाट प्रधानमन्त्री पत्नी डा. आरजु राणा देउवालाई पराजित गर्दै विजयी भएका थिए ।

यसैगरी कैलाली क्षेत्र नम्बर १ मा पनि त्रिपक्षीय प्रतिष्पर्धाको आँकलन गरिएको छ । सो क्षेत्रमा सत्ता गठबन्धनबाट नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री रामजनम चौधरी उम्मेदवार रहेका छन् । नेकपा एमालेबाट तपेन्द्र रावल चुनावी मैदानमा छन् । रावल टीकापुर नगरपालिकाका निवर्तमान मेयर हुन ।

नागरिक उन्मुक्ति पार्टीबाट रेशम चौधरीकी पत्नी रञ्जिता श्रेष्ठ पनि कैलाली क्षेत्र नम्बर १ बाटै चुनावी प्रतिष्पर्धामा छिन् । हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा सो क्षेत्रमा पर्ने पालिकाहरुमा नागरिक उन्मुक्ति पार्टीले प्रमुख, अध्यक्ष/उपाध्यक्षसहित बहुसंख्यक वडाहरु जितेको छ । उक्त निर्वाचन क्षेत्रमा सत्ता गठबन्धन र नागरिक उन्मुक्ति पार्टीका उम्मेदवारबीच कडा प्रतिष्पर्धा हुने आँकलन गरिएको छ । यी दुबैको लडाईमा एमालेका उम्मेदवार बाजी मार्ने दाउमा देखिएका छन् । उक्त क्षेत्रबाट गत निर्वाचनमा राजपाबाट उम्मेदवार बनेर भारी मतान्तरले चुनाव जितेका रेशम चौधरी टीकापुर घटनाको मुख्य योजनाकार भएको अभियोगमा

### तीन पूर्वमन्त्री चुनावी मैदानमा

कञ्चनपुरमा तीन जना पूर्वमन्त्री सत्तारुढ गठबन्धनका साझा उम्मेदवार बनेका छन् । प्रतिनिधिसभाका तीन निर्वाचन क्षेत्र रहेको जिल्लामा सत्ता गठबन्धनबाट तीन पूर्वमन्त्री उम्मेदवार बनेका हुन् । नेकपा माओवादी केन्द्रकी नेतृ एवं पूर्वमन्त्री वीना मगर कञ्चनपुर क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभाकी उम्मेदवार रहेकी छन् । मगर सत्तारुढ गठबन्धनकी साझा उम्मेदवार हुन । मगरका प्रमुख प्रतिष्पर्धी नेकपा एमालेका नेता तारा लामा तामाङ रहेका छन् । तामाङ प्रदेशका पूर्वमन्त्री हुन् । गत निर्वाचनमा बाम गठबन्धनबाट संघीय संसदमा भारी मतले विजयी भएकी मगर त्यसैको निरन्तरताको दाउमा छिन् । यसैगरी कञ्चनपुर निर्वाचन क्षेत्र नम्बर २ बाट नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री एनपी साउँद सत्ता गठबन्धनका साझा उम्मेदवार रहेका छन् । साउँदका मुख्यप्रतिष्पर्धी नेकपा एमालेका केन्द्रीय सदस्य नरबहादुर धामी छन् । अघिल्लो निर्वाचनमा बाम गठबन्धनका उम्मेदवार रहेका एमालेका उम्मेदवार धामीले साँउदलाई पराजित गरेका थिए । नर्वाचन क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री रमेश लेखक सत्ता गठबन्धनबाट चुनावी मैदानमा छन् । उनका मुख्य प्रतिष्पर्धी नेकपा एमालेकी नेतृ निरुदेवी पाल रहेकी छन् । पाललाई राप्रपाको साथ रहेको छ । पाल यसअघि एमालेबाट समानुपातिक संघीय सांसद थिइन् ।

### दलका आ-आफ्नै दाबी

निर्वाचन जित्नेमा भने दलका नेताहरुको आ-आफ्नै दाबी रहेको छ । नेकपा एमालेका प्रदेश सचिव धर्मराज पाठकले आफ्नो दलका उम्मेदवारहरुले राष्ट्रिय स्वाधिनता, विकास र समृद्धि, राष्ट्रिय सामर्थ्यसहितको राजनैतिक शक्ति र राजनीतिक स्थिरता, सुशासन र समाजबादको मुद्दा लिएर जनतामाझ जाने भएकाले आफ्ना उम्मेदवारले निर्वाचन जित्ने दाबी गरे । उनले भने, ‘जनताले विकास र समृद्धि, राष्ट्रिय स्वाधिनताको पक्षमा लड्ने शक्तिलाई मत दिने भएकाले हाम्रा उम्मेदवारहरुले जित्नु हुन्छ । नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य एवं सुदूरपश्चिम प्रदेश सचिव दिनेशचन्द्र सुवेदीले संविधानको रक्षा र लोकतन्त्रको संरक्षणको लागि गठबन्धन भएकाले सत्ता गठबन्धनका उम्मेदवारले चुनाव जित्नेमा कुनै शंका नभएको बताए । उनले भने, ‘ यी कुरालाई लिएर जनतामाँझ जान्छौँ र अहिलेको परिस्थिति बारे जनतालाई बुझाउछौँ यो पनि गठबन्धनका उम्मेदवार चुनाव जित्ने आधार हो । सत्ता गठबन्धनका उम्मेदवारहरु लोकप्रिय रहेको दाबी पनि उनले गरे । उनले भने, ‘गठबन्धनको प्रतिबद्धता सकरात्मक छ, हाम्रा उम्मेदवारले चुनाव जित्नेमा विश्वस्त छु । विकास र समृद्धि पनि गठबन्धनका उम्मेदवारले जितेमात्रै प्राप्त हुने भएकाले जनताले गठबन्धनलाई जिताउने उनले दाबी गरे । नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले आफ्नो पार्टीले नेपालको राजनीतिको वैकल्पिक नेतृत्व गर्ने भएकाले आˆनो पार्टीलाई जनताले रोज्ने बताइन् । पहिचानवादी बहुसंख्यक बसोबास गर्ने क्षेत्र भएकाले आफ्नो जित हुने उनको दाबी छ । पहिचान सहितको संघीयता, प्रत्यक्ष कार्यकारी शासकीय प्रणालीलगायतको एजेण्डा लिएर आफ्नो पार्टी चुनावी मैदानमा भएकोले जनताले यी एजेण्डालाई साथ दिने उनले बताइन् । उनले संसदीय व्यवस्थामा एकै अनुहार लामो समयसम्म देखिरहेको, एकै अनुहार लामो समयसम्म रहने तर, सफल नहुने भएको र जनताले परिवर्तन चाहने भएकाले पनि आफ्नो पार्टीका उम्मेदवारलाई मत दिने दाबी गरिन् । राजनीतिक दलहरुले जेजस्तो दाबी गरे पनि कसले जनताको मन जित्न सक्छ र जित हासिल गर्छ भन्ने कुरा


## कानेपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बयरवन, मोरङ
प्रदेश नं. १, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट प्रकाशित E-Bidding सूचना बमोजिम को लागि बिधुतिय बोलपत्र प्रणाली मार्फत दाखिला भएका बोलपत्रहरुमध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ बमोजिम न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभाग्राहि देखिएको देहायको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम स्वीकृत गर्ने आशयको सूचना जारी गरिन्छ। यस सूचनामा चित्त नबुझ्ने कुनै बोलपत्रदाता भएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम यस आशयको सूचना जारी भएको मितिले ७ दिन भित्र पुनरावलोकनका लागि निवेदन पेश गर्नुहुन अन्यथा उक्त ऐनको दफा २७ बमोजिम बोलपत्र स्वीकृत हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाता | कबोल अङ्क (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| 1 | KRM/NCB/01/ GOODS/079/80 | SUPPLY OF OFFICE ITEMS AND MACHINERY EQUIP-MENTS AT KANEPOKHARI RURAL MUNICIPALITY, BAYARBAN, MORANG | CBS ENTERPRISES, ANAMNAGAR, KATHMANDU | 41,97,997.46 |
| 2 | KRM/SQ/02/GOODS/079/80 | FABRICATION OF STEEL PARTS AND TRANSPORTA-TION UPTO BRIDGE SITE OF KADIYA KHOLA TRUSS BRIDGE (32m) | HETAUDA FAB-RICATION AND GALVANIZING PVT. LTD., HETAUDA | 17,51,306.09 |

प्रमुख प्रशासकीय अधिकृत



प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
प्रदेश नं.१
विराटनगर, मोरङ्ग

### वोलपत्र स्विकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०७९-०७-०६)

यस कार्यालयबाट मिति २०७९-०५-२० गतेको सौर्य दैनिकमा प्रकाशित वोलपत्र आह्वानको सूचना अनुसार मिति २०७९-०६-२४ गते दिउसो १२:०० बजे सम्म www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका र सोहि दिन दिउसो १:०० बजे खोलिएका वोलपत्र हरु मध्ये तपशिल बमोजिमका वोलपत्र दाताहरुको वोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भइ स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| सि.न. | विवरण | छनौट गरिएको वोलपत्रदाताहरु | कवोल अंक (मु.अ.क.समेत) |
|---|---|---|---|
| 1 | Upgrading of Dhankute and Shiddhartha Marga, Dharan (IDO/MOR/NCB/RW-03/079-80) | M/S Ma Pokhariya Nirman Sewa,Siraha | 1,63,96,687.57 |
| 2 | Upgrading of Sardu Khola and Khaireni-Thingabari Road, Dharan (IDO/MOR/NCB/RW-04/079-80) | M/S Kamala Shanti Nirman Sewa Pvt. Ltd,Kathmandu | 1,54,09,691.09 |
| 3 | Upgrading of Bhumipath Road and Paradise Marga, Sunsari (IDO/MOR/NCB/RW-05/079-80) | M/S Saipal Construction and Suppliers Pvt Ltd, Barahakshetra,Sunsari | 1,65,51,348.23 |
| 4 | Upgrading of Dharan-11 Mangalbare Dharan-20 Bishnupaduka Bhanjyang Suryakunda Hudai Barachetra Road, Sunsari (IDO/MOR/NCB/RW-06/079-80) | M/S Tejeshwee Construction,Barju,Sunsari | 43,70,00,55.84 |
| 5 | Upgrading of Kharji bata Jola Tole Hudai Ikrahi Yadav Tole hudai Dawabandi Sadak, Biratnagar (IDO/MOR/NCB/RW-07/079-80) | M/S Ayush Nirman Sewa ,Biratnagar | 35,33,191.5 |
| 6 | Upgrading of Laxmaniya Tarigama Road , Jahada (IDO/MOR/NCB/RW-08/079-80) | M/S Ayush Nirman Sewa ,Biratnagar | 43,89,539.75 |
| 7 | Upgrading of Itahari Panmara Rajarani Road ,Itahari-3 (IDO/MOR/NCB/RW-09/079-80) | M/S Goodwill Construction,Gadi,Sunsari | 45,58,988.28 |
| 8 | Upgrading of Ganesh Baitha ko Ghar Dekhi Lakhantari Ananda Chowk Kusma Hudai Gadiya Chowk Singhiya Khola Sama ko Sadak, Dhanpalthan-3 (IDO/MOR/NCB/RW-10/079-80) | M/S Jay Construction,Rajbiraj,Saptari | 44,84,311.16 |
| 9 | Upgrading of Buddhiganga -2 Tankisunwari Sadak Bata Amrahi Hudai Sakma Sadak, Kathari-3 (IDO/MOR/NCB/RW-11/079-80) | M/S K.L Nirman Sewa ,Biratnagar | 81,04,446.22 |
| 10 | Upgrading of Road in Harinagara-2 (Bhutaha-7) (IDO/MOR/NCB/RW-12/079-80) | M/S Hoda Construction ,Harinagara,Sunsari | 67,74,772.02 |
| 11 | Upgrading of Kulung Marga ,Sunaulo Marga and Shanti Griha Marga, Dharan [illegible] | M/S New Thapa Nirman Sewa,Dharan,Sunsari | 1,11,74,443.15 |

# लोकतन्त्रको रक्षाका लागि गठबन्धन




■ कुमोद अधिकारी

विराटनगर । प्रधानमन्त्री एंव नेपाली कांग्रेसका सभापति शेरवहादुर देउवाले पाच दलिय गठवन्धन प्रती शंका उपशंका नर्गन आग्रह गरेका छन् ।

विराटनगरमा शनिबार आयोजित लोकतान्त्रिक वाम गठवन्धनको संयुक्त भेलालाई सम्बोधन गर्दै उनले संमावेशी संविधान र लोकतन्त्रको रक्षाका लागि वनेको गठवन्धन जनता र मुलुकको हितका लागि भएको प्रष्ट पारे ।

प्रधानमन्त्री देउवाले नेपाली कांग्रेस र नेकपा माओवादी दल बीच भएको बिस्तृत शान्ती समझौता १२ बुँदे सम्झौताकै कारण मुलुकमा स्थायी शान्ती तथा गणतन्त्र स्थापना भएको स्मरण गर्दै यो गठवन्धन पनि त्यसको निरन्तरता भएको बताए । सो अवसरमा प्रधानान्त्री देवाले नेपाली कांग्रेस पार्टी भित्र कुनै विवाद नरहेको र अहिले पार्टी एकतावद्ध भएर अघि वढिरहेको उल्लेख गर्दै मंसिर ४ गते हुने निर्वाचनलाई सफल बनाउन सवै एकतावद्ध भएर लाग्नुपर्ने बताए ।

विराटनगर विपि कोइराला र गिरिजाप्रसाद कोइरालाको भुमि भएकाले यस क्षेत्रका जनता प्रति आफ्नो सदैव सम्मान रहने उनले बताए ।

सो कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गठवन्धनमा सहभागी दलका नेताहरु बीच केहि समस्या भए ती समस्यालाई अहिले थाती राखेर एकतावद्ध भएर निर्वाचनको महासंग्रामा लाग्न सवैलाई आग्रह गरे ।

उनले मंसिर-४ गते हुन लागेको निर्वाचन आग्रगमन र प्रतिगमनका बीचको निर्वाचन भएकाले त्यो कुरालाई नेता तथा कार्यकर्तालाई जनतालाई वुझाउन सक्नुपर्ने बताए । मुलुकामा युगान्तकारी राजनीतिक परिवर्तन भए पनि जनताको आर्थिक अवस्था भने परिवर्तन हुन नसकेकाले अव राष्ट्र र जनताको हितका लागि काम गर्नुपर्ने वेला आएको बताए ।

सभामा गठबन्धन दलका नेता तथा नेकपा (एकिकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले गठवन्धन सत्ता प्राप्तिका लागि नभएर मुलुकको समवृद्धिका लागि भएको जिकीर गरे ।

सम्बोधनका क्रममा अध्यक्ष नेपालले अहिलेको अवस्थामा गठवन्धको महत्ववारे जनतालाई वुझाउन सक्नुपर्ने र गठवन्धन दलले जारी गरेको घोषणा पत्र जनताका घरदैलोमा लिएर जान गठवन्धनदलका नेता तथा कार्यकर्तालाई आग्रह गरे । मुलुकलाई सहि ट्र्याकमा ल्याउन पनि गठवन्धन जरुरी रहेको उनले बताए ।

कार्यक्रमा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले मुलुकमा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापित भइसेकाले यसलाई उल्टाउने सपना देख्ने कुचेष्टा कसैले पनि नगरुन भने ।

सभामा नेपाली कांग्रेसका केन्द्रिय सदस्या डा. शेखर कोइराला, कृष्णप्रसाद सिटौला नेपाली कांग्रेस प्रदेस १ का सभापती उद्धव थापा तथा नेकपा (एकिकृत समाजवादी) प्रदेस १ का अध्यक्ष वलदेव चौधरीले गठवन्धको आवश्यकता र औचित्य माथी प्रकाश पारेका थिए ।

# पुनहिलमा पर्यटकको भीड

■ सौर्य समाचार



गलेश्वर । म्याग्दीको पर्यटकीयस्थल घोरेपानी र पुनहिलमा पर्यटकको चहलपहल बढ्न थालेको छ । गत सातादेखि मौसममा आएको सुधारसँगै पुनहिलको भ्रमणमा जाने स्वदेशी एवम् विदेशी पर्यटकको संख्या वृद्धि भएको हो । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा अवस्थित पर्यटकीयस्थल घोरेपानी र पुनहिलमा पर्यटकको चहलपहल सुरु हुन थालेपछि होटल व्यवसायी उत्साहित बनेका छन् । दसैं र तिहार बिदाको सदुपयोग गर्न निस्केका आन्तरिक पर्यटकहरु प्राकृतिक सुन्दरतामा रमाउन पुनहिल पुग्न थालेका हुन् ।

विद्यालय र कलेज तिहारसम्म बिदा हुने भएकाले विद्यार्थीलाई घुम्न निस्कने राम्रो समय पनि अहिले हो । निरन्तरको वर्षाका कारण रोकिएका पर्यटक मौसममा सुधार आएसँगै यस क्षेत्रको भ्रमणमा आउने अन्तरिक तथा विदेशी पर्यटकको संख्यामा वृद्धि हुनथालेको होटल व्यवसायीले बताएका छन् ।

विश्वप्रसिद्ध चक्रीय अन्नपूर्ण पदमार्गले समेटिएको घोरेपानी र पुनहिल क्षेत्रमा पर्यटकको चहलपहल बढ्न थालेपछि होटल व्यवसायीहरु उत्साहित भएको घोडेपानी टोल सुधार समितिका अध्यक्ष विरेन पुनले जानकारी दिए । चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने पुनहिलबाट हिमशृंखला र सूर्योदयको सुन्दर दृश्य अवलोकन गर्न पाइन्छ । समुन्द्री सतहदेखि तीन हजार दुई सय १० मिटर उचाइमा पुनहिल छ । घोरेपानीदेखि पुनहिलसम्म पुग्न पदमार्ग निर्माण गरिएको छ ।

असोज महिनाको सुरुवातसँगै पर्यटकको आगमन बढेको घोडेपानी होटल व्यवस्थापन समितिका अध्यक्ष मीना पुनले बताइन् । पुनहिलमा बिहानीको सूर्योदयसँगै आँखैअगाडि देखिने हिमशृंखलाको अवलोकनका लागि पर्यटक पुग्ने अन्नपूर्ण गाउँपालिका-५ शिखका स्थानीय सुरेन गुरुङले बताए । चम्किला किरण छर्दै हिमालकै छेउबाट उदाउने सूर्योदयको दृश्यावलोकनसँगै पूर्वदेखि पश्चिमसम्म नै लहरै देखिने हिमचुचुरोको दृश्यले पर्यटक खुसी भएर फर्कने गरेको गुरुङले जानकारी दिए ।

पुनहिलबाट आठ हजार मिटरभन्दा अग्ला मनास्लु, अन्नपूर्ण र धौलागिरि हिमालको रेञ्जमा पर्ने झन्डै २० भन्दा बढी हिमचुचुरालाई नजिकबाट नियाल्न सकिन्छ । 'दसैंसँगै प्रतिदिन तीन सय ५० जनासम्म विदेशी पर्यटक घोरेपानी भित्रिएको हाम्रो अभिलेख छ। धेरैजसो पर्यटक घान्द्रुक एवं अन्नपूर्ण बेसक्याम्प (एबिसी) बाट फर्कने वा पोखराबाट घोरेपानी आएर घान्द्रुक वा एबिसीतिर जाने गरेका छन्,' प्रहरी सहायक निरीक्षक सन्तोष भुसालले बताए ।

घोरेपानीमा सानाठूला गरी ३० होटलमा चार सय शय्या छन् । अन्नपूर्ण फन्को मार्न र दसैंतिहारको छुट्टी मनाउन आएका आन्तरिक पर्यटकको भीडले तातोपानीका होटल तथा गेस्ट हाउस पनि खचाखच भएका हुन् ।


## गढी गाउँपालिका

**गाउँपालिकाको कार्यालय**
**औराबानी, सुनसरी**
**१ नं. प्रदेश, नेपाल**

## उपभोक्ता सचेतनासम्बन्धी गढी गाउँपालिकाको सूचना

■ सुरक्षीत रहौं ■ रोकथाम गरौं ■ नियन्त्रण गरौ

- डेंगी-रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।
- थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।
- डेंगीको लक्षणहरु: उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता विमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन ।

■ डेंगीबाट बच्ने उपायहरु :

- एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि विहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने।
- आफ्नो घर परिपरि, कार्यस्थल र सार्वजनिक ठाउँहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडोलाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।
- दिउँसो पनि लामखुट्टे भगाउने धुप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
- विहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।
- पुरै शरिर ढाक्ने लुगा लगाउने ।





## Kanepokhari Rural Municipality

**Office of Rural Municipal Executive**
**BAYARBAN, MORANG**

## Invitation for E-bid Only

**First Date of Publication: 2079/07/06 (23 OCT 2022)**

**IFB NO: KRM/NCB/02/GOODS/079/80**

1. Kanepokhari Rural Municipality, Bayarban, Morang has allocated funds towards the supply of mentioned items in the table and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. Kanepokhari Rural Municipality invites E-bid from eligible bidders for following works under Sealed Quotation. The bidding procedure will be Single Stage Single Envelope. The bidding procedure will be e-bidding only.
3. Information to deposit the cost of bidding document in Bank:
   Rajaswa Khata No. (Revenue Account)
   Office Name: Kanepokhari Rural Municipality, Bayarban, Morang
   Bank Name: NIC Asia Bank
   Bank Address: Ramailo Branch
   Account Number: 133CA50021460002 (Rajaswa)
   For Security Deposit (Dharauti Khata) No.: D3CA000455752407
   Eligible Bidders may obtain further information and inspect and inspect the Bidding Documents at the office of Kanepokhari Rural Municipality, Bayarban, Morang.
4. Pre-bid meeting shall be held at Kanepokhari Rural Municipality, Bayarban, Morang, 2079/07/28 (2022 NOV 14) - 14:00 hrs.
5. The bidders shall submit their bid before 2079/08/06 (2022 NOV 22) 12:00 hrs. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079/08/06 (2022 NOV 22) 13:00 hrs. at the office of Kanepokhari Rural Municipality, Bayarban, Morang.
6. Bid security must be valid for a period of 120 days as stated below for after bid opening and must be accompanied by a bid amounting to a minimum of as specified below which shall be valid for 30 days beyond the validity period of the bid after deadline of Bid submission date.
7. If the last date of Bid Opening Day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders may submit modification or withdrawal prior to the deadline of bid submission. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
9. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
10. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

| Contract No. | Descriptions of Works | Minimum Bid security NRs. | Price of Bid Document NRs. |
|---|---|---|---|
| KRM/NCB/02/ GOODS/079/80 | SUPPLY OF MEDICAL EQUIPMENTS AT KANEPOKHARI HOSPITAL, BAYARBAN, MORANG | 36,00,000.00 | 3,000.00 |

**CHIEF ADMINISTRATIVE OFFICER**

# महिला स्वास्थ्य स्वयंसेविकालाई साइकल



■ सौर्य समाचार

लम्की । कैलालीको लम्कीचुहा-१ को कार्यालयले वडाअन्तर्गतका ११ महिला स्वास्थ्य स्वयंसेविकालाई साइकल वितरण गरेको छ ।

स्थानीयस्तरको स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेविकाले निर्वाह गरेको भूमिकाको उच्च कदर गर्दै उनीहरुको सम्मानस्वरुप साइकल वितण गरिएको लम्कीचुहा नगरपालिका-का वडाध्यक्ष नेत्रप्रसाद खनालले बताए ।

गर्भवतीदेखि सुत्केरी हुँदासम्म नवजात शिशुको नियमित खोपदेखि कोभिड-१९ को महमारी र हाल डेंगु नियन्त्रणको लागि गाउँघर र टोलटोलमा महिला स्वास्थ्य स्वयंसेविकाले निर्वाह गरेको भूमिकाको जति प्रशंसा गरे पनि कम हुने उनले बताए ।

लम्कीचुहा स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षिक तप्त भण्डारीले स्वास्थका आधारस्तम्भ भनेको नै महिला स्वास्थ्य स्वयंसेविका भएको बताए । मातृशिशु मृत्युदर घटाउन र सरुवा रोगबाट बचाउन प्रमुख भूमिका नेपालमा महिला स्वास्थ्य स्वयंसेविकाको नै रहेको उनले बताए ।

दिनरात नभनी आफ्नो सेवामा निरन्तर लागि रहेका स्वास्थ्य स्वयंसेविका वडा कार्यालयबाट साइकल पाएपछि हर्षित भए । वडा नम्बर १ अन्तर्गतका ११ स्वास्थ्य हजार रुपैयाँ बराबरको साइकल खरिद गरी वितरण गरेको थियो । साइकल पाइसकेपछि स्वास्थ्य स्वयंसेविकाको संयोजक पार्वती बजगाईले वडा कार्यालयलाई धन्यवाद दिँदै आगामी दिनमा आफूहरुको मनोबल बढाउने कार्यक्रम गर्न आग्रह गरिन् । दश वटा वडा रहेको उक्त नगरपालिकामा ९१ महिला स्वास्थ्य स्वयंसेविका कार्यरत छन्

## कोसिसले बाड्यो एघार लाख बीउ पुँजी

■ सौर्य समाचार



तनहुँ । मानसिक स्वास्थ्य समस्या भोगेका व्यक्तिको जीविकोपार्जन सहज बनाउन ११ लाख रुपैयाँ बीउ पुँजी सहयोग उपलब्ध गराइएको छ । जिल्लामा ११ वटा स्वाबलम्वन समूहलाई ७५ हजारदेखि एक लाख २० हजार रुपैयाँ सम्म बीउ पुँजी सहयोग गरिएको हो । तनहुँलगायत १६ जिल्लामा मानसिक स्वास्थ्य सेवालाई प्राथमिकता दिएर काम गर्दै आएको कोसिस संस्थाका परियोजना जिल्ला संयोजक महेन्द्र आचार्यले बीउ पुँजी उपलब्ध गराएको जानकारी दिए । तनहुँमा सन् २०१५ देखि सुरु गरी २०२३ डिसेम्बरसम्म काम गर्नेगरी उक्त संस्थासँग सम्झौता भएको बताइएको छ ।

मानसिक स्वास्थ्यलाई प्राथामिक स्वास्थ्य सेवा गर्दै आएको कोसिस तनहुँले मानसिक समस्या भएका एक हजार व्यक्तिलाई पहिचान गरी नि:शुल्क सेवा प्रदान गरेको छ । गत वर्ष उनीहरूको नि:शुल्क औषधि उपचार गरी स्वास्थ्यमा सुधार आएपछि यस वर्ष मनोपरामर्श सेवा प्रदान गर्दै आएको सो संस्थाले जनाएको छ ।

मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिप्रति हुने सामाजिक अवरोध हटाउन समुदाय सचेतीकरण एवं सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्दै आएको छ। उक्त संस्थाले गोरखा, लमजुड, गोरखा र कास्की गरी चार जिल्लामा मानसिक समस्यामा रहेका व्यक्ति र समुदायमा काम गर्दै आएको छ । जिल्लाका ३१ वटा सामुदायिक विद्यालय छनोट गरी विद्यार्थी, अभिभावक, शिक्षकलगायतका गरी करिब चार हजार जनालाई मनोपरामर्श सेवा प्रदान गर्दै आएको मनोविद् सीता भण्डारीले जानकारी दिइन् ।

त्यसैगरी भानु नगरपालिका र बन्दीपुर गाउँपालिकाका गरी २६ जना स्वास्थ्यकर्मीलाई मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिको पहिचान गरी आधारभूत स्वास्थ्य सुविधा प्रदान गर्ने विषयमा तीन दिनको तालिम प्रदान गरेको उनले बताइन् ।

## सयपत्रीद्वारा दुई दम्पती श्रष्टालाई सम्मान



■ सुकदेव थपालिया

काभ्रे । महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११४ औँ जन्मजयन्तीको अवसरमा सयपत्री प्रतिष्ठानले दुई दम्पती श्रष्टालाई सम्मान गरेको छ ।

काभ्रेको जनागालमा २०५१ सालमा स्थापना भएको सो साहित्यक प्रतिष्ठानले सयपत्री राष्ट्रिय सम्मान २०७९ बाट बरिष्ठ लेखक साहित्यकार स्नेह सायमी, उनकी श्रीमती लक्ष्मी माली र बरिष्ठ चिकित्सक तथा साहित्यकार डा. सुमनराज ताम्राकार, उनकी श्रीमती चण्डेश्वरी श्रेष्ठ ताम्राकारलाई नगद ५ हजार रुपैयाँ सहित सम्मान पत्रले सम्मान गरेको हो । कार्यक्रममा बिशेष अतिथि बरिष्ठ लेखक तथा साहित्यकार प्रा.डा द्वय रामप्रसाद दाहाल र जीवेन्द्रदेव गिरी थिए ।

कार्यक्रममा सभापतित्व गर्दै सम्मानबारे बरिष्ठ साहित्यकार मोहन दुवालले सम्मानित श्रष्टाहरुको जीवनी र योगदानको चर्चा गरेका थिए । कार्यक्रममा बनेपा नगरपालिका वडा न १० का वडाध्यक्ष चन्द्रबहादुर खड्का प्रतिष्ठानका अध्यक्ष राजेन्द्र श्रेष्ठ रेडक्रसका यादव थापा, महेन्द्र विष्ट, डा. श्याम भट्टराई, त्रिरत्न रंजितकार स्थानिय श्रष्टाहरु लगायत उपस्थिति थिए । कार्यक्रममा प्रतिष्ठानका कोषाध्यक्ष शुसिला श्रेष्ठ र मञ्जु तिमल्सिनाले उपस्थितहरुलाई फुलमालाले स्वागत गरेका थिए ।

कार्यक्रममा भर्खरै मात्रै निधन भएका संस्कृतविद् सत्यमोहन जोशी र संस्थाका संस्थापक अध्यक्ष कृष्णकुमार केसीको तश्वीरमा माल्यार्पण गर्दै श्रद्धाञ्जली अर्पण गरिएको थियो । साहित्यकार रामसुन्दर देउजाले सञ्चालन गरेको कार्यक्रममा लक्ष्मी प्रसाद देवकोटाको योगदान र उनले खेलेको भूमिका माथी चर्चा समेत गरिएको थियो ।

कार्यक्रममा उपस्थित आधा दर्जन काभ्रेका श्रष्टाहरुले कविता तथा रचना वाचन गरेका थिए । सयपत्रीले २०५७ बाट हालसम्म ६० जना श्रष्टाहरुलाई सम्मान गरिसकेको र भावी दिनमा पनि योगदान पुराईरहेका श्रष्टाहरुको छनोट गरी सम्मान कार्यक्रम जारी राखीने आयोजकले जनाएको छ । दम्पत्ती श्रष्टालाई सम्मान कार्यक्रम भने ०७४ बाट गरिँदै आएको बताइएको छ ।


**Invitation for Online Bids**
**Thakre Rural Municipality**
Office of the Rural Municipal Executive
Mahadevbesi,Dhading
Bagmati Province, Nepal

**Invitation for Online Bids for the upgrading of different roads**

**Date of Publication: 2079-07-06**

1. Thakre Rural Municipality has allocated funds to cover eligible payment under the contract for upgrading of roads mentioned below.

| S.NO. | Contract ID No. | Project Name | Estimated cost (without VAT & PS) (NRS) | Bid Security amount (NRS) | Bid document fee (NRS) |
|---|---|---|---|---|---|
| 1 | 01/NCB/WORKS/ THAKRE/2079/080 | Mahadevbesi Hapsechaur Sadak Woda no 6 | 17058617.54 | 5,20,000/- | 3000/- |
| 2 | 02/NCB/WORKS/ THAKRE/2079/080 | Aath killa Chiuripati Sadak | 17064592.38 | 5,20,000/-- | 3000/- |
| 3 | 03/NCB/WORKS/ THAKRE/2079/080 | Dharekhola Bhujelgaun Batase Acharya Pokhari Pandit Pauwa sadak | 16221672.60 | 4,90,000-- | 3000/- |

2. Thakre Rural Municipality invites online bids under e-procurement system from eligible bidders for the procurement of Roadway excavation, construction of roadside drain, cross drainage, retaining structures, laying of sub-base, base, premix Carpeting etc
3. Eligible Bidders may obtain Further information and inspect the bidding document at the office of Thakre Rural Municipality, Dhading , Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
4. Pre-bid meeting shall be held at Thakre Rural Municipality, Dhading Nepal at 2079-07-27 13:00 hours.
5. Bidding documents is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp Intrested Bidders should register in the e-GP system and deposit the cost of bidding document 3000.0 NRs in the following specified bank.
   Name of the Bank : Prabhu Bank Ltd., Mahadevbesi Branch
   Name of the office : Thakre Rural Municipality
   Office account no : 0510101118900121
   6. Intrested Bidder should submit online Bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2079-08-06 12:00. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Opening guidelines 2073 and User manuals issued by PPMO which are available in e-GP System.
7. Online bid shall be opened in the presence of bidders who choose to attend on 2079-08-06 14:00 hours at the Thakre Rural Municipality, Dhading, Nepal. Online bids must be valid for a period of 90 days accounting from the day of bid opening and must be accompanied by bid security, as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period or may deposit a sum of above mentioned amount on Thakre Rural Municipality, Dharauti Account no: 0510101118900041 on account Maintained at Prabhu Bank, Mahadevbesi, Dhading. The scan copy of bid security or cash deposit Voucher should be uploaded in e-GP system during Bid Submission.
8. If the Office happens to be closed on the date of opening of the bid is specified, the bid will be opened on the next working day at the same time and venue.
9. The employer reserves the right to accept or reject wholly or partially any or all the bid without assigning reason whatsoever.



**Lumbini Province**
**Road Infrastructure Development Office,**
Bardiya, Nepal

**Invitation for Bids**

**IFB No:02/079-80**

**(First date of Publication: 6th Kartik 2079 (23rd Oct, 2022)**

1. Road Infrastructure Development Office, Bardiya invites **only electronic bids** from eligible bidders for the construction of the contract mentioned in table below:

| S. N. | Name of Works | Contract ID | Amount Excluding VAT & PS | Bid Fee | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1. | *Gulariya Na.Pa. 11 Lalpur Hasmat Saiko Ghar dekhi Dhure Chamarko Ghar Samma Sadak Stronnati* | *RIDO/BARDIYA/W/NCB/ ROAD/17/079-80* | 9,30,000.00 | NRs. 3000 for Each Contract | 27,500.00 |
| 2. | *Gulariya Na.Pa. 4 Rambazzar Khanepani Tyanki dekhi Samabesi Tole Samma Culvert Sahit Sadak Stronnati* | *RIDO/BARDIYA/W/NCB/ ROAD/18/079-80* | 9,30,000.00 | | 27,500.00 |
| 3. | *Ganga Bastiko Tikaram Tharuko Ghar bat Chanchal Dangi Chowk Hudai Ring Road Sadak Stronnati Madhuwan-7* | *RIDO/BARDIYA/W/NCB/ ROAD/19/079-80* | 11,85,000.00 | | 35,000.00 |
| 4. | *Bhatta Tole Dekhi Katbajiyan Tole jane sadak ma Culvert Nirman Rajapur-4* | *RIDO/BARDIYA/W/NCB/ ROAD/20/079-80* | 12,70,000.00 | | 37,500.00 |
| 5. | *Pusplal Sadak Dadhiram Tiwari Dambar Chhetri Liladhar B.K. Pusplal Sadak Samma Sadak Stronnati* | *RIDO/BARDIYA/W/NCB/ ROAD/21/079-80* | 12,70,000.00 | | 37,500.00 |
| 6. | *Murkatta Nalama Culvert Nirman (Ittabhatta Tole ra Karbajiyan Tole Jodne) Rajapur-4* | *RIDO/BARDIYA/W/NCB/ ROAD/22/079-80* | 16,94,522.85 | | 50,000.00 |
| 7. | *Milan Chowk Kantipur Jodne Sadak Stronnati Gulariya-11* | *RIDO/BARDIYA/W/NCB/ ROAD/23/079-80* | 16,95,600.56 | | 50,000.00 |
| 8. | *Oda Karyalaya Pahuch Marg Stronnati Gulariya oda no 12 Naya Bato dekhi Kalikanagar* | *RIDO/BARDIYA/W/NCB/ ROAD/24/079-80* | 16,94,473.49 | | 50,000.00 |
| 9. | *Hulaki Sadak Kotahi School Chowk Purba Sadak Stronnati Gulariya-4* | *RIDO/BARDIYA/W/NCB/ ROAD/25/079-80* | 16,96,203.19 | | 50,000.00 |
| 10. | *Koili Chowk Krishanasar Sadak Nirman Gulariya-4* | *RIDO/BARDIYA/W/NCB/ ROAD/26/079-80* | 21,20,000.00 | | 62,500.00 |
| 11. | *Hulaki Sadak Dakshin Rajendra Chhetriko Ghar Hudai Pujantaliya Simara Tamaulipur Sadak Badhaiyatal-3* | *RIDO/BARDIYA/W/NCB/ ROAD/27/079-80* | 42,50,000.00 | | 1,25,000.00 |
| 12. | *Balapur Jho.Pu. Sanrakshan Karya, Bardiya* | *RIDO/BARDIYA/W/NCB/ ROAD/28/079-80* | 33,90,000.00 | | 1,00,000.00 |

2. Interested eligible bidders may obtain further information from Road Infrastructure Development Office, Bardiya or may visit E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp.

# आयआर्जनको माध्यम, 'होम-स्टे'



■ डम्मर बुढा मगर

ढोरपाटन । चार वर्षअगाडि बागलुङको धम्जाका महिला घरायसी काममा तल्लीन हुन्थे । घरमा कोही नयाँ पाहुना आउँदा पनि बोल्न अप्ठ्यारो मान्थे । घाँस, दाउरा र मेलापात गरेरै जीविकोपार्जन गर्दै आएका महिलाहरुको दैनिकी अहिले पूरै फेरिएको छ । उनीहरुको दैनिकी मात्रै फेरिएको छैन, जीवनस्तर नै बदलिएको छ । काठेखोला गाउँपालिका-३ मा पर्ने धम्जा ओखले गाउँ पर्यटकीय हिसाबले निकै मनमोहक भएको हुँदा स्थानीयले २०७५ सालमा घरबास (होम-स्टे) सञ्चालन गरे ।

घरबास सञ्चालनपछि यहाँका महिला स्वरोजगार बन्नाका साथै दैनिकी र जनजीवनसमेत परिवर्तन भएको छ । सुरुमा घरबास सञ्चालन गर्न समस्या भयो तर पछि जान्दै, बुझ्दै र सिक्दै गएपछि उनीहरुमा निकै परिवर्तन आयो । नयाँ मान्छे आउँदा बोल्न नसक्ने महिलाहरुले नेतृत्व विकास गरेर घरबासमा आउने पाहुनाको व्यवस्थापन उनीहरु आफैँ गर्छन् । खाना, बस्न र नाचगान गरेर मनोरञ्जन दिने कामसमेत हुँदै आएको छ ।

घरबास सञ्चालक माया पुन घर्तीले भनिन्, 'होम-स्टे सञ्चालनमा आएपछि गाउँका आमा, दिदीबहिनीको चालचलन, बोलीचालीसँगै जीवनशैली पनि फेरिएको छ, पहिले चुलोचौकोमै सीमित हुने हामीहरु गाउँ समाजमा आफ्ना कुराहरु राख्न सक्दैनथ्यौँ, अहिले बोल्न सक्ने भएका छौँ, सुरु-सुरुमा त गाह्रो भयो, पाहुनाले भने जस्तो खानपान बनाउन सकिएन कि भन्ने हुन्थ्यो, अहिले धेरैले राम्रो भएको छ भन्दा खुसी लाग्छ, अझै सिक्ने क्रममा छौँ, जति सक्दो पाहुनालाई खुसी बनाउने प्रयास गरेका छौँ ।'

उनले घरबासलाई व्यावसायिक रुपमा विकास गरिरहेकोले व्यवस्थापनलाई थप व्यवस्थित गरिरहेको बताइन् । घरबास आफूहरुको आयस्रोतको माध्यम बन्नाका साथै गाउँको प्रचारप्रसारसमेत भइरहेको उनले सुनाइन् ।

पर्यटकीय हिसाबले धम्जा ओखले गाउँले निकै सम्भावना बोके पनि ओझेलमा परेको हुँदा यसको विकास गर्न आफूहरु जुटिरहेको उनले बताइन् । 'होम-स्टे सञ्चालन भएपछि हाम्रो गाउँको प्रचारप्रसार भइरहेको छ, पर्यटकीय सम्भावना बोकेको हाम्रो गाउँलाई विकास गर्नुपर्छ भन्ने लक्ष्य राखेर काम गरेका छौँ, गाउँका महिला दिदीबहिनी एकताबद्ध भएर लागेका छौँ, बिस्तारै व्यावसायिक बन्दै पनि छौँ,' घर्तीले भनिन्, 'होम-स्टेले गाउँलेलाई एकताबद्ध बनाउनाका साथै सामाजिक कार्यमा लाग्न प्रेरित गरेको छ ।'

स्थानीय पुस्पा छन्त्यालले घरबासले महिलाको दैनिकी र जीवनशैलीमा परिवर्तन ल्याएको बताइन् । गाउँ घरबास सञ्चालन गर्नुपूर्व आफूहरुले घाँसदाउरा गर्ने, पशुचौपाया पाल्ने र मेलापात गरेर जीविका निर्वाह गरेको उनले स्मरण गरिन् । घरबास महिलाको आयआर्जनको स्रोत बनिरहेको उनले सुनाइन् ।

उनले भनिन्, 'पहिले हाम्रो दैनिकी घाँसदाउरा र मेलापात गर्दैमा बित्ने गर्थ्यो, अहिले मेलापातमा मात्रै सीमित हुन परेको छैन, घरमा पाहुनालाई परिकार बनाएर खुवाउने, हाम्रो कलासंस्कृति देखाउने गरेर बित्छ, यसबाट आम्दानी राम्रो भएको छ ।'

छन्त्यालले घरबास सञ्चालनमा आएको छोटो समयमै धेरै पर्यटक भित्र्याउन सफल भएको र आफ्ना गतिविधि र चालचलनमा परिवर्तन भएको बताइन् । धेरैभन्दा धेरै पाहुना भित्र्याउने र उनीहरुलाई सन्तुष्ट बनाउने तथा स्थानीय गीतसंगीत र नाचले मनोरञ्जन दिन आफूहरु निरन्तर लागिपरेको उनले बताइन् ।

'हाम्रा लागि होम-स्टे सञ्चालन गर्नु बिल्कुलै नयाँ काम हो, नयाँ अनुभव हो, हामीले गर्नुपर्ने र सिक्नुपर्ने काम धेरै छन्, केही कमीकमजोरी पाहुनाहरुले पनि औँल्याइदिनुहुन्छ, सुधार गरिरहेका छौँ,' छन्त्यालले भनिन्, 'पाहुनाले हामीबाट केही नयाँ कुरा सिक्नुहुन्छ भने हामीहरुले पनि उहाँहरुबाट नयाँ कुराहरु सिकिरहेका छौँ, यसले यहाँ धेरै परिवर्तन हुँदै गएको छ ।'

गाउँलाई पर्यटकीय केन्द्रका रुपमा विकास गर्न र महिलालाई व्यवसायसँग जोड्न चार वर्षपहिले 'बेलढुंगा सामुदायिक होम-स्टे' स्थापना गरेको अध्यक्ष गोपाल श्रीसले बताए । पर्यटकीय क्षेत्र बेलढुंगाको काखमा रहेको धम्जा ओखले गाउँ सम्भावना बोकेको ठाउँ हुँदा आफूहरु सक्रिय रुपमा लागेको श्रीसले बताए ।

'हाम्रो उद्देश्य गाउँलाई पर्यटकीय क्षेत्र बनाउने र महिला दिदीबहिनीको नेतृत्व विकास गरी व्यावसायिक बनाउने थियो, चार वर्षमा दिदीबहिनीमा निकै परिवर्तन आएको छ, होम-स्टे राम्रै चलेको छ,' अध्यक्ष श्रीसले भने, 'पहिले उहाँहरु राम्रोसँग बोल्न सक्नु हुँदैनथ्यो, नेतृत्व विकास भएको थिएन, अहिले निकै 'फर्वाड' हुनुभएको छ ।'

गाउँको १२ घरमा घरबास सञ्चालनमा रहेको छ । हामेस्टे सञ्चालन गर्न हालसम्म १८ लाख अनुदान प्राप्त भएको छ । गण्डकी प्रदेश सरकारले सहयोग गरेको उक्त रकमबाट भान्साकोठा, शौचालय, सभा हल निर्माण गरिएको छ ।

'पाहुनाहरुको आगमन राम्रो छ, बर्खामा अलिकति समस्या भयो, गाउँ आउने बाटो कच्ची हुँदा बर्खाभरि गाडी चल्दैनन्, त्यसले गर्दा पाहुना भित्र्याउन सकिएन, यस वर्षको बर्खामा दुईजना विदेशी पर्यटकलाई १० दिन राखियो, अरू बाटोका कारण आउन सक्नु भएन,' उनले भने, 'बाटो राम्रो भएको बाह्रै महिना यहाँ पाहुना आउन सक्नुहुन्थ्यो ।'

घरबासमा आउने पाहुनलाई धम्जा ओखलेमा उत्पादन हुने कोदो, फापर र आलुबाट बनाइएका परिकार तथा स्थानीय कुखुरा, खसी बोका, गुन्द्रुक लगायतका स्वादिष्ट परिकार खुवाउने गरेको उनले बताए ।

# गाईपालनले बनायो आत्मनिर्भर

■ सौर्य समाचार

दोधारा चाँदनी । कञ्चनपुरको कृष्णपुर नगरपालिका-२ वाणीका कमला जोशीलाईगाईपालन गरेपछि अरूसँग आर्थिक सहयोग माग्नु परेको छैन ।

केही खर्च गर्नु परे पनि श्रीमानको तलब कुर्नुपर्ने भएपछि उनले गाईपालन गर्ने योजना बनाइन् । भूमिराज कृषि तथा पशुपालन फार्म दर्ता गरेर एक लाख रुपैयाँमा पाँच गाई खरिद गरेर व्यावसायिक रुपमै गाईपालनमा लागेकी उनी अहिले लाखौँको कारोबार गर्छिन् । 'श्रीमान् ट्रक चलाउनुहुन्छ सानोतिनो केही खर्च गर्न श्रीमानकै तलब कुरेर बस्नुपर्ने भएपछि गाईपालन गर्ने सोच बनाएकी हुँ,' उनले भनिन्, 'अहिले दूध बेचेर घरखर्च चलाउन सक्ने भएकी छु ।' पाँचवटा गाईबाट सुरुआत गरेकी उनले गाईपालनमा राम्रो सम्भावना देखेपछि व्यवसाय बढाउँदै गइन् । घर छेउमै वार्षिक एक लाख २० हजारमा दुई बिघा जग्गा भाडामा लिएर घाँसखेती गरिन् । अहिले उनको फार्ममा २५ गाई छन् । उनले दैनिक ७० देखि ८० लिटर दूध बिक्री गर्ने गरेको बताइन् । 'दूध बिक्री गर्न अत्तिरिया बजारसम्म आफैँ स्कुटर चलाएर जान्छु,' उनले भनिन्, 'स्थानीय बजारमा पनि दूध खपत हुन्छ तर म दुग्ध विकास संस्थानको अत्तरियास्थित संकलन केन्द्रमा पुऱ्याउँछु ।'

एक लाख रुपैयाँबाट सुरु गरेको व्यवसायमा अहिले उनी मासिक लाखभन्दा बढीको कारोबार गर्छिन् । 'घरमा बिना काम बस्नुभन्दा त केही गरौँ भन्ने आँट गरेर व्यवसाय सुरु गरेकी हुँ अहिले श्रीमानले पनि सघाउनु हुन्छ,' उनले भनिन्, 'मासिक १५ हजार तलब दिने गरी दुई कामदार छन्।' उनले फार्ममा काम गर्ने कामदार नपाउँदा समस्या हुने गरेको गुनासो गरिन् । 'गाई थप गर्ने योजना थियो एक्लै सकिँदैन कामदार पाउन मुस्किल पर्छ,' उनले भनिन्, 'आँट गरेर केही काम गरे सफल भइने रहेछ ।' अहिले उनले गाईसँगै बाख्रापालनसमेत गरेकी छन् । बाख्रापालनमा समेत राम्रो सम्भावना देखेर आधुनिक खोर निर्माण गरी बाख्रापालन गर्ने योजना छ उनको । 'अहिले २० वटा छन्, पछि बाख्रा थप्ने योजना बनाएकी छु,' उनले भनिन्, 'हामीले जति मेहनत गरे पनि मूल्यांकन हुँदैन ।'

उनले गाउँमा दुईचार गाई पाल्नेले सरकारबाट लाखौँको अनुदान लिने गरेको व्यावसायिक रुपमा लाग्नेहरुलाई कतैबाट सहयोग नभएको गुनासो गरिन् । 'कृषि काम गर्नेलाई अनुदान दिने कुरा समाचारमा धेरै सुने अहिलेसम्म कतैबाट सहयोग भएन,' उनले गुनासो गरिन, 'हामी काम गर्नेलाई त वडामा बजेट आएको पनि थाहा हुँदैन ।'


## Invitation for Bids

Government of Nepal

**Salpasilichho Rural Municipality, Bhojpur**

Invitation for Bids No.: SRM/RC/NCB/01/079/080

**Date of publication: 23-10-2022 00:000**

1. Salpasilichho Rural Municipality, Bhojpur invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Yangma Okharbote Motorbato Nirman under National Competitive Bidding procedures.
   The estimated amount for the works is Rs. (in NRs) 5753938.16 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Salpasilichho Rural Municipality, Bhojpur, Province One, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) Rs. 3000/- of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Nabil Bank Ltd.
   Name of Office: Salpasilichho Rural Municipality, Bhojpur
   Office Code no :
   Office Account no: 21601017500040, Account Name : Ga 1-1, Aantarik Rajaswa Khata
   Rajaswa (revenue) Shirshak no.:
4. Pre-bid meeting shall be held at Salpasilichho Rural Municipality,
   Bhojpur
   Province One
   Nepal at 10-11-2022 13:00hours.
5. Scaled or electronic bids must be submitted to the office Salpasilichho Rural Municipality, Bhojpur, Province One, Nepal by hand/courier or through PPMO website: www.bolpatra.gov.np/egp on before 21-11-2022 17:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 22-11-2022 13:00 at the office of Salpasilichho Rural Municipality, Bhojpur, Province One Nepal. Bids must be valid for a period of 90 days after bid opening and trust be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 195000.0, which shall be valid for 30 days beyond the validity period of the bid.

## Invitation for Bids

**Office of Mahagadhimai Municipality**

**Bariyarpur, Bara**

**Madhesh Province, Nepal**

**Invitation for Bids for the: Construction of 15 bed hospital at Mahagadhimai Municipality, Bara**

**Contract Identifications No. NCB/Mahagadhimai/ Munic./ Hospital /01/079/080.**

**Invitation for Bids No: _Hospital/01/079/080**

**Date of publication: 2079/07/06(BS) , 2022/oct/23 (AD)**

1. **The Mahagadhimai Municipality Bariyarpur, Bara** towards the cost of ***Construction of 15 bed hospital at Mahagadhimai Municipality, Bara*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for Contract Identifications No. NCB/Mahagadhimai/ Munic./ Hospital /01/079/080.*** Bidding is open to all eligible as per Section V of bidding document.
2. **The Mahagadhimai Municipality Bariyarpur, Bara** invites sealed bids or electronic bids from eligible bidders for the construction of ***Construction of 15 bed hospital at Mahagadhimai Municipality, Bara*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs.101.00 Million
   - Minimum Work experience of similar size and nature: at least 1 (one ) Contract of Hospital Building (15 beds or above) Construction within the last ten (10) years, with contract value of at least NRs 80.5 Million (without VAT) that have been successfully or are substantially completed.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Mahagadhimai Municipality Bariyarpur, Bara,*info@mahagadhimaimun.gov.np and mobile no 9855977111*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document **NRs 10000.00** in the following specified bank.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rastriya Banijya Bank Ganjbhawanipur
   Name of Office : Mahagadhimai Municipality,Bariyarpur, Bara
   Office Code no. : ………………Office Account no.: 1390100301010005
   Rajaswa (revenue) Shirshak no. : Ga 1.1 Antarik Rajeswo khata Mahagadhimai
6. Pre-bid meeting shall be held at office the **Mahagadhimai Municipality Bariyarpur, Bara,**at **Date:*-2079/07/25 (BS) Time 11:00AM***
7. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before **12:00 hrs on 22th November, 2022(B.S. 2079/08/06).** Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 issued by PPMO which are available in e-GP system.
8. Online bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on **22th/ November, 2022(B.S. 2079/08/06)**..at the office specified above. Bids must be valid for a period **of 120 days after** bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs. 3351000/-** which shall be valid for minimum 30 days beyond the bid validity period i.e. **20th/April/2023 (B.S.2080/01/07).** The scanned copy of bid security in pdf format should be uploaded in the e-GP system during bid submission.
9. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue. then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10. All interested bidders are requested to consult PPMO or **Mahagadhimai Municipality Bariyarpur, Bara** for the information about online bidding till date:-**11st/ November/ 2022** (B. ***2079/07/25***)
11. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
12. Other mandatory information are as per PPA and PPR.

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# चुनाव प्रचारको ठूलो नाममा धनराशी विदेसिँदै

**आशन्न प्रदेशसभा तथा प्रतिनिधिसभा (आम निर्वाचन)को प्रचार प्रसारका क्रममा ठूलो रकम विदेसिएको छ । निर्वाचन आयोगले नै उमेद्वारहरुलाई डिजिटल प्रचार माध्यम अपनाउन प्रोत्साहित गरेका कारण नेपालबाट ठूलो परिमाणमा अमेरिकी डलर विदेसिएको हो । समान्यतया उमेद्वारी मनोनयन पत्र दाखिला भए लगत्तै प्रचार प्रसार सुरु हुने गरेको थियो, तर यस पटक निर्वाचन आयोगले मनोनयनपत्र दाखिला भएको २५ दिन पछि अर्थात कात्तिक १८ देखि मात्रै घर दैलो तथा ठूला आमसभा गर्न पाइने शर्त राखेपछि उमेद्वारहरुले चुनाव प्रचारका लागि बैकल्पिक माध्यम स्वरुप सामाजिक संजाल प्रयोग गरेका छन् । कार्यकर्ता नभएका साना पार्टी तथा स्वतन्त्र उमेद्वारहरुले यस अघि पनि सामाजिक संजालको प्रयोग गर्दै आएका थिए, तर यस पटक भने कार्यकर्ता धेरै भएका ठूला पार्टीका उमेद्वारले समेत अमेरिकी डलर खर्च गरी फेसबुक मार्फत प्रचार अभियानलाई तिब्र बनाएका छन् । समाचारमा आए अनुसार असोज २ देखि ३१ गतेको अवधीसम्म प्रतिनिधिसभा र प्रदेश सभाका ८० उम्मेदवारले ११ हजार दुई सय ९५ अमेरिकी डलर चुनावी प्रचारका लागि फेसबुकलाई तिरिसकेका छन् । पछिल्ला दिनमा यो क्रम अझ, तिब्र बनेको छ । मतदानका दिनसम्म करोडौं अमेरिकी डलर विदेसिने अनुमान गरिएको छ ।**

**भित्तेलेखन, पोष्टर पाम्लेटिङ, तुल, ब्यानर, माइकिङ, आमसभाका तुलनामा सामाजिक संजाल मार्फत चुनाव प्रचार प्रसार हुनु धेरै हदसम्म राम्रो कुरा हो । तर यसका लागि ठूलो परिमाणमा विदेशी मुद्रा खर्च हुनु राम्रो होइन, त्यो पनि स्वदेशमा जम्मा भएको परिवर्त्य मुद्रा अनुत्पादक रुपमा विदेश पुग्नु कुनै पनि हालतमा राम्रो होइन । बैदेसिक रोजगारीमा गएका गरिव नेपाली युवाले रगत र पसिना साग साटेर ल्याएको डलर चुनाव प्रचारका नाममा विदेश पुऱ्याउनेहरुले चुनाव जिते भने पनि निश्चय नै राम्रो गर्दैनन् । अझ विडम्वना के छ भने यसरी चुनाव प्रचारका नाममा विदेशमा डलर बुझाउने अधिकांश उमेद्वार यस्ता छन्, जसले बैकल्पिक राजनीतिको नारा अघि सारेका छन् । 'वर्तमान ठूला दल तथा नेताहरु मुलुक चलाउन असफल भए , हामी चलाउछौं' भन्दै जो जो आएका छन्, उनीहरुले नै चुनाव प्रचारका नाममा डलर अपचलन गरेका छन् । उदाहरणका लागि काठमाडौं क्षेत्र नम्बर ५ मा स्वतन्त्र उम्मेदवार इन्जिनियर सुशान्त श्रेष्ठले पछिल्लो ३० दिनमा पाच सय ७० डलर विदेश पुऱ्याएका छन् । नेपालका लागि नेपाली पार्टीका भोजपुर प्रतिनिधिसभा उम्मेदवार डा. सुरेश बस्नेतले चार सय ९८ डलर विदेश पुऱ्याएका छन् । जसपाबाट काठमाडौं क्षेत्र नम्बर ७ का उम्मेदवार निवर्तमान संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजेन्द्रप्रसाद श्रेष्ठले चार सय ९४ डलर विदेश पुऱ्याएका छन् ।**

**चुनाव प्रचार प्रसारका नाममा विदेशमा डलर पुऱ्याउने विकृतिलाई तत्काल नियन्त्रण नगर्ने हो भने मुलुक श्रीलंका बन्ने खतरा छ । किनकी प्रतिनिधिसभाको प्रत्यक्ष तर्फ मात्रै २ हजार भन्दा बढी उमेद्वार छन् । प्रतिनिधिसभा सदस्य पदका उमेद्वारका लागि प्रतिव्याक्ति २५ देखि ३३ लाख रुपैंया खर्च गर्न पाउने सीमा निर्वाचन आयोगले तोकेको छ । प्रदेशसभामा पनि ३ हजार भन्दा बढी उमेद्वार छन् । प्रदेशसभा सदस्य तर्फको उमेद्वारले १५ देखि २३ लाख रुपैंयासम्म खर्च गर्न पाउने सिमा निर्वाचन आयोगले तोकेको छ । यो सिमा भित्रकै रकम विदेसिएछ भने पनि नेपालमा डलरको संचिति रित्तिन्छ । एकातिर डलरको संचिति घटेको भन्दै बस्तु आयतमा कडाई गरिदा रोजगारी घटेको छ, राजश्व, संकलनमा गिरावट आएको छ, अर्कातिर निर्वाचन आयोग स्वयंले विदेशमा डलर तिरेर चुनाव प्रचार प्रसार गर्न उमेद्वारहरुलाई प्रोत्साहन गरेको छ । स्वदेशका मिडियाहरुलाई आचार संहिता लगाएर चुनाव प्रचारका लागि नियन्त्रण गर्ने तर विदेशी मिडियामा खुरु खुरु प्रचार गर्न पाउने अवस्था प्रति निर्वाचन आयोग गम्भीर बन्नै पर्छ । प्रचार प्रसारका लागि स्वदेशी मिडिया नै प्रयोग गर्न सहज हुने वातावरण निर्वाचन आयोगले बनाउनु पर्छ । अखबार, रेडियो, टेलिभिजन, अनलाईन लगायतका मिडियाको संख्या नेपालमा उल्लेख्य छन् । नेपालमै भएका मिडियाहरुले मज्जाले धान्न सक्छन् ।**

# नयाँ जनवादी लोकतन्त्रको खोजी अब अनिवार्य



लोकनारायण सुबेदी

लोकतन्त्रको नाममा एउटा यस्तो ब्यवस्था बनाइयो जहाँ झूट, हिंसा, बिद्वेष, भेदभाव, अबाञ्छित प्रतिस्पर्द्धा, प्रतिशोध आदिका कारण समाज र देश सर्बत्र बिभाजित भइरहेको हुन्छ । जहाँ देश र समाजको भलाइको कुनै बाटो देखापर्दैन । लोकतन्त्र मान्यतामा आधारित शासन ब्यवस्था हो । तर व्यवाहारमा त्यस्तो कुनै अपेक्षा राख्न सकिएको छैन । लोकतन्त्र आदर्श ब्यवस्था निर्माणको उद्देश्यमा असफल सिद्ध भइसकेको छ । यसैलाई लोकतन्त्र पराभूत भएको भनिन्छ । अब न्यायमा आधारित ब्यवस्थाका लागि हामीले एउटा नयाँतन्त्रको खोजी गर्नु जरुरी भइसकेको छ । त्यो राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक हिसावले पनि जनवादी लोकतन्त्र नै हुन्छ ।

कुनै तन्त्रलाई सफल त्यतिबेला मात्र मान्न सकिन्छ जब त्यो आफ्नो गठन र निर्माणको उद्देश्यतर्फ अग्रसर भएको र निरन्तर भइरहेको हुन्छ । निःसन्देह लोकतन्त्र राजतन्त्र भन्दा राम्रो हो, तर त्यो आदर्श समाज ब्यवस्थाको उद्देश्यबाट त्यति नै टाढा छ जत्तिको राजतन्त्र ।

जुन उद्देश्यका लागि लोकतन्त्रलाई स्वीकार गरिएको हो त्यस उद्देश्यको साधना लोकतन्त्रमा सम्भव भएन । न्यायमा आधारित ब्यवस्था, समतामुलक समाज र भातृत्वपूर्ण सद्भाव प्रदान गर्न आजको लोकतन्त्र पूर्णतःअसफल रहेको र भइरहेको सर्बत्र देख्न पाइन्छ ।

लोकतन्त्रमा राजाहरुको स्थानमा जनप्रतिनिधि अबश्य चुनिएर आए,आउँछन् । तर तिनका नीतिहरुमा कुनै अन्तर आएन । लोकतन्त्रमा पनि त्यसरी नै सबै दोषहरु देखा परे र परिरहेका छन् जुन दोषहरु राजतन्त्रमा थिए । लोकतन्त्रमा पनि राज्यको नियन्त्रण सैन्य शासनद्वारा नै गरिदै रहेको छ । जनता माथि त्यस्तै क्रूर प्रकारको अन्याय, अत्याचार भइरहेको जस्ता कुराहरु हामीले अन्यायी राजाको राजमा भएको पढ्यौ या सुन्यौ र कतिपयले देख्यौ पनि । लोकतन्त्रमा पनि त्यस्तै अमानबीय कुरा दोहोरिनु अस्वीकार्य र अमान्य कुरा हो ।

यस्तो मानिएको थियो कि लोकतन्त्रमा राजबंशको ठाउँमा मानिसहरुले आफुमध्येबाट प्रतिनिधिहरु चुन्दछन् र यसरी मानिसहरुका बीचबाट प्रतिनिधि चुनिएर गएपछि तिनले जनताकाहितमा राम्रा नीतिहरु बनाउँदछन् । तर त्यसो भएन । आज संसदमा कर्पोरेट घरानालाई लाभ पुऱ्याउनका लागि अधिकांश नीतिहरु बनाइन्छन् । यसकारण लोकतन्त्र न तलोक (जनता)को हो नत लोक(जनता)का प्रतिनिधिको हो । आज जसलाई हामी लोकतन्त्र भनिरहेका छौं त्यो कर्पोरेट शक्तिको सम्पत्तिबाट सम्पोषित, कर्पोरेटद्वारा सञ्चालित र कर्पोरेटका लागि काम गर्ने किसिमको लोकतन्त्र भएको छ । यो जनताको तन्त्र बिल्कुलै रहेको छैन ।

हुन त आजको दुनियाँमा लोकतन्त्र होस् कि राजतन्त्र होस्, कुन देशको सत्तामा को रहने हो त्यसको निर्क्योल आजको बिश्व कर्पोरेट शक्तिले नै गर्ने गरेको छ । प्रष्ट छ, कर्पोरेट शक्तिले त्यसलाई सत्तामा बसाउन चाहन्छ जसले उसको गुलामी गर्दछ, आदेशको पालना गर्दछ । देश लुटाउन तयार हुन्छ । यो कर्पोरेट शक्तिले तिनैलाई धन उपलब्ध गराउँदछ, सञ्चार माध्यमद्वारा पनि तिनकै लागि जनमत तयार गराइन्छ अनि चुनावमा पनि नयाँ-नयाँ धाँधलीका श्रृंखला सिर्जना गरेर यस्ता मानिसहरुलाई सत्तामा पुऱ्याइन्छ र तिनबाट आफ्नो काम गराइन्छ । तिनलाई त्यतिबेलासम्म सत्तामा राखिन्छ जबसम्म लूटका लागि कर्पोरेट शक्तिलाई छुट हुन्छ अर्थात तिनको उपयोगिता रहन्छ । आजको राजतन्त्र होस् कि लोकतन्त्र दुबैलाई कर्पोरेट पूजीपतिहरुकै सहारामा चलाउने गरिन्छ र चलेको छ । जहाँ हेरे पनि हुन्छ ।

आज लोकतन्त्रमा भ्रष्टाचारको नयाँ तरीका आरुढ भएको प्रष्टै देखिन्छ । देशमा सत्तामा रहिसकेका या रहिरहेका पार्टीहरुले धन प्राप्त गर्ने एउटा सहमति बनाएका छन् । योधन को बाट प्राप्त गरियो या गरिन्छ कति धन प्राप्त गरिन्छ त्यसका बारेमा मानिसहरुलाई केही पनि थाहा हुँदैन, थाहा दिइदैन । यो सम्पत्ति प्राप्त गर्नका लागि दलहरुले कर्पोरेट पूँजीपति हरुसँग अनेक लिखित अलिखित सम्झौताहरु गर्ने गर्दछन् । त्यसमा जुन पार्टीले कर्पोरेट पूँजीलाई बढी लाभ पुऱ्याउँछन् त्यसै अुनपातमा बढी पैसा पाउँने गर्दछन् । कम्पनीहरुले लूटको एउटा अंश कमिशनकोरुपमा चुनाबी ऋणपत्र या बण्ड मार्फत दिने गर्दछन् । यस्तो किसिमको चुनावी प्रतिस्पर्धाले लोकतन्त्रलाई कमिशनखोर र बिकाउ बस्तु जस्तो बनाइदिएको छ । जुन लोकतन्त्र हुँदै होइन । क्रोनी भष्टतन्त्र हो ।

के भन्ने गरिन्थ्यो कि लोकतन्त्रले बहुमतको सिद्धान्तका आधारमा काम गर्दछ ।

> **लोकतन्त्रको चुनाव प्रकृया पनि दोषपूर्ण छ । कस्तो देखिन्छ भने निर्वाचनद्वारा मतदातले आफ्ना प्रतिनिधिहरू चुनेर पठाउँदछन् । तर यो कुरा यथार्थमा सत्य होइन । लोकतन्त्रमा उम्मेद्वार पार्टीले तय गर्दछन् । मतदाताले पाँच बर्षका लागि एक पटक मत दिएर तिनीहरू मध्ये एक जनालाई चुन्ने गर्छन् । त्यो मत पनि वास्तवमा मतदाताको हुने गर्दैन । चुनावमा धर्म, जाति, क्षेत्र, रंगको आधारमा समाजमा भेद पैदा गर्ने गरिन्छ । बिभिन्न सञ्चार माध्यद्वारा भ्रम फैलाएर झूटो महोल तयार गर्ने गरिन्छ । जनमानसलाई यस्ता कुराले प्रभावित तुल्याएर मतदाताको मत तयार पार्ने गरिन्छ र चुनाव जितेको घोषणा गर्ने गरिन्छ**

जहाँ बहुमतको राज हुन्छ त्यहाँ अल्पमतको पनि आदर हुनेछ । तर यो यथार्थ सत्य होइन रहेछ भन्ने पुष्टि भइरहेको छ । हाम्रो देशको कुरा गर्ने हो भने आज भन्दा ६ महिना अगाडि भएको स्थानीय तहको चुनावको बेला नेपालमा १ करोड ७७ लाख ३३ हजार ७२३ मतदाता रहेका थिए । तीमध्ये ५२ प्रतिशतले मात्र मत खसाए । त्यो संख्या ९२ लाख २१ हजार ५३५ मात्र हो । यसबाट प्रष्ट हुन्छ कि ८५ लाख १२ हजार १८८ मतदाताले मत दिएनन् । २१ प्रतिशत नाबालिगहरुको कुरै गर्न परेन । अनि यसमा ३५-४५ प्रतिशत मत ल्याउनेहरु सत्तामा पुग्दछन् । नाम बहुमतको वास्तविक काम अल्पमतको । प्रष्ट छ अल्पमतले बहुमत माथि शासन गर्ने परिपार्टीलाई हामी लोकतन्त्र भनिरहेका र मानिरहेका छौं । अनि निरन्तर बहुमतको शासन भन्ने भ्रम सिर्जना गरिरहेका छौं ।

लोकतन्त्रको चुनाव प्रकृया पनि दोषपूर्ण छ । कस्तो देखिन्छ भने निर्वाचनद्वारा मतदातले आफ्ना प्रतिनिधिहरु चुनेर पठाउँदछन् । तर यो कुरा यथार्थमा सत्य होइन । लोकतन्त्रमा उम्मेद्वार पार्टीले तय गर्दछन् । मतदाताले पाँच बर्षका लागि एक पटक मत दिएर तिनीहरु मध्ये एक जनालाई चुन्ने गर्छन् । त्यो मत पनि वास्तवमा मतदाताको हुने गर्दैन । चुनावमा धर्म, जाति, क्षेत्र, रंगको आधारमा समाजमा भेद पैदा गर्ने गरिन्छ । बिभिन्न सञ्चार माध्यद्वारा भ्रम फैलाएर झूटो महोल तयार गर्ने गरिन्छ । जनमानसलाई यस्ता कुराले प्रभावित तुल्याएर मतदाताको मत तयार पार्ने गरिन्छ र चुनाव जितेको घोषणा गर्ने गरिन्छ । यसरी बिजयी बनेका जन प्रतिनिधिहरुको स्वतन्त्र आवाज पनि रहँदैन । तिनले पार्टी या सहयोगीहरुको आधारमा भूमिका खेल्नु पर्ने हुन्छ । ती पार्टीहरु जनता प्रति होइन, कुनै सहयोगी र निर्णायक कम्पनी प्रतिबफादार र समर्पित हुने रहने गर्दछन् ।

चुनाव जित्नका लागि प्रत्यक्ष परोक्षरुपमा त्यस्ता संचरनाहरु खडा गरेका हुन्छन् । तिनले चुनावका मुद्दा, कार्यकर्ताहरुको प्रशिक्षणका साथसाथै जातिगत समीकरण, समाजमा भेद पैदा गर्ने किसिमका संबेदनशील मुद्दाहरु खोजी गरेर भोटका लागि समाजलाई बिभाज नगर्ने जस्ता कामगर्ने गर्दछन् । यसरी धर्म, सम्प्रदाय, जाति, रंग, आहार, पहिरन, क्षेत्रीय अस्मिता आदि आदि अनेक बिबाद खडा गरेर चुनावलाई प्रभाव पारिन्छ ।

सञ्चार माध्यमहरुले यी नै कुरालाई प्रोत्साहन दिएर सम्प्रेषण गर्ने गर्दछन् । त्यस माथि थप हिंसा पनि फैलाउने गरिन्छ । दलबिशेष र नेता बिशेषको झूटो 'ब्राण्डिङ्ग' गरिन्छ । प्रष्ट छ, उम्मेद्वार तय गर्ने, प्रचार प्रसार गर्ने, जिताउने र सत्तामा पुऱ्याउने सबै काम कर्पोरेट कम्पनीले गर्दछन् । यसरी लोकतन्त्रलाई कर्पोरेट पूँजीवादले सञ्चालन गर्नु गराइनु र चुनाव प्रकृयालाई एउटा नियन्त्रित ब्यवसाय बनाउनु नै लोकतन्त्रको पराभाव हो, लोकतन्त्र होइन ।

यसरी लोकतन्त्राको नाममा एउटा यस्तो ब्यवस्था बनाइएको छ जहाँ झूट, हिंसा, बिद्वेष, भेदभाव, प्रतिशोध र अबाञ्छित प्रतिस्पर्धाका कारण समाज बिभाजित हुन पुग्दछ । यस्तो स्थितिमा देश र जनताको भलाई र बिकासको कुनै बाटो बन्दैन बन्ने आधार पनि तयार हुँदैन । अनि यसप्रकारको स्थितिबाट न्यायआधारति ब्यबस्थाको कुनै अपेक्षा गर्न सकिने हुँदैन । फलतःलोकतन्त्र एउटा आदर्श ब्यवस्था निर्माण गर्ने उद्देश्यप्राप्त गर्न असफल हुन पुग्दछ र पुगेको छ । यसरी आज लोकतन्त्र पराभूत भएको छ । त्यसैले न्याय आधारित ब्यबस्थाका लागि हामीले नयाँजनतन्त्रको खोजी गर्नु अनिवार्य र अपरिहार्य हुन गएको छ । समयले, अनुभवले र आवश्यकताले कहिले मूर्त रुप लिने हो त्यो मात्र प्रतिक्षाको बिषय छ ।

# चाडबाड मनाउने नाममा मौलाएको विकृति



अनुषा थापा

तिहार आउन पाउँदा नपाँउदै पटाका पड्काउने, झिलीमिली टाँग्ने, जुवातास खेल्ने क्रम शुरु भइसकेको छ । यता, दशैंमा घर जान नपाएकाहरु तिहारमा घर गइरहेका छन् । कंलकी, बल्खु, गौशाला, चाबहिल, कोटेश्वर, जडीबुट्टीलगायतका स्थानमा घर जानेको संख्या उल्लेखीय देखिन्छ । आफ्ना दिदीबहिनीको हातबाट टीका लगाउन पनि यहाँबाट धमाधम आफ्नो घर फर्किदैछन् ।

पछिल्लो केही दिनयता बजारमा अत्याधिक भीड देखिन्छ । बजारमा किनमेल गर्नेको संख्या ह्वात्तै बढेको छ । जतापनि तिहार लक्षित सामग्री बेच्न थालिएको छ । जतातत्तै तिहारको रमझम शुरु भएको पाइन्छ । तर, तिहार मनाउने नाममा दशैंमा जस्ता अप्रिय घटना भने नहोउन । दशैं मनाउन गएका कतिपय गाडी दुर्घटनामा पर्दा सदाका लागि बिदा भए । तिहारका बेला पनि कतिको कोठामा चोरी हुने गरेको विगतमा देखिन्छ ।

दशैंका बेला यातायात व्यवसायीले सीट क्षमताभन्दा बढी यात्रु हाल्दा धेरै ठाँउमा दुर्घटना भयो । यात्रुले सहज र सुरक्षित यात्रा गर्न पाएनन् । गाडीमा सीट नपाँउदा उठाएरै जान बाध्य भए । यता, थोत्रा गाडीले बढाएको जोखिम पनि उत्तिकै थियो । दुई दशक नाघेका सवारी साधन चलाउँदा पनि ट्राफिक प्रहरी महाशाखाले अनुगमन गरेन् । गृह मन्त्रालयले सडक र यातायात सुरक्षाका लागि कमिटी गठन गऱ्यो ।

तर, कमिटीले सोचेअनुरुप काम गर्न सकेन । सरकारले सवारी साधनको यान्त्रिक परीक्षण चेकजाँच गरेर मात्र चलाउन दिने भनेको थियो । यता ट्राफिक प्रहरीहरुले परीक्षण गर्न हेलचेक्र्याई गरे उता दुर्घटनामा परेर दशैं मनाउन गएका जनता मरे । दशैंको समयमा सरकारबाट ठूलो लापरबाही भयो । तिहार नजिकिँदै छ, अब पनि यस्तो घटना नदोहोरियोस् । तिहारको बेलामा समाजलाई नपच्ने खालका गतिविधिहरु हुने गरेको छ । रातभर दैँउसीभैलो खेल्छन् जसको कारण एकदमै होहल्ला हुने गरेको छ । यता, बाटो हिँड्नेलाई तर्साउने गरी पटाका पडकाउछन् । जाडरक्सी खान्छन्, जुवातास खेल्छन् अनि अरुलाई डिस्टर्ब गर्छन् । तिहार नलाग्दै सडकभर झिलीमिली टाँगेको देख्न सकिन्छ । यो एकदमै जोखिमपूर्ण कार्य हो । सवारी चालकको आँखा झिलीमिलीतिर जान्छ । यता, सवारी साधन गएर ठोक्किसक्छ ।

सरकारले बेलैमा यी कार्यमा रोक लगाउनुपर्छ । दैँउसीभैलो रातको समयमा खेल्न नदिने भनेर गृहमन्त्रालयले अझै पनि सम्पुर्ण जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको छैन् । बिहान ७ बजेपछि बेलुका ६ बजेसम्म मात्र देउँसीभैलो खेल्ने व्यवस्था मिलाउन जरुरी छ । पहिले-पहिले दैँउसीभैलो हाम्रो संस्कृतिलाई कायम राख्नका लागि खेलिन्थ्यो । तर, अहिले यो कमाउन भाडो बनेको छ ।

व्यापारीहरुको घरमा गएर नाँचगान गर्ने अनि टन्न पैसा उठाएर लैजाने । यो समाजमा पछिल्लो समय देखिएको बेतिथि हो । कलाकारहरुले समेत जथाभावी गीत बनाएका छन् । यसले पनि समाजमा विकृति मौलाएको छ । जस्तो मनलाग्यो त्यस्तै गीत बनायो । अहिले त पैसा नभएको घरमा दैँउसीभैलो खेल्न कोही पनि आँउदैनन् । पहिले नै बुकिङ गरेर देउँसी भैलो खेल्ने गरेको पाइन्छ ।

दैँउसीभैलो रमाइलोका लागि होइन्, पैसाका लागि खेलिन्छ । शुरुमै कति पैसा राख्छन्, त्यो हेरिन्छ । यता, दैँउसीभैलो खेल्ने क्रममा जथाभावी शब्दको प्रयोग गर्ने क्रम बढेको छ । कलाकार, समाजसेवी, अधिकारकर्मीहरुसमेत ठूल्ठूला नेता र व्यापारीको घरमा नाँच्न गाउन गइरहेको देखिन्छ । चाड पैसाकै लागि मात्र खेल्नेजस्तो गर्छन् । यता, राज्यको चौथो अंग भनिएका पत्रकारहरु पनि नेता र व्यापारीको घरमा दैँउसीभैलो खेल्न गएको पाइन्छ ।

> **दशैंको समयमा सरकारबाट ठूलो लापरबाही भयो । तिहार नजिकिँदै छ, अब पनि यस्तो घटना नदोहोरियोस् । तिहारको बेलामा समाजलाई नपच्ने खालका गतिविधिहरू हुने गरेको छ । रातभर दैँउसीभैलो खेल्छन् जसको कारण एकदमै होहल्ला हुने गरेको छ । यता, बाटो हिँड्नेलाई तर्साउने गरी पटाका पडकाउछन् । जाडरक्सी खान्छन्, जुवातास खेल्छन् अनि अरूलाई डिस्टर्ब गर्छन् । तिहार नलाग्दै सडकभर झिलीमिली टाँगेको देख्न सकिन्छ । यो एकदमै जोखिमपूर्ण कार्य हो । सवारी चालकको आँखा झिलीमिलीतिर जान्छ । यता, सवारी साधन गएर ठोक्किसक्छ । सरकारले बेलैमा यी कार्यमा रोक लगाउनुपर्छ**

छिनको रमाइलोले देशलाई कति घाटा लागेको छ ? पत्रकारहरु नेता र व्यापारीको घरमा गएर दैँउसीभैलो खेल्छन्, त्यहाँबाट पैसा लिन्छन् । अनि त्यो नेता र व्यापारीको विरोधमा पत्रकारले कलम चलाउन सक्छन् ? कालोबजारी गर्ने व्यापारी र भ्रष्टाचार गर्ने नेताको घरमा यसरी दैँउसीभैलो खेल्न जाँदा पत्रकारकै शाखमाथि दाग लाग्छ । अहिलेका कलाकारको कुरा गरिसाध्य छैन्, तर पत्रकार त मुलुककै ऐना हो ।

पत्रकार नै यसरी हिँडेपछि अवैध धन्दा चलाउनेहरुको विरोधमा कसले लेख्ने ? आवाजविहिनको आवाज पत्रकार कहिले पनि नेता र व्यापारीको पछाडि लाग्नुपर्छ । यता, कलाकारहरुले पनि देशको बारेमा धेरै सोच्नुपर्छ । चाडबाडको गीत भनेको छ तर सुन्न सक्ने खालको छैन् । जथाभावी कपडा लगाउँछन्, फोहोरी शब्दको प्रयोग गर्छन् यस्ता कलाकारबाट देशले के सिक्ने ?

त्यस्तै, तिहारको भनेर दिनरात जुवातास खेलेर समय खेर फाल्नेहरु पनि यत्तिकै छन् । कतिले आफ्नो घरखेत नै दाउमा राखेर समेत जुवातास खेल्छन् । यो पनि एक किसिमको विकृति नै हो । तिहारमा राम्राभन्दा पनि नराम्रा गतिविधि बढेका छन् । विकृति बढ्यो, जसले हाम्रो संस्कृति नै धरापमा परेको छ । संस्कृति जगेर्ना गर्न होइन् उल्टै बिगार्नतिर नेपालीहरु लागिपरेका छन् ।

पछिल्लो समय भाइटीका पनि पैसा हेरेर लगाइन्छ । दिदीबहिनीलाई टन्न पैसा दियो भनेर मख्ख परेर टीका लगाउन जान्छन् । तर, थोरै पैसा दियो भने टीका नै लगाइदिँदैनन् । पैसा नहुने दाजुभाइको निधार नै खाली रहने अवस्था आयो । आफुले लगेको सामानको दोब्बर उठाउन खोज्छन्, दिदीबहिनी । दिदीबहिनी भएर के गर्नु पैसा छैन भने चाड पनि छैन् । दाजुभाइलाई टीका मात्र लगाइदिए पनि भइहाल्छ नि ।

तर, त्यस्तो सोच्ने चलन हराँउदै गएको छ । जसको कारण हाम्रो संस्कृति नै जोखिममा परेको छ । दाजुभाइले मलाई यो सामान चाहियो भनेर जबजस्ती ल्याउन भनेका हुँदैनन् । आफैं सामान किनेर ल्याउँछन् अनि दोब्बर असुल्न खोज्छन् । दाजुभाइले आफ्नो गच्छअनुसार रकम दिने हो । तर, त्यस्तो सोच्न छाडिएको छ । आफ्नो खर्च नउठ्ने भएपछि दिदीबहिनीहरु विभिन्न बहाना बनाएर टीका लगाइदिन जाँदैनन् ।

चाडबाड पनि खरिदबिक्री हुन थाल्यो । जसले गर्दा आफ्नै दिदीबहिनी, दाजुभाइ हुँदाहुँदै बनावटी बनाउन थालिएको छ । पैसा हुनेलाई दाजुभाइ र दिदीबहिनी बनाउने प्रवृत्ति बढेको छ । धनीलाई समात्ने अनि दाजुभाइ बनाउने । यस्तो बेतिथि समाजमा देखिन थालेको छ । पहिलेपहिले दुई दिनको बाटो यात्रा गरेर दिदीबहिनीहरु टीका लगाउन माइती पुग्थे । तर, अहिले त दाजुभाइलाई आफ्नो घर बोलाउँछन् ।

जानआउनको झण्झट पनि नहुने । यता, दाजुभाइलाई आफ्नो घरमा बोलाएर टीका लगाइदिने अनि दानमा दिएको सामान पनि आफै खाइदिने । यस्तो पनि नैतिकता हुन्छ ? केही वर्ष अघिसम्म दाजुभाइलाई खुवाउनका लागि चामलसमेत घरबाटै बोकेर दिदीबहिनीहरु माइती पुग्थे । तर, अहिले त ठ्याक्कै त्यसको उल्टो छ । चाडबाडको नाममा देखासिकी गर्ने चलन दिएको छ । तिहारमा लाखौंको उपहार दिन थालिएको छ । कसैले मँहगा कपडा दिन्छन्, कसैले गरगहना । कतिले सवारी साधन खरिद गरेरसमेत दिन्छन् । आफ्नो कारणले समाजलाई कति असर परेको छ, त्यो हेर्दैनन् । एउटै घरकी दुईटी बुहारीमा समेत धनी र गरिब हुन सक्छन् । एउटीले धेरै र अर्कीले कम ल्याएपछि घरभित्रै पनि विद्रोह चल्छ । झैझगडा हुन्छ । गएको ज्याला पनि उठ्दैनन् भनेर घरबाट टीका लगाउनै रोकिदिन सक्छन् ।

सरकारले त धनीले टीका लगाउने, गरिबले लगाउन नपाउने नियम बनाएको छैन् । तर, हाम्रो समाजको नैतिकता नै त्यस्तो छ । अर्कोले कति दियो भनेर खुबै चासो हुन्छ । दिदी बहिनीहरुले लगानी गर्नुअगावै खर्च उठ्छ कि उठ्दैन् सोच्छन् । जसका कारण दाजुभाइले टीका लगाउने इच्छा हुँदाहुँदै विभिन्न बहाना बनाएर निधार खाली राख्छन् । वर्षदिनको चाड हो, सँगै बसेर दुःखसुःख साटौं पनि भावना छैन् ।


वर्षदिनमा माइती जाँदा आफ्ना बाबुआमा भेटिन्छन् । टीका लगाउने व्यापारजस्तो भएको छ । यता, घरमा पनि कति पैसा दियो ? ज्याला उठ्यो कि उठेन् ? भनेर सोधीखोजी गर्छन् अनि विकल्प नै बाँकी हुँदैन् । आफ्नो चाडबाड जोगाउन सबै जना आआफ्नो ठाँउबाट जिम्मेवार हुनुपर्छ । चाडबाडलाई व्यापार बनाउने काम बन्द गरौं । पैसा नहुनेको निधार खाली नरहोस् । सरकारले समाजलाई सुधार्न बेलैमा ध्यान पुर्याउन जरुरी छ । चाडबाडमा भड्किलो खर्च गर्न दिनुहुन्न । ऋणधन लिएर चाडबाड मनाउने क्रम बढेको छ, यो यही रोक्न सकेन् भने यसले ठूलो क्षति पुऱ्याउँछ ।

सौर्य दैनिक आर्थिक



**माटोको भाँडा बनाउन कुम्हाले व्यस्त**
तिहार नजिकिएसँगै तराई मधेशका पण्डित (कुम्हाले) समुदायहरु माटोको भाँडा बनाउन व्यस्त भएका छन् । तिहार र छठमा प्रयोग हुने विभिन्न प्रकारको दियो तथा भाँडो बनाउन उनीहरु व्यस्त भएका छन् । प्लाटिकका सामाग्रीका कारण मेहनत अनुसारको आफुहरुले उत्पादन गरेको सामग्रीले मूल्य नपाउँदा आफ्नो पेसा धरापमा परेको उनीहरुको बुझाई छ ।

**झिलिमिली बत्तीको मूल्य वृद्धि**
तिहारमा प्रयोग हुने झिलिमिली बत्तीको मूल्य गत वर्षको भन्दा १० प्रतिशतसम्मले वृद्धि भएको नेपाल विद्युतीय व्यावसायी महासंघले जनाएको छ । अमेरिकी डलरको मूल्यमा आएको वृद्धि तथा राष्ट्र बैंकको नीतिको कारण बत्तीको मूल्य बढेर आएको महासंघले बताएको छ । आयातमा कमी र खरिद मूल्य बढ्दा झिलिमिली बत्तीको मूल्यसमेत बढेको छ ।



# बैंकको चर्को ब्याजदरविरुद्ध देशभर आन्दोलन




■ सौर्य समाचार

काठमाडौं । बैंक तथा वित्तीय संस्थाहरुले कर्जाको ब्याजदर बढाउँदै लगेपछि नेपाल उद्योग बाणिज्य महासंघ सम्वद्ध जिल्ला तथा नगर उद्योग बाणिज्य संघहरुले नेतृत्वलाई आन्दोलनमा उत्रिन दबाब दिएका छन् ।

बैंक तथा वित्तिय क्षेत्रका कारण उद्योग व्यवसायमा प्रतिकुल असर पर्न थालेको भन्दै महासंघसम्बद्ध संघहरुले देशभर बिहीबार र शुक्रबार बिरोध जनाएका छन् । उनीहरुले देशभरका जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएका छन् ।

चर्को ब्याजदरविरुद्ध आन्दोलनमा उत्रिन आफूहरु तयार रहेको भन्दै उनीहरुले महासंघले तत्कालै धारणा सार्वजनिक गरी आन्दोलनको तयारी सुरु गर्न आग्रह गरेका छन् । बैंक तथा वित्तीय संस्थाहरुले एक अंकको ब्याजदर कायम गर्ने यसअघिको सहमति विपरीत अहिले १८ प्रतिशतसम्म ब्याजदर कायम गर्न खोजेकोमा महासंघ सम्वद्ध उद्योगी व्यवसायीहरुले असन्तुष्टि पोखेका छन ।

आर्थिक साझेदारका रुपमा रहेका बैंक तथा वित्तीय संस्थाको व्यवहारले द्वन्द्व बढाउँदै लगेको भन्दै निर्णायक आन्दोलनमा जानुपर्ने कुरा नेतृत्व समक्ष सुझाव दिएका छन् । आयातमुखी अर्थतन्त्र भएको मुलुकमा उद्योगी व्यवसायीहरुलाई नै लक्षित गरेर राष्ट्र बैंकले समेत भेदभावपूर्ण नीति अघि सारेका र अहिले ३० प्रतिशत उद्योगहरुले मात्रै क्षमता अनुसार उत्पादन गरिरहेको अवस्थामा बैंकले ब्याजदर बढाउँदै लगेर थप पीडित बनाएको उनीहरुले गुनासो गरेका छन ।

अब उद्योगको चाबी सरकारलाई बुझाएर सडक आन्दोलनमा उत्रिनुपर्ने उनीहरुले बताए । उद्योगी व्यवसायीहरुको मुख्य आर्थिक साझेदार रहेको बैंक सँधैभरी नाफामा मात्रै जाने तर उद्योग व्यवसाय क्षेत्रले भने अनेकौं समस्या भोग्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने उद्योग संगठन मोरङका अध्यक्ष सुयश प्याकुरेलले बताए ।

उनले साझेदारहरुबीच द्वन्द्व बढ्नु राम्रो संकेत नभएको भन्दै सरकारले जहिले पनि उद्योगी व्यवसायीहरुको भावनासँग खेलवाड गर्दै आइरहेको बताए । पटक-पटक निर्णय गर्ने र सच्याउने कुराले राज्यको नीति नै फेल भइरहेको उनले टिप्पणी गरे ।

महासंघको प्रदेश १ का अध्यक्ष टिकाराज ढकालले उद्योग व्यवसाय गर्नेहरु टिक्नै नसक्ने गरी ब्याजदर बढेको बताए । उद्योगबाट उत्पादित वस्तुको बिक्रीमा ६० प्रतिशतले संकुचन आएको तर राजनीतिक नेतृत्वबाट उद्योगी व्यवसायीको समस्याप्रति संवेदनशिलता नदेखाइएको गुनासो गरे । 'नेताहरुलाई कसरी चुनाव जित्ने मात्रै ध्यान छ, मान्छे पठाएर चन्दा उठाउने काम चैं गरिरहेका छन्, उनीहरुलाई हाम्रो चिन्ता छैन' ढकालले भने ।

उनले आयातमा केन्द्रीत अर्थतन्त्रलाई आत्मसाथ गरेर अघि बढ्नुको विकल्प नभएको बेलामा कर्जा निक्षेप अनुपातमा स्थिरता कायम गर्नसके मुलुकमा १ सय अर्ब रुपैयाँ बढि लगानीयोग्य रकम तयार हुने दाबी गरे । तर बैंकहरुले भने संस्थागत लगानीकर्ताहरु भित्र्याएर ब्याज बढाउन र नाफामा मात्रै केन्द्रीत हुने कर्मचारी नियुक्तिको तानातानमै लागेर अस्वस्थ्य प्रतिष्पर्धा गरिरहेको आरोप लगाए ।

बजेटमा उत्पादनशिल क्षेत्रका उद्योग व्यवसायमा लाग्ने ब्याजदरमा सहुलियत दिने नीति ल्याए पनि त्यसको कार्यन्वयन गर्न सरकारले नसकेको बताए । १० वर्षसम्मका लागि बैंकहरुले 'डिपोजिट' लिने कुराले मुलुकको अर्थतन्त्रलाई थप जोखिमतर्फ लगिरहेको बोहराले दाबी गरे ।

रुपन्देहीका उद्योगी व्यवसायीले ब्याजदर घटाइदिन गृहमन्त्री बालकृष्ण खाणलाई आग्रह गरेका छन् । उद्योग व्यवसाय धराशयी हुनेगरी बैंकहरूले दोहोरो अंकमा कर्जाको ब्याजदर वृद्धि गरेको तथा व्यवसायीलाई धरपक्कड गरिरहेको भन्दै रुपन्देहीका व्यवसायीहरु सडक आन्दोलनमा उत्रिएका छन् ।

गृहमन्त्री खाण चुनाव प्रचारप्रसारका क्रममा हिँडेका बेला उद्योगी व्यवसायीले बैंकको ब्याजदर घटाइदिन भन्दै माग गरेका हुन् । रुपन्देहीमा क्रियाशील व्यावसायिक संघसंस्थाहरूको सञ्जाल रुपन्देहीले नेपाल राष्ट्र बैंक र जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा ज्ञापनपत्र बुझाउँदै बैंक तथा वित्तीय संस्थाको ज्यादतीबिरुद्ध संयुक्त विरोध प्रदर्शन गरेका थिए ।

संयुक्त संघर्ष समितिका संयोजक तथा रुपन्देही उद्योग संघका अध्यक्ष माधवप्रसाद पौडेलको हस्ताक्षरित विज्ञप्तिमा पुँजी विस्तार गरी उद्योग ब्यवसायलाई बचाइराख्न कोसिसरत उद्योगी ब्यवसायीहरू हालै नेपाल राष्ट्र बैंकद्वारा लागू गरिएको चालू पुँजी कर्जा निर्देशिका २०७९ को प्रभावले आन्दोलित बनेको उल्लेख छ ।

यसैगरी भक्तपुरका उद्यमी व्यवसायीले पनि जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाउँदै चर्को व्याजदर फिर्ता लिन आग्रह गरेको छ । भक्तपुर चेम्बर अफ कमर्सको संयोजनमा जिल्लाका विभिन्न व्यवसायिक तथा वस्तुगत संघ संस्थाहरुको उपस्थितिमा ज्ञापन पत्र पेश गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मालाई ज्ञापन पत्र पेश गर्दै भक्तपुर चेम्बर अफ कमर्सका उपाध्यक्ष कविदास श्रेष्ठले चर्को ब्याजदरले उद्योग व्यवसाय नै बन्द गर्नपर्ने अवस्था सिर्जना भएको बताए ।

बैंक तथा वित्तिय संस्थाले निक्षेपमा ब्याजदर बढाए पनि निक्षेप भने बढन नसकेको उद्योगी व्यवसायीको भनाई छ । निक्षेप बढ्न नसकेपनि ब्याजदर उच्च हुँदा गम्भिर नकारात्मक असर परेको चेम्बरद्धारा जारी विज्ञप्तिमा उल्लेख छ ।

ब्याजदरको वर्तमान असर र विगतको अनुभव समेतलाई मनन गर्दै ब्याजदरलाई वाञ्छित सीमा भित्र राख्नु पर्ने नीति अवलम्वनका लागि पनि उद्योगी व्यवसायीले माग गरेका छन् । यसैगरी बैंक तथा वित्तिय संस्थाहरुले हाल विद्यमान स्प्रेडदरलाई घटाउने एवं कर्जाको आधार दरमा समेत न्यूनतम प्रतिशत मात्रै प्रिमियम थप गर्ने व्यवस्था लागु हुनु पर्ने माग गरिएको छ ।

बैंक तथा वित्तिय संस्थाहरुले गर्ने गरेको खर्चमा नियन्त्रण गरी आधार दर समेत घटाउन सकिने अवस्था रहेको तर्फ पनि व्यवसायीले ध्यानाकर्षण गराएका छन् ।

साथै नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरुलाई ऋण प्रवाह गर्दा विगतमा भन्दा हाल ब्याजदरमा वृद्धि भएको हुँदा विगतकै प्रतिशतमा ऋण प्रवाह हुनु पर्ने तर्फ पनि व्यवसायीले सुझाव दिएका छन् ।

मुलुकको असहज परिस्थितिका कारण ऋणको सावाँ ब्याज भुक्तानी अवधिमा थप समय उपलब्ध गराउने व्यवस्थाका लागि केन्द्रिय बैंकबाट पहल हुनु पर्ने तर्फबाट पनि व्यवसायीको माग रहेको छ ।


# Invitation for Bids

## Kummayak Rural Municipality

Office of the Municipal Executive
Yashok, Panchthar
Province No.1, Nepal

**Invitation for Bids No: KRM/NCB/WORK/2079/80-01**

**Date of publication: 2079/07/06**

1. **Kummayak Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the construction, Maintenance, Upgrading of Sakha Roads and Construction of Khatrigaun RCC Pond, Kummayak RM-1 under National Competitive Bidding procedures. The estimated amount for the works is Rs.3002928.76.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kummayak Rural Municipality, Yashok, Panchthar, Mobile No. 9852691991 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Mega Bank Nepal Limited
   Name of Office: Kummayak Rural Municipality
   Office Code no. : 801010203 Account no.:0960010373474
   Account Name: Kummayak Gaupalika Antirik Rajaswa Khata GA 1.1
4. Pre-bid meeting shall be held at office of Kummayak Rural Municipality, Yashok Panchthar on 30-07-2079 at 16:00 hrs. onwards.
5. Electronic bids must be submitted to the office of Kummayak Rural Municipality, Yashok, Panchthar through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 hrs. on 2079-08-06. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 hrs. on 2079-08-06 at the office of Kummayak Rural Municipality, Yashok, Panchthar. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format, amounting to a minimum of 75,000.00, which shall be valid for 30 days beyond the validity period of the bid (2079-12-08)
7. If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# Dudhauli Municipality

## Office of the Municipal Executive

**Dudhauli, Sindhuli**

## INVITATION FOR THE BIDS

**Date of publication: October 23rd, 2022 (2079/07/06)**

1. Dudhauli Municipality , Office of the Municipal Executive invites sealed bids from eligible bidders under National Competitive Bidding – Single Stage Two Envelope and Single Stage Single Envelope Bidding procedures.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Average annual construction turnover | Last date of Bid purchase and submission |
|---|---|---|---|---|---|---|
| 1 | 11/NCB/WORKS/DMUN/2079-080 | Dudhauli Khiryani Mul Sadakma Parne Lakhima Khola Pool (Multi-Cell Box Culvert) Nirman | 5,00,000.00 | 5,000.00 | 20 Million | 2079/08/06 on or before 14:00 |
| 2 | 12/NCB/WORKS/DMUN/2079-080 | Kamala Corridor Sadak Nirman Karya Dakaha Pul Muni Ward Number 3 ra 4 | 5,50,000.00 | 5,000.00 | 25 Million | 2079/08/06 on or before 14:00 |
| 3 | 13/NCB/WORKS/DMUN/2079-080 | Kamala Corridor Sadak Nirman Karya Ward Number 9 ra 10 | 5,50,000.00 | 5,000.00 | 25 Million | 2079/08/06 on or before 14:00 |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dudhauli Municipality Office, Dudhauli, Sindhuli, Email:dudhaulinp@gmail.com, Phone no. +977-047-412051/412052 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be Downloaded and submit their bid electronically as mentioned below or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's SanchitKosh (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nepal Bank Limited, Dudhauli Branch, Sindhuli.
   Name of Office: Dudhauli Municipality, Office of the Municipal Executive
   Rajaswa (revenue) Office Account no.: 25203000001001000001
   Dharauti Account No.:-25203000003000000001
5. Pre-bid meeting shall be held at Dudhauli Municipality, Sindhuli on 2079/07/27 at 14:00
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on 2079/08/06 (Nov.22, 2022) at the office of Dudhauli Municipality, Dudhauli, Sindhuli. Bids must be valid for a period of 90 (Ninety) after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid in Dharauti Account as stated above.
7. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. Dudhauli Municipality Office, Dudhauli, Sindhuli, reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
9. In case of discrepancy or error in Tender notice, bid document and other document of above Projects reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Dudhauli Municipality Office, Dudhauli, Sindhuli.
10. Hard Copy of Bid should not be obtained or submitted to Dudhauli Municipality Office.

**Chief Administrative Officer**

# कहाँ हरायो एमालेको १० हजार भोट ?




■ सौर्य समाचार

हेटौँडा । नेकपा (एकीकृत समाजवादी)का स्थायी कमिटी सदस्य एवम् पूर्वमन्त्री विरोध खतिवडाले निर्वाचन विशेष कार्यकर्ता भेटघाटलाई तीव्रता दिएका छन् । भेलामा खतिवडाको निशानामा उनकै पुरानो पार्टी नेकपा एमाले पर्ने गरेको छ ।

खासगरी निर्वाचन क्षेत्र नम्बर १ मा कमल थापालाई सूर्य चिन्ह दिएर एमालेले उम्मेदवार बनाएपछि र पाँच वर्षअघि आफ्नै निर्वाचन अभियानमा हिडाएर गाउँघर चिनाएका व्यक्तिले अहिले 'टुरिस्ट उम्मेदवार' भनेर कटाक्ष गरेपछि खतिवडाले मनहरी, राक्सिराङ, कैलाश, मकवानपुरगढी, भीमफेदीमा भएका कार्यक्रमहरुमा एमालेमाथि पेचिलो प्रहार गरेर चर्चा बटुलेका छन् । तिहार अघि ६२ वडा रहेको निर्वाचन क्षेत्रमा प्रदेश क का उम्मेदवार कुमारी मोक्तान (माओवादी) र प्रदेश ख का उम्मेदवार ईन्द्रबहादुर बानियाँ (कांग्रेस)सहित पुग्ने योजना अन्तर्गत खतिवडा थाहा, ईन्द्रसरोवर, हेटौँडामा पनि पुग्दै छन् । त्यहाँ पनि एमाले अध्यक्ष केपी ओली, राप्रपा नेपालका नेता कमल थापा, मकवानपुरमा एमालेका नेताहरु डोरमणि पौडेल, रामेश्वर रानामाथि नै खतिवडाको प्रहार हुने लोकतान्त्रिक वाम गठबन्धनका नेता कार्यकर्ताहरु बताउँछन् ।

भीमफेदी र मनहरीमा भएको कार्यक्रममा खतिवडाले नयाँ कुरा गरेका छन् । उनले भने, ' एमालेसँग ग्रह बलियो भएको पात्र मै थिएँ, म भइन्जेल एमाले जितिरह्यो, अहिले ओलीले लेखेटेर म गठबन्धनमा पुगेको छु, अब एमाले मकवानपुरबाट पत्तासाफ हुन्छ, खतिवडा चैं आफ्ना अरु पाँच गठबन्धन सहकर्मीसहित जित्छ ।' हुन पनि हो, २०४८ सालदेखि अविजित खतिवडालाई १८ वर्ष संसद बाहिर राख्ने काम एमालेले गऱ्यो । उनले टिकट नपाउँदा एमाले हार्ने, पाउँदा जित्ने संयोगलाई खतिवडाले 'बलियो ग्रह' भन्ने गरेका छन् ।

खतिवडाको यो तर्कलाई नेपाली कांग्रेस मकवानपुर २ (ख )का उम्मेदवार ईन्द्र बानियाँले पनि पुष्टि गर्दै साथ दिइरहेका छन् । प्रदेश (ख) मा ३० हजार मत गठबन्धनको छ, एमाले कमजोर छ । खतिवडाले भने, 'एमाले यसपटक ३० हजारको हाराहारीमा भोट ल्याउने अवस्थामा छ, उसको भोट लगातार घट्दो छ, किनभने उसँग यतिखेर विरोध खतिवडा छैन ।' २०७४ को निर्वाचनमा नेकपा एमालेका उम्मेदवार खतिवडाले ४६ हजार ४ सय ८१ मत ल्याएका थिए । १८ वर्षपछि उनी फेरि संसद छिरे । र, उनका प्रतिद्वन्द्वी नेपाली कांग्रेसकी महालक्ष्मी डिना उपाध्यायले ३४ हजार ९० मत ल्याएकी थिइन् । अर्थात् एमालेले १२ हजार भन्दा बढी मत ल्याएको थियो खतिवडालाई उम्मेदवार बनाउँदा । २०७९ वैशाख ३१ गते भएको स्थानीय तह निर्वाचनमा एमालेको झण्डै ६ हजार हजार भोट हरायो । स्थानीय तहको निर्वाचनअनुसार निर्वाचन क्षेत्र नम्बर २ मा एमालेको ३६ हजार मत देखियो, कांग्रेसको ३४ हजार, माओवादीले २२ हजार मत ल्यायो भने एमाले विभाजनबाट बनेको समाजवादीले ४ हजार मत ल्यायो । कांग्रेसको मत यथावत्, माओवादीको वृद्धि हुँदा एमालेको पनि ६ हजार भन्दा बढी भोट हरायो । समाजवादीमा पनि जम्मा ४ हजार देखिएको हो, ४६ हजारबाट ३६ हजारमा झर्दा ४ हजार समाजवादीमा गए पनि ६ हजार भोट हरायो ।

यसपटक खतिवडाले भने, 'एमालेको उल्का आए ३५ हजार नत्र ३० हजारमा झर्छ ।' यसो हुँदा गठबन्धनको भोट ६० हजार भन्दा बढी हुने तर्क त छदैंछ, खतिवडा एमालेको धेरै भोट घटाउनेमा विश्वस्त छन् । उनले भने, '४ हजार मतको उम्मेदवार संघमा उठेको छ गठबन्धनको भोट कायमै छ, यसपटक ६ हजार जति भोट थपेर समाजवादीको १० हजार देखाउने मेरो प्रतिवद्धता भयो, १० हजार भोट पुऱ्याएरै छाड्छु ।'

खतिवडाको तर्क सुन्ने हो भने एमालेको अरु ६ हजार भोट घट्नेवाला छ र त्यो भोट समाजवादीमा खस्नेवाला छ । त्यसो हुँदा एमालेको भोट ४६ हजारबाट घटेर ३६ हजारमा त पुगिसकेको छ, खतिवडा त्यसलाई घटाएर ३० हजार पुऱ्याउने गरी एमालेलाई समाजवादीमा आकर्षित गराउन लागेका छन् । खतिवडासँगै स्पर्धा गरिरहेकी र यसपटक गठबन्धनबाट मकवानपुर १ मा उम्मेदवार नेपाली कांग्रेस सहमहामन्त्री महालक्ष्मी डिना उपाध्यायले भनिन्, 'त्यो क्षेत्रमा विरोधजीको केही भोट पकेटकै रुपमा छ, उहाँ जता जानुहुन्छ, त्यतै भोट हाल्ने जनमत उहाँले बनाउनु भएको छ, यसपटक पनि अरु पार्टीमा रहे पनि भोट भने उहाँको पकडमा हुन्छ भन्ने घटनाको म नजिकको भुक्तभोगी हुँ ।' यसपटक एमालेले आफ्नो लगातारको ओरालो यात्रा रोक्न निकै कष्टका साथ मेहनत गरिरहेको छ । तर २४ हजार भन्दा बढी मत रहेको गठबन्धनसँगै कमल थापाको आगमनले पनि कार्यकर्ता रुष्ट छन् । जित्ने होइन भन्ने मनोग्रन्थिले कतै मकवानपुर-२ मा एमालेको अरु १० हजार मत त हराउने होइन ?

# कर्णालीका तीन सय मतदानस्थल अतिसंवेदनशील

■ सौर्य समाचार

कर्णाली । सुरक्षाका दृष्टिकोणले कर्णाली प्रदेशका सात जिल्लाका करिब तीन सय मतदानस्थल अतिसंवेदनशील मानिएका छन् । आगामी मसिंर ४ गते हुने प्रदेशसभार प्रतिनिधिसभाको निर्वाचनका लागि दुई सय ६७ वटा मतदानस्थल अतिसंवेदनशील मानिएका हुन् । जिल्लाका निर्वाचन सुरक्षा समितिले तयार पारेका प्रतिवेदनका अनुसार सबैभन्दा बढी अतिसंवेदनशील मतदानस्थल कालीकोटमा रहेका छन् । कालीकोटमा ७४ वटा मतदानस्थल अतिसंवेदनशील मानिएका छन् ।

त्यसमध्ये, सल्यानमा ६३, दैलेखका ४८, सुर्खेतका २०, रुकुमपश्चिमका २१, डोल्पामा २३ र जाजरकोटका १८ मतदानस्थल अतिसंवेदनशील रहेको जिल्ला निर्वाचन सुरक्षा समितिले जनाएका छन् । जिल्ला निर्वाचन सुरक्षा समितिका अनुसार सात जिल्लाका तीन सय २५ मतदानस्थल संवेदनशील रहेका छन् । जसमध्ये, सुर्खेतका छ, दैलेखका ६२, सल्यानका तीन, रुकुमपश्चिमका ४३, डोल्पाका २६, कालीकोटका २८ र जाजरकोटका ४२ वटा मतदानस्थल संवेदनशील देखिएका छन् ।

प्रदेशभर एक सय ३८ वटा मतदानस्थल भने सामान्य रहेका छन् । कर्णालीका अन्य तीन जिल्ला जुम्ला, मुगु र हुम्लामा भने विपतका कारणले गर्दा अहिले मतदानस्थलको अवस्था बुझ्न नसकिएको बताएका छन् । अबको केही दिनमै मतदानस्थलको अवस्थाका बारेमा जानकारी लिने जिल्ला निर्वाचन सुरक्षा समितिले जनाएका छन् ।

कर्णालीमा आगामी निर्वाचनका लागि प्रदेशभर नौ सय ३३ मतदानस्थल र एक हजार चार सय तीन मतदान केन्द्र निर्धारण गरिएको छ । आयोगका अनुसार कर्णालीमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि प्रदेशभर १० लाख आठ हजार चार सय तीन मतदाता रहेका छन् । कर्णालीमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि आवश्यक तयारीलाई तीव्र पारिएको छ । यता निर्वाचनलाई भयरहित र शान्तिपूर्ण बनाउन सुरक्षा व्यवस्थालाई कडाइ गर्नेगरी तयारी गरिएको जिल्ला निर्वाचन सुरक्षा समितिले बताएका छन् ।

समितिका संयोजकसमेत रहेका सुर्खेतका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले अतिसंवेदनशील र संवेदनशील निर्वाचन केन्द्रका लागि सुरक्षा व्यवस्था मजबुद बनाइने बताए । उनले भने, 'सुर्खेतका सन्दर्भमा गर्दा सेनाबाहेक तीन हजारभन्दा धेरै प्रहरी निर्वाचनका लागि परिचालन हुँदैछन् । जिल्लामा निर्वाचनका बेला शान्तिसुरक्षा कायम गर्न हाम्रो तयारी तीव्र छ ।'

सुदूरपश्चिम प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
कंचनपुर

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः- २०७९/०७/६)

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np.egp मा प्रकाशित बोलपत्र आव्हानको Single Stage Two Envelope ठेक्का सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्याङ्कनमा निम्न बमोजिमका बोलपत्रदाताहरूले प्राविधिक प्रस्तावका शर्तहरू पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७९/०७/१७ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ र ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरू |
|---|---|---|---|
| १. | IDOKAN//W/NCB/ BLDG-M/01/078-79 | Construction of Infrastructure office Building and office compound wall,kanchanpur | 1. M.K/Niraj JV Mahendranagar-18, kanchanpur<br>2. Hanuman-abhiyan JV chainpur, Bajhang<br>3. Baijanath –Pabita JV Dhangadhi-4 Kailali |

कार्यालय प्रमुख

## Invitation for Bids

Government of Nepal
Salpasilichho Rural Municipality, Bhojpur
Invitation for Bids No.: SRM/RC/NCB/02/079/080
**Date of publication: 23-10-2022 00:00**

1. Salpasilichho Rural Municipality, Bhojpur invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Matel Fedi Jaubari Salpapokharisamma Motorbato Nirman under National Competitive Bidding procedures.
The estimated amount for the works is Rs. (in NRs) 5753938.09 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Salpasilichho Rural Municipality, Bhojpur, Province One, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) Rs. 3000/- of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank : Nabil Bank Ltd.
Name of Office: Salpasilichho Rural Municipality, Bhojpur
Office Code no :
Office Account no: 21601017500040, Account Name : Ga 1-1, Aantarik Rajaswa Khata
Rajaswa (revenue) Shirshak no.:
4. Pre-bid meeting shall be held at Salpasilichho Rural Municipality,
Bhojpur
Province One
Nepal at 10-11-2022 13:00 hours.
5. Scaled or electronic bids must be submitted to the office Salpasilichho Rural Municipality, Bhojpur, Province One, Nepal by hand/ courier or through PPMO website: www.bolpatra.gov.np/egp on before 21-11-2022 16:30. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 22-11-2022 15:00 at the office of Salpasilichho Rural Municipality, Bhojpur, Province One Nepal. Bids must be valid for a period of 90 days after bid opening and trust be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 195000.0, which shall be valid for 30 days beyond the validity period of the bid.

धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोराभाग, मोरङ्ग
१ नं प्रदेश नेपाल

## बिधुतीयबोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।०७।०६)

यस धनपालथान गाउँपालिकाको आ.व.२०७९।८० को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत तपसीलमा उल्लेखित योजनाहरु ठेक्का प्रकृयाबाट संचालन गर्नु पर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायीबाट रीतपूर्वकको E-Bidding (बिधुतीय बोलपत्र) आह्वान गरीएको छ ।

**तपशिल:**

| क्र.स. | ठे. नं. | ठेक्का विवरण | ल.ई.रकम (मू.अ.कर वाहेक) | धरौटी रकम | बोलपत्र पेश गर्ने प्रकृया | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | DPTRM/SBG/NCB ०८/२०७९/०८० | पिण्डेश्वर स्कुल देखि दक्षिन जाने सडक कालोपत्रे नापलथान ०६ | रु. ४२,४९,३१५।१८ | रु. १,२०,०००।०० | E-Bidding | ३,०००।०० |
| २ | DPTRM/SBG/NCB ०९/२०७९/०८० | सोराभाग टोल सतरु मण्डलको घर देखि पूर्व भलुवा खोला पुल हुदै बेतौना सडक कालोपत्रे धनापल्थान ०३ | रु. ५६,३३,७८२।७९ | रु. १,५५,०००।०० | E-Bidding | ३,०००।०० |
| ३ | DPTRM/SBG/NCB १०/२०७९/०८० | सरदा स्कुल देखि दक्षिन् हरकपुर हुदै लखन्तरी आनन्द चौक सम्मको सडक कालोपत्रे (CHM-2±180To 2±465) | रु. ४२,६८,२३०।८३ | रु. १,२०,०००।०० | E-Bidding | ३,०००।०० |
| ४ | DPTRM/SBG/NCB ११/२०७९/०८० | जीवन विकास स्कुल गेट देखि कमलपुर अधारभूत विद्यालयसम्म कालोपत्रे (दोस्रो खण्ड) | रु.३९,०४,९७१।६२ | रु. १,१०,०००।०० | E-Bidding | ३,०००।०० |
| ५ | DPTRM/SBG/NCB १२/२०७९/०८० | भंगा पुल उत्तर जाने सडक कालोपत्रे (चौथो खण्ड) | रु. १९,३९,५४७।६७ | रु. ५५,०००।०० | E-Bidding | ३,०००।०० |

**शर्तहरु:**

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले३१ औं दिन १२:०० बजे भित्र E-Bidding मार्फत www.bolpatra.gov.np को माध्यमबाट बोलपत्रपेश गर्न सकिनेछ । बोलपत्र दस्तुर बापतको रकम धनपालथान गा.पा.को कर्सिया स्थित मेगा बैंक लि.,मा रहेको आन्तरीक राजस्व खाता नं.३१२००१०००००६५ मा जम्मा गरेको भौचर समेत पेश गर्नुपर्नेछ ।
२) E-Bidding बोलपत्रको साथमा ठेकेदार इजाजत पत्र, स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता नम्बर, आ.व.२०७७।०७८ को कर चुक्ता प्रमाणपत्र आदिको प्रतिलिपी संलग्न गर्नु पर्नेछ । साथै धरौटी बापतको रकमको हकमा यस कार्यालयको नाममा रहेको मेगा बैंक लि., कर्सिया स्थित धरौटी खाता नम्बर ३१२००१००००४३ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' श्रेणीको बैंकबाट जारी गरेकोकम्तीमा १२० दिन म्याद भएको बिडबण्ड (बोलपत्र जमानत) पेश गर्नु पर्नेछ ।
३) E-Bidding बोलपत्र ३१ औं दिन दिनको २:०० बजे देखि नियमानुसार खोलिनेछ ।
४) E-Bidding बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परे लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ ।
५) दररेट वा कबोल रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।
६) बोलपत्र स्वीकृत गर्ने बा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार धनपालथान गाउँकार्यपालिकाको कार्यालय, सोराभाग, मोरङमा निहित रहनेछ ।
७) बोलपत्रको मान्य अवधी बोलपत्र खोलेको मितिले ९० (नब्बे) दिन रहनेछ ।
८) माथि ठेक्का विवरणमा जेजस्तो लेखिएको भएपनि ईस्टीमेट र BOQ मा उल्लेख भएका विवरण अनुसार प्राविधिकको प्रत्यक्ष निर्देशनमा कार्य गर्नु पर्नेछ ।
९) थप जानकारी लिन चाहेमा कार्यालय समय भित्र धनपालथान गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क राखी लिन सकिनेछ ।
१०) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**केशव कुमार ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**

# संकटमा मादल व्यवसाय



'मादलको बिक्री सबैभन्दा धेरै गाउँमा हुने हो । अहिले गाउँघरमा पनि तिहारको बेला स्पिकर र डेक बजाउन थाले,' उनले भने । एक हजार ५०० देखि सात हजारसम्मका मादल बनाउछन् उनी । 'पहिले मनोरञ्जनको साधनको रूपमा मादल मात्र थियो,' कुलुले भने, 'अहिले विभिन्न माध्यम आए ।' मादल बजाउन नजान्ने अहिलेका पुस्ताबाट बाजाको संरक्षण हुन नसक्ने उनले सुनाए । 'अहिलेको पुस्ता कतिलाई मादल बजाउन आउँदैन । अंग्रेजी गीतमा नाच्न थालेकालाई मादल बजाउन लाज लाग्न थालेको छ

**सौर्य समाचार**

भरतपुर । भरतपुर महानगरपालिका-१ लिलाचोक नारायणगढका राम कुलुले मादल बनाउने पेसा थालेको १८ वर्ष भयो । बुबाले मादल बनाउन सिकाएका उनलाई अहिले मादलमात्र होइन छालाबाट बन्ने वाद्यवादनका सबै सामान बनाउन आउँछ । उनको दैनिकी नै छालाबाट बन्ने बाजा बनाउने काममा बित्ने गरेको छ ।

एक/दुई वर्षअघिसम्म यो पेसाबाट सन्तुष्ट उनी पेसामा आएको संकट र व्यवसायमा आएको मन्दीका कारण चिन्तित छन् । तिहारको समयमा पनि मादलको बिक्री नभएपछि उनी वैकल्पिक पेसा अपनाउनु पर्ने हो कि भन्ने सोचमा छन् ।

उनले नारायणगढमा आकृति मादल पसल सञ्चालन गरेको दश वर्ष भयो । त्यसअघि मुग्लिनलगायत ठाँउमा उनी मादल बनाएर बिक्री गर्थे । 'यो सिजनमा कोरोनाभन्दा अघिका वर्षमा दैनिक आठ/दशवटा मादल बिक्री हुने गर्थ्यो,' उनले भने, 'यस वर्ष दिनमा एक/दुईवटा पनि बिक्री हुन धौधौ छ ।' उनले उत्पादन गरेका मादल काठमाडौँ, पोखरा, बागलुङ, बुटवल र पूर्वी नेपालका समेत विभिन्न सहरमा पुग्ने गर्दछ । 'मादलको बिक्री सबैभन्दा धेरै गाउँमा हुने हो । अहिले गाउँघरमा पनि तिहारको बेला स्पिकर र डेक बजाउन थाले,' उनले भने । एक हजार ५०० देखि सात हजारसम्मका मादल बनाउछन् उनी । ' पहिले मनोरञ्जनको साधनको रुपमा मादल मात्र थियो,' कुलुले भने, 'अहिले विभिन्न माध्यम आए ।' मादल बजाउन नजान्ने अहिलेका पुस्ताबाट बाजाको संरक्षण हुन नसक्ने उनले सुनाए । 'अहिलेको पुस्ता कतिलाई मादल बजाउन आउँदैन । अंग्रेजी गीतमा नाच्न थालेकालाई मादल बजाउन लाज लाग्न थालेको छ,' उनले भने । विद्यालयदेखिनै मादललगायत अन्य मौलिक बाजा बजाउन बालबालिकालाई सिकाउनुपर्ने उनको सुझाव छ । पलायन हुन थालेका मादल व्यवसायीलाई सरकारबाटै संरक्षण हुनुपर्ने उनले बताए । 'स्थानीय पालिका, टोल विकास समिति, विभिन्न जातजातिका सांस्कृतिक टोलीलगायत मौलिक बाजा बचाऊ अभियानमा लाग्नुपर्छ,' उनले भने । व्यवसायीको आम्दानी भएनभन्दा पनि हाम्रो मौलिक अस्तित्व जोखिममा छ भनेर सबैले बुझ्न आवश्यक रहेको उनले सुनाए ।

मादल बनाउन प्रयोग हुने सामग्री पूर्वी नेपालबाट ल्याउने गरेको उउनले बताए । उनका अनुसार अहिले मादललाई आकर्षक देखाउन रिङको प्रयोग हुने गरेकोले सो सामग्री भारतबाट ल्याइन्छ । उनको जस्तै तिहारमा भीडभाड हुने नारायणगढका अन्य मादल पसल पनि सुनसान छन् । मादल बजाई देउसीभैलो खेल्ने यो पर्वमा फाट्टफुट्ट ग्राहक मात्र देखिन्छन् । सरकारले नेपाली मौलिक बाजाको संरक्षण गर्न नसक्दा व्यवसाय नै संकटमा परेको भरतपुर महानगरपालिका-१ पोखरा बसपार्कको उमेश मादल पसलका नारायण नेपालीले बताए । एक हप्तामा जम्मा १२ वटा मादल मात्रै बेचेको र यस्तै अवस्था रहे पेसा नै छोड्नुपर्ने अवस्था आउने दुखेसो उनले पोखे । 'यही अवस्था रहिरे आफ्नो लगानी र घरभाडासमेत तिर्न मुस्किल हुन्छ,' उनले भने, 'व्यवसायमा यस्तो संकट आजसम्म आएको थिएन ।'

मौलिक बाजामा केन्द्रदेखि स्थानीय सरकारको ध्यान नजाँदा नेपाली परम्परा, संस्कार, संस्कृतिसँगै यससँग सम्बन्धित व्यवसायीको अस्तित्व मेटिँदै गएको उनले सुनाए । उनले भने, 'तिहारमा हिन्दी गीतमा युवायुवती नाच्न थाले, मादल बजाउँदै देउसीभैलो खेल्ने आफ्नो संस्कृति भुले, विवाह, पूजामा मौलिक गीतलाई बिगारेर गीत बजाउँछन् । आधुनिकतासँगै रोधी बस्न छाडे । यस्तै रहे किताबको पानामा मात्र मादल नेपाली बाजा हो भन्ने हाम्रा पुस्ताले पढ्नेछन् ।' मादल बेचेर परिवारको जीविकोपार्जन गरिरहेका नेपालीले आफ्नो बुबाबाट मादल बनाउन सिकेका हुन् । उनको यो पुस्तौली पेसा हो । उनी आफूले बनाएका मादल पोखरासम्म पुर्‍याउछन् । गत वर्षसम्म एक हजारमा मादल बेच्दै आएका उनले अहिले महँगीका कारण दुई हजार पाँचदेखि पाँच हजारसम्ममा बिक्री गर्दै आइरहेको बताए । नारायणगढको घोषणा मादल पसलकी शान्तमाया बसेलले मादल व्यवसाय नै धरापमा परेको बताइन् । 'कोरोना संक्रमणभन्दा पहिला व्यापार राम्रो थियो । तिहारमा बढी बिक्री हुने मादल, तीज, दसैं, शिवरात्रि, स्वस्थानी पूजाको समयमा पनि राम्रो आम्दानी हुन्थ्यो । असार साउनबाहेक बाँकी महिना राम्रो बिक्री हुँदा सन्तोषजनक थियो,' उनले भनिन् । आधुनिकतासँगै बाहिरी संस्कार, संस्कृतिप्रति आकर्षित हुँदा मौलिकता बचाउन गाह्रो भएको बसेलको अनुभव छ ।

मादल बनाएर मात्र राष्ट्रिय बाजा मादलको संरक्षण नहुनेमा उनको दावी छ । 'जबसम्म मादल बजाउने र खरिद गर्नेको संख्या बढ्दैन बाजा लोप हुँदै जाने र व्यवसायी विस्थापित हुँदै जानेछन्,' उनले भनिन् । नेपाली मौलिक बाजालाई पनि अनिवार्य स्थान दिनुपर्ने निर्णय सरकारबाट हुनुपर्ने उनको माग छ । पोखरा बसपार्क रोडस्थित गणेश चोकमा उनको मादल पसल छ । दश वर्षदेखि उनले आफ्नो श्रीमान् विष्णुकुमार बसेलको साथमा मादल व्यवसाय गर्दै आएकी छन् । विष्णु कुमारका अनुसार विद्यालय, संघ-संस्था, मन्दिर, भजनकीर्तन समूहलगायत व्यक्तिगत प्रयोजनको लागि मादल खरिद गर्ने गरेका छन् ।

नारायणी कला मन्दिरका पूर्वअध्यक्ष अमर प्रधानले तिहारलगायत पर्वमा समेत मादल घन्कन छाडेको बताए । 'सजिलोका कारण पछिल्लो युवापुस्ताले विद्युतीय साउण्डसिस्टम बजाउने गरेको र पछिल्लो पुस्तामा गाउने र बजाउने कला पनि कम भएको बताए । 'राज्यले संरक्षणका काम गर्न नसके नेपालको सांस्कृतिक बाजा लोप हुने अवस्थामा पुग्नसक्नछ,' उनले भने ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय
आधाभार, बारा

**सिलबन्दी दरभाउपत्र तथा बोलपत्र आव्हान सम्बन्धी सुचना**

**प्रथम पटक प्रकाशित मिति २०७९।०७।०६**

यस कार्यालय तपसिल अनुसारका कार्यको लागि सिलबन्दी दरभाउपत्र तथा बोलपत्र आव्हान गरी खरिद गर्नु पर्ने भएकोले मु.अ. करमा दर्ता भएका ईच्छुक ईजाजत प्राप्त कानुनी रुपमा योग्य भएका फर्म, कम्पनी वा निर्माण ब्यबसायीहरुलाई रित पुर्वकको बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको Website- www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। साथै बोलपत्र सम्बन्धी अन्य कुराहरु सार्बजनिक खरिद ऐन एवं नियमावली बमोजिम हुने र विस्तृत जानकारी (सुचना) शर्तहरु प्रत्येक बोलपत्र साथ संलग्न गरी राखिएको ब्यहोरा जानकारी गराईन्छ।

| क्र.स. | ठेक्का नं. | कार्यक्रम / क्रियाकलाप | लगत अनुमानको रकम मु.अ कर बाहेक | सिलबन्दी दरभाउपत्र तथा बोलपत्र खरिद गर्ने अवधि | कै |
|---|---|---|---|---|---|
| १ | PNP/79/80-01 | हात्तीको दाना राख्ने स्टोर भवन निर्माण | २५,६५,६२८/- | ३० दिने सुचना | |
| २ | PNP/79/80-02 | हिरासत भवन निर्माण तथा व्यवस्थापन | ४२,७९,८७२/- | ३० दिने सुचना | |
| ३ | PNP/79/80-03 | पोष्ट भवन निर्माण | ५१,३५,१४३/- | ३० दिने सुचना | |
| ४ | PNP/79/80-04 | मेषजाली सहित तारवार निर्माण | ४२,७४,२४९/- | ३० दिने सुचना | |
| ५ | PNP/79/80-05 | सोलार फेन्स निर्माण | २५,७२,५०५/- | ३० दिने सुचना | |
| ६ | PNP/TAL/79/80-06 | सिमसार क्षेत्र व्यवस्थापन / पुनर्स्थापना(Restoration) हलखोरीया र मिनि हलखोरीया | १६,२६,१४२/- | १५ दिने सुचना | |

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
प्रदेश नं.१
विराटनगर,मोरङ्ग

**वोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति २०७९-०७-०६)**

यस कार्यालयबाट मिति २०७९-०६-०४ गतेको हिमालय टाइम्स दैनिकमा प्रकाशित वोलपत्र आह्वानको सूचना अनुसार मिति २०७९-०७-०३ गते दिउसो १२:०० बजे सम्म www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका र सोहि दिन दिउसो १:०० बजे खोलिएका वोलपत्र हरु मध्ये तपशिल बमोजिमका वोलपत्र दाताहरुको वोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भइ स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.न. | विवरण | छनौट गरिएको वोलपत्रदाताहरु | कवोल अंक (मु.अ.क.समेत) |
|---|---|---|---|
| 1 | Upgrading of Sunsari Chetra no.1 Dharan-8 Siddhartha Marga Khahare Khola Kinar Road, Sunsari (IDO/MOR/NCB/RW-45/079-80) | M/S Arunodhaya irman Sewa Pvt Ltd, Barahaksetra, Sunsari | 35,96,274.74 |
| 2 | Upgrading of Sundarharaicha 2 Karwena Chowk Bata Buddhiganga 7 Adhibashi Chowk Sama Sadak (IDO/MOR/NCB/RW-47/079-80) | M/S Aaramva Construction, Buddhiganga, Morang | 46,63,404.25 |
| 3 | Upgrading of Various Roads in Itahari Municipality, Sunsari (IDO/MOR/NCB/RW-48/079-80) | M/S Bhimashankar Construction, Gadhi, Sunsari | 68,74,583.92 |
| 4 | Upgrading of Sunsari Jilla Ghuski Bazzar Jattol, Bikrampur, Army Base Camp, Kabilasa Dewanganj Road (IDO/MOR/NCB/RW-49/079-80) | M/S Kalam Nirman Sewa, Bhutaha, Sunsari | 35,52,810.75 |
| 5 | Upgrading of Barahashetra na.pa ward no 1,2,3,4,5 & Ramdhuni na.pa 6 & 7 ma gaadi stand hudai Jalpai chowk sadak sanjal starunnati tatha Nala Byabasthapan karya. sunsari jilla jhumka bazar shetra ma dhal tatha naali nirmaan starunnati karya.Bhokraha prakashpur Bata Chirauli chowk dekhi Barashetra na.pa Nahar pul sadak (IDO/MOR/NCB/RW-51/079-80) | M/S Swornim Nirman Sewa,Mahendranagar, Sunsari | 85,15,180.16 |
| 6 | Upgrading of Baklori Hal Ramdhuni Lagauna chowk Ramdhuni Kumarkhat Charkoshe Jungle Dharan Chaukibari sadak (IDO/MOR/NCB/RW-52/079-80) | M/S Mayumi Construction, Sankhamul, Kathmandui | 41,58,569.85 |

# सक्षम बन्दै महिला प्रतिनिधि



■ गोपालप्रसाद बराल

महोत्तरी । २०७२ मा नयाँ संविधान जारी भएपछि पहिलोपटक २०७४ सालमा भएको स्थानीयतह निर्वाचनमा बर्दिवास-७ मा चुनाव लडेर महिला सदस्य जितेकी कलीमायाँ विश्वकर्मालाई पहिले नमस्कार गरेर आफ्नो परिचय दिन पनि लाज लाग्थ्यो । अहिले विश्वकर्मा आफ्नो पदीय दायित्व र अधिकारबारे खरर बोल्नसक्ने भएकी छन् ।

'लहैलहैमा गाउँबस्ती वरपरका छिमेकीले चुनाव लडलड भने, मानेर लडैं, जितेँ,' पहिलो कार्यकालको अनुभव सुनाउँदै उनले भनिन्, 'प्रमुख, उपप्रमुख र वडाध्यक्षले जहाँजहाँ सही गर्न भन्नुहुन्थ्यो त्यही गरिन्थ्यो ।' पहिलो कार्यकालको उत्तरार्द्धमा महिला सशक्तीकरण क्षेत्रमा कार्यरत 'माण्डवी' संस्थाले महिला सदस्यको कर्तव्य र अधिकारबारे लगातार सिकाउँदै गएपछि आँखा खुलेको उनले सुनाइन् । पहिलो कार्यकालको उत्तरार्द्धमा माण्डवीले 'बुटक्याम्प' (लक्ष्यसहित सैनिक चालमा हिँड्ने भाव) तालिम दिएपछि जनताबीच कसरी जाने, फेरि कसरी निर्वाचित हुने र जनपक्षीय कामका मुद्दा कसरी उठाउने भन्ने सिकाएका कुरा व्यवहारमा लाँदै गएपछि समाजमा सबैले माया गर्न थालेको कलीमायाँको अनुभव छ ।

'पहिलोचोटी (२०७४) त चुनाव लड्नुपरेको थियो,' उनले भनिन्, '२०७९ त सबैले निर्विरोध पो छोडीदिए ।' पछिल्लो कालमा जनतासँग एकाकार हुने कलाले आफू निर्विरोध निर्वाचित भएको कलीमायाँको ठम्याइ छ । कलीमायाँजस्तै बर्दिवास-१४ की श्यामकुमारी नेपाली, पिपरा-५ की जितनीदेवी महरा, औरही-२ की सोनावतीदेवी यादव, जलेश्वर-१ की सोगरा खातुन र भंगहा-९ की जुमैदा खातुन पनि यसपालि (२०७९) दोस्रो कार्यकालका लागि निर्वाचित महिला सदस्य हुन् । आफूहरूलाई हकअधिकार, दायित्व र कर्तव्यबारे माण्डवीले सिकाएको कुराले जनतामा स्थापित हुन सहयोग गरेको भंगाहा-७ की महिला सदस्य ललिता चौधरीको ठम्याइ छ ।

माण्डवीले जिल्लाका पाँच स्थानीयतह बर्दिवास, पिपरा, औरही, जलेश्वर र भंगाहालाई कार्यक्षेत्र बनाई निर्वाचित महिला सदस्यलाई नेतृत्व विकासको तालिम दिएर निरन्तर सवल र सशक्त बनाउँदैछ । माण्डवीको तालिमपछि महिला सदस्य नगर कार्यपालिकाको काम, सामाजिक छलफल र विकास निर्माणका काममा सक्रिय सहभागिता बढाउँदै लगेका भंगाहा नगरपालिकाका प्रमुख सञ्जीवकुमार साहले बताए । 'म आफैँ पनि यसपालि दोस्रो कार्यकालका लागि निर्वाचित भएको प्रमुख हुँ,' उनले भने, 'महिला सदस्य माण्डवीको तालिम पाएर निकै जानकार हुनुभएको छ ।'

मधेसमा शिक्षा, स्वास्थ्य र आर्थिक उपार्जनका अवसरबाट वञ्चित रहँदै आएका मुसहर समुदायबाट बर्दिवास-१२ मा महिला सदस्य निर्वाचित रुपोदेवी सादा अहिले आफ्नो बस्ती वरपर शैक्षिक विकासका लागि मरिहत्ते गरेर लाग्छीन् । 'हामी त अन्धकारमा रहेछौँ, माण्डवीले आँखा खोलीदियो,' उनले भनिन्, 'जीवनको पहिलो कुरो त शिक्षा पो रहेछ, यो बुझेपछि मैले आफ्नो समुदाय (जाति, मुसहर) भित्रका नानीहरू आफैँले विद्यालय पुऱ्याउने गरेकी छु ।' रुपोदेवीको परिचय अचेल बर्दिवास-१२ विजलपुरामा जागरुक महिलामा हुने गरेको वडाध्यक्ष रामकिशोर साहले बताए ।

जिल्लाको औरही नगरपालिकाकी कार्यपालिका सदस्य हीराकुमारी महरा प्रखर वक्ताजस्तै बोल्छीन् । माण्डवीले संकोच, डर हटाएर जिम्मेवार हुन सिकाएपछि अहिले योजना कसरी बनाउने ? कस्तो विकास गर्ने ? समुदायमा कसरी बोल्ने ? सभामा कसरी आफ्नो कुरा राख्ने ? लगायतका धेरै कुरा सिकेको हीराले बताइन् । औरही-८ की वडासदस्य इन्दुदेवी सादा पनि अब हकअधिकारका कुरा गर्न पोख्त छिन् । 'सरकार, विकास, कानुन, योजना, अधिकार जस्ता धेरै विषयबारे जानकारी पाइएको छ,' उनले भनिन्, 'अब मलाई वडाका समस्या नगर कार्यपालिकासम्म पुऱ्याउन केहीभैँ लाग्दैन ।' माण्डवीको सहयोगले आफूसहितका महिला सदस्यमा जीवनबारेको महत्व बल्ल थाहा पाएको उनले बताइन् ।

# माटोका पाला बनाउन भ्याइनभ्याइ

■ सौर्य समाचार

पूर्वी नवलपरासी । जिल्लाको कावासोती- ३ का ६० वर्षीय लक्ष्मण प्रजापतिले तिहारका लागि ३० हजार पाला बिक्री गरिसके । हिन्दुहरूको दोस्रो महान पर्व तिहार नजिकिएसँगै माटोको पाला बनाउन उनलाई भ्याइनभ्याइ छ । तिहारमा बत्ती बाल्नका लागि पालाको प्रयोग गरिने हुँदा बजारको मागअनुसारका पाला तयार गर्नमा उनी व्यस्त छन् । प्रजापतिले भने, 'तिहारका लागि आवश्यक पालाको माग पूरा गर्न तीन महिना अगाडिदेखि नै पाला बनाउन सुरु गर्नुपर्छ, तिहारसम्ममा ५० हजार पाला बिक्री गर्ने लक्ष्य लिएको छु ।' आफ्ना बाबुबाजेले माटोका भाँडा बनाएको देखेर पनि सानै उमेरदेखि पाला बनाउन थालेको उनले सुनाए ।

पुर्खाको पेशालाई धान्दै प्रजापतिले विगत २५ वर्षदेखि व्यावसायिकरुपमा नै माटोका सामान बनाउँदै आएका हुन् । सिजनअनुसार माटोका सामान बनाउँदै आएका प्रजापतिले भने, 'जिल्लामा करिब चार लाख माटाका पालाको माग रहेको छ, तर बजार माग पूरा गर्न नसक्दा वीरगञ्जबाट समेत आयात गर्नुपर्ने बाध्यता रहेको छ ।' उनका अनुसार जिल्लामा माटोका सामग्री बनाउने तीन जना मात्रै हुन् । पाला, गमलालगायतका माटोबाट बन्ने विभिन्न सामान बनाउन आवश्यक माटो सहज उपलब्ध हुन नसक्नु नै माटोका सामग्री बनाउनेको प्रमुख समस्या भएको उनले बताए ।

बाबुबाजेबाट सिकेको पुर्ख्यौंली पेशालाई व्यावसायिकरुपमा अगाडि बढाएको स्मरण गर्दै उनले भने, 'अहिले युवाले माटोलाई आकार दिन होस् वा माटोलाई छुन मन पराउँदैनन् खाली समय बिताउँछन् तर कामलाई सम्मान गर्दैनन्, अब म पछि यही पेशालाई निरन्तरता दिने कोही छैन ।' यहाँ तयार भएका पालासहित माटोका अन्य सामग्री नारायणगढ, कावासोतीदेखि दुम्कीबाससम्म होलसेल र खुद्रामा बिक्री हुने गर्दछ ।


Local Government

**Indrawati Rural Municipality**

**Office of the Rural Municipal Executive**

Nawalpur, Sindhupalchok

Bagmati Province, Nepal

**Invitation for E- Bid**

Date of publication: 2079/07/06 (23/10/2022)

Indrawati Rural Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under and NCB procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Indrawati Rural Municipality website www.indrawatimun.gov.np.

| S. N. | Project Name | Contract ID | Last Date of Bid Submission | Date of Bid Opening | Bid validity period | Cost Estimate (Ex Vat & Contingency | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| 1. | Upgrading works of different road at ward no 11 (Madyepahadi-Bisdeutar, Neupanetar-Bodgaubagar) | IRMSI/W/NCB/079/080-16 | 22/11/2022 12:00 hrs. | 22/11/2022 13:00 hrs. | 90 days | NRs. 34,93,369.07 | NRs. 3,000.00 |
| 2. | Construction works of Sisnekhola Neupanetar Sinchai yojana | IRMSI/W/NCB/079/080-17 | | | | NRs. 21,39,107.95 | |
| 3. | Construction works of Takure Sinchai Tank ward no 4 | IRMSI/W/NCB/079/080-18 | | | | NRs. 22,46,215.55 | |
| 4. | Construction works of ward no 2 watersupply project | IRMSI/W/NCB/079/080-19 | | | | NRs. 24,07,544.05 | |

**Chief Adminstrative Officer**

Government of Nepal

**Shivasatakshi Municipality**

**Office Of The Municipal Executive**

**Jhapa, Nepal**

**Invitation for Bids**

**Invitation for Bids No: SM/NCB/5/2079/080**

**Date of publication: 2022/10/23 (2079/07/06)**

1. Shivasatakshi Municipality invites electronic bids from Nepalese eligible bidders for the Construction of incomplete Jana Adarsha School Building under National Competitive Bidding procedures.

| Contract Identification No | Name of Procurement | Estimated Amount (with VAT) | Bid Document Fee (NRs.) | Bid Security (NRs) |
|---|---|---|---|---|
| SM/NCB/5/2079/80 | Construction of Incomplete Jana Adarsha School Building | 11738307.90 | 3000.00 | 350000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shivasatakshi Municipality, Jhapa, Phone No: 023470323 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders must submit their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: **Mega Bank Nepal Ltd, Birthamod Branch**
   **Name of the Office: Shivasatakshi Municipality**
   **Office Account no. (Rajaswa Khata) : 3140010000128**
4. Pre-bid meeting shall be held **at 2022/11/16 (2079/07/30) at 11.00 A.M. on Technical Department of Shivasatakshi Municipality.**
5. Electronic bids must be submitted through **PPMO website www.bolpatra.gov.np/egp** on or before **12.00 P.M.** on **2022/11/22 (2079/08/06)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2.00 P.M.** on **2022/11/22 (2079/08/06)** at the office of **Chief Executive Officer of Shivastakshi Municipality**. Bids must be valid for a period of **90 Days** after bid opening and must be accompanied by scanned copy of the bid security in .pdf format, which must be deposited to Dharauti **Account No: 3140010000161** on the behalf of **Shivasatakshi Municipality** at **Mega Bank Limited, Birthamod Branch** amounting to a minimum of as stated above in bullet no 1, or bid bond authorized from a recognized "A" class commercial or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. The Bid security amount stated above shall be valid for 30 days beyond the validity period.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064.
10. Shivasatakshi Municipality reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

# भन्सारको कारण बजारमा प्रतिबन्धित प्लाष्टिकका फूलमाला



सौर्य समार

काठमाडौं । प्लाष्टिक र कागज लगायतबाट बनेका आयातित फूलले काठमाडौंको असन बजार झकिझकाउ छ । अहिले बजारभरि कृत्रिम फूल किन्नेहरुको बाक्लो उपस्थिति छ ।

गत वर्षहरुमाजस्तै यसवर्ष पनि धेरैजसो बजार क्षेत्रका पसल कृत्रिम फूल र मालाले रङ्गीचङ्गी रुपमा सजिएका छन् । भीडभाडमा पनि निर्धक्क यसको कारोबारमा भइरहेको छ । काठमाडौंका चोक र गल्लीदेखि देशैभरका बजारमा काजगी कृत्रिम फूल र माला बग्रेल्ती भेटिन्छन् ।

तिहारमा घर तथा वाह्य सजावट गर्न तथा कतिपय अवस्थामा माला र जजन्काका रुपमा समेत यी फूलहरु प्रयोग भएका देखिन्छन् । एक व्यवसायीकाअनुसार तिहारमा जरीको माला र ढोका सजावटका लागि यस्ता फूलको मालाको माग अधिक छ ।

तर, नेपालको कानुनअनुसार अहिले यी माला किनबेच गर्न मात्रै हैन, आयात र भण्डारण गर्नु पनि दण्डनीय छ । आफैंले बनाएको नियम सरकार आफैंले मिचेर यस्ता वस्तुको आयात गर्न दिँदै राजस्व संकलन गर्न ब्यस्त छ भने प्रतिवन्धित भएपनि खुलमखुला कारोबारलाई पनि छुट दिइएको छ ।

सरकारले गत साउन १२ गते राजपत्रमा सूचना निकालेर नेपालमा कृत्रिम प्रकारका फूल र मालाको सबै प्रकारको कारोबारलाई निषेध गरेको थियो । 'वातावरण संरक्षण ऐन २०७६ को दफा १५ को उपदफा (६) ले दिएको अधिकार प्रयोग गरी नेपालभर प्लाष्टिकजन्य फूल गुच्छाको उत्पादन, आयात, बिक्री वितरण र भण्डारणमा पूर्ण रुपमा रोक लगाउने निर्णय भएको छ,' वन तथा वातावरण मन्त्रालयद्वारा प्रकाशित राजपत्रमा उल्लेख छ ।

कानुनत राजपत्रमा सूचना प्रकाशित भएपछि यस्तो निर्णय पूर्ण कार्यन्वयनमा आउँछ र यो कानुनसहर लागू हुन्छ । तर, आश्चर्यलाग्दो के छ भने सरकारले प्रतिवन्ध लगाएको यस्ता फूलमाला वैधानिक रुपमै भन्सार प्रणालीबाटै भित्र्याएर बजारभरि विक्रीवितरण भइरहेको छ ।

भदौसम्म प्रकाशित भन्सार विभागको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको साउन र भदौमा मात्रै नेपालमा ९२ लाख १८ हजार मूल्य बराबरको २८ हजार ६८५ किलो प्लाष्टिकका माला आयात भएका छन् । आयात प्रतिबन्ध पछि पनि नेपालमा वैधानिक प्रणालीबाटै १३ हजार २ सय किलो यस्तो माला आयात भएको तथ्यांकमा देखिन्छ ।

भन्सार विभागका अधिकारीहरु राजपत्रमा प्रतिबन्धको सूचना आएपछि पनि आयातको प्रक्रिया सुरु भइसकेका कृत्रिम फूल र मालाको आयात नरोक्न वन तथा वातावरण मन्त्रालयले पत्राचार गरेको दाबी गर्छन् । व्यवसायीको गुनासोका आधारमा भन्दै विभागमा यस्तो पत्र आए पनि भन्सारबाट छुटाएर आयात गर्न दिइएको भन्सार विभाग स्रोतको दाबी छ ।

सरकारले १२ साउनबाट प्रतिबन्ध लगाए पनि महिनाभर ५६ लाख ७६ हजार रुपैयाँको १५ हजार ४४१ किलो यस्ता माला नेपाल भित्रिएको थियो । राजपत्रमार्फत प्रतिवन्धित वस्तु आयात रोक्नु भन्सार विभागको अधिकार र दायित्व दुवै हो । कुनै विषय स्पष्ट नभएमा त्यसबारे थप जानकारी र आवश्यक व्यवस्था सम्बन्धमा जानकारी गराउने काम पनि उसले गर्नुपर्छ ।

१३ वैशाखमा बिलासी र महँगा गाडीसहित १० प्रकारका वस्तु आयात असार मसान्तसम्मका लागि प्रतिबन्ध लगाउँदा भन्सार विभागले पहिले नै प्रतीतपत्र खोलेका वस्तुको पनि आयात रोकोको थियो । पछि सरकारले प्रतिवन्धबारेको राजपत्र आउनुअघि एलसी खोलेका सामान ल्याउन दिने गरी राजपत्र प्रकाशित गर्नुपरेको थियो ।

तर, वातावरण मन्त्रालयले प्रकाशित गरेको कृत्रिम फूल र माला प्रतिवन्धबारेको उस्तै राजपत्रलाई भन्सार विभागले नजरअन्दाज गर्‍यो । पुष्प व्यवसायीहरु भन्सारको यो कामलाई कृत्रिम फूल आयातकर्तासँगको मिलोमतोमा राज्यले गरेको कानुन बिपरीतको हर्कत भएको आरोप लगाउँछन् । राजपत्रमा सूचना आएपछि सरकारी निकायलाई यस सन्दर्भमा चासो राख्न विशेष आग्रह गरिएको नेपाल फ्लोरिकल्चर एसोसिएसनका अध्यक्ष मिनबहादुर तामाङ सम्झन्छन् ।

'नेपाली किसानको माला नबिक्ने, तर कृत्रिम फूल बजारभरी हुने अवस्था आउनु हुन्न भनेर हामीले राज्यका सबै निकायलाई भनेका थियौं,' अध्यक्ष तामाङ भन्छन् 'तर, प्रतिबन्ध पछि पनि काठमाडौंमा मात्रै नभई पोखरा लगायतका देशभरका बजारमा कृत्रिम माला आएको र निर्धक्कसँग बिक्री वितरण भएको छ, यो बेइमानी हो ।'

भन्सार र वातावरणबीच स्वार्थको द्वन्द्व

राजपत्र निकालेपछि हात बाँधेर बसेको वातावरण विभागले बिहीबार भने यस्ता फूलमाला बिक्री वितरण नगर्न सचेत गराएको छ । बजारभरि कृत्रिम फूलको माला भेटिएको समाचार सार्वजनिक भएपछि विभागले एक सार्वजनिक सूचना जारी गर्दै यस्तो मालाको कारोबारमा संलग्नलाई एक लाख रुपैयाँसम्म जरिवाना हुने चेतावनी दिएको छ ।

तर, बजारबाट फूलमाला जफत गर्ने अधिकार र दायित्व बोकेको विभाग खुरु-खुरु भइरहेको आयात र विक्रीलाई हस्तक्षेप गर्न 'एक्सन'मा उत्रिने योजनामा छैन ।

वातावरण विभागका महानिर्देशक नमराज घिमिरेले प्लाष्टिका माला आयातबारे फरक तर्क पेश गरे । सरकारले निकालेको राजपत्रको सूचनामा भदौ एक गतेसम्म एलसी खुलेका यस्ता वस्तुको आयात हुन पाउने व्यवस्था गरेको घिमिरेको दाबी छ ।

'राजपत्रमा स्पष्ट लेखिएको छ, भदौ एक गतेसम्म यस्ता वस्तु आयात गर्न पाइन्छ,' महानिर्देशक घिमिरेले भने, 'हामीले भन्सार विभागलाई यसबारे सोध्दा उहाँहरुले भदौ एक पछि एलसी पनि नखुलेको र आयात पनि नभएको बताउनु भएको छ ।'

तर, १२ साउन मा प्रकाशित राजपत्रअनुसार सोही दिनबाट नेपालमा प्लाष्टिकजन्य फूल माला, बुके लगातका सबै प्रकारका वस्तुको उत्पादन, आयात र विक्रीलाई निषेध छ । भन्सार विभागका अधिकारीहरु राजपत्रमा प्रतिबन्धको सूचना आएपछि पनि आयातको प्रक्रिया सुरु भइसकेका कृत्रिम फूल र मालाको आयात नरोक्न वन तथा वातावरण मन्त्रालयले पत्राचार गरेको दाबी गर्छन् ।

व्यवसायीको गुनासोका आधारमा भन्दै विभागमा यस्तो पत्र आए पनि भन्सारबाट छुटाएर आयात गर्न दिइएको भन्सार विभाग स्रोतको दाबी छ । 'हामीलाई प्रत्रियामा रहेका फूलहरुको आयात खुलाइराख्न आग्रह गर्दै पत्राचार भएको थियो, तर, सुरुमा भन्सार विभागको नेतृत्वले स्वीकार गरेको थिएन,' ती अधिकारी भन्छन् 'पछि व्यवसायीसँग के सहमति भएर आयात भन्ने खोलियो थाहा भएन ।'

प्रतिबन्धका बाबजुद कृत्रिम मालाको वैधानिक भन्सार जाँचपासबारे बुझ्न खोज्दा भन्सार विभागका महानिर्देशक कमलप्रसाद भट्टराई सम्पर्कमा आउनै चाहेनन् । भन्सारका सूचना अधिकारी पुण्यबिक्रम खड्काले भने यसबारे आफू अनविज्ञ रहेको र थप अध्ययन गरेर मात्रै बोल्ने बताए ।

वीरगन्ज भन्सार कार्यालयले भने प्लाष्टिकका फूलको मालाको आयातमा प्रतिबन्ध नै नरहेको जनाएको छ । कार्यालयका सूचना अधिकारी एवम् भन्सार अधिकृत डिल्लीराम सुवेदीले कृत्रिम फूलको माला आयात गर्न कानुनले नरोकेको र आयात खुला रहेको दाबी गरे । ' प्लाष्टिकका फूल आयात गर्न पाइन्छ, आयात प्रतिबन्ध छैन,' उनी भन्छन्,' भन्सारले रोकेको जस्तो लाग्दैन ।'

निकासी पैठारी ऐनले भन्छ : दण्डनीय

कानुनअनुसार भने प्रतिवन्धित वस्तु आयात गर्नु दण्डनीय हुन्छ । निकासी पैठारी ऐनले सरकारले परिमाणत्मक वा पूर्ण बन्देज लगाएका वस्तु आयात गर्न नपायने व्यवस्था गरेको छ ।

ऐनको दफा ५ अनुसार सरकारले निकासी पैठारीमा बन्देज लगाएका वस्तुको निकासी तथा पैठारी गरेमा त्यस्ता वस्तु जफत गरिनुका साथै सोको मूल्य बराबरको जरिवाना र एक वर्ष कैद सजाय हुन्छ । यस्तै यस्तो वस्तुको निकासी पैठारीमा सघाउ पुर्‍याउनेलाई ठीक आधा र सजायको व्यवस्था ऐनमा छ ।

पूर्वअर्थ सचिव कृष्णहरि बाँस्कोटा प्रतिबन्ध लागेका वस्तु भन्सारबाटपास गर्नु सरासर कानुनको बर्खिलाप भएको बताउँछन् । सरकारले आयातमा प्रतिबन्धात्मक व्यवस्था गर्न सक्ने र सो व्यवस्था राजपत्रमा प्रकाशित भएपछि भन्सारले कार्यन्वयन गर्नु पर्ने उनको भनाइ छ । 'थाहा भएन, जानकारी थिएन' भन्ने तर्कले छुट नपाइने उनले स्पष्ट पारे । राजपत्रमा आयात प्रतिबन्धको सूचना विपरीत एलसी खुलेका वस्तुलाई सहजीकरण गर्न वन मन्त्रालयले नै भन्न नमिल्ने बास्कोटाले बताए । 'राजपत्रले स्पष्ट रुपमा साउन १२ गतेदेखि प्लाष्टिकका माला तथा त्यसता वस्तुको आयात, उत्पादन, बिक्री र भण्डारणलाई निषेध गरेको छ,' बाँस्कोटा भन्छन् 'यसमा यो वा त्यो तर्क गरेर आयात हुन दिएको कुरालाई स्थापित गर्न खोज्नु गलत हुन्छ ।'

सरकारको कार्यसम्पादन नियमावलीअनुसार निकासी पैठार ीसम्बन्धी बन्देजात्मक व्यवस्थाबारे राजपत्र निकाल्ने अधिकार वाणिज्य मन्त्रालयलाई भए पनि वन मन्त्रालयले आफ्नो ऐन अर्न्तगत यस्तो व्यवस्था गर्ने अधिकार पनि रहेको उनको भनाइ छ । 'भन्सारले वनको निर्णयलाई मान्दिनँ भनेर आयात खोल्न पाउँदैन,' उनले भने,' राजपत्रमा प्रकाशित सूचना हुबहु कार्यान्वयन हुनुपपर्छ ।'


## Aanbookhaireni Rural Municipality
## Office of Rural Municipal Executive
Aanbookhaireni-3, Tanahun
Gandaki Province, Nepal

### Invitation for Bids

**First date of Publication: October 23, 2022 A.D.**
**Contract ID: AKRM/GOODS/02/079/80**

1. The Aanbookhaireni Rural Municipality invites sealed quotations from registered Suppliers for procurement, supply, delivery and installation of Solar Street light .
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Aanbookhaireni Rural Municipality Office, Aanbookhaireni-3, Tanahun, 065-540699, www.aanbookhairenimun.gov.np, akruralmunicipality73@gmail.com.
3. A complete set of Bidding Documents may be purchased from the Aanbookhaireni Rural Municipality Office, Aanbookhaireni-3,Tanahun by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till [November 06, 2022 A.D] during office hours.
4. Sealed bids must be submitted to the office Aanbookhaireni Rural Municipality Office, Aanbookhaireni-3, Tanahun by hand on or before [12:00 Noon] on November 07, 2022 A.D]. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [November 07, 2022 A.D and 1:00 PM at the office of Aanbookhaireni Rural Municipality Office. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs. 57,827, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.2701524618454157, Account Name Aanbookhaireni Gaupalika at Machchapuchre Bank Ltd., Aanbookhaireni Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



### Invitation for Online Bids

**Thakre Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Mahadevbesi, Dhading**
**Bagmati Province, Nepal**
**Invitation for Online Bids for the upgrading of different roads**
**Date of Publication: 2079-07-06**

1. Thakre Rural Municipality has allocated funds to cover eligible payment under the contract for upgrading of roads mentioned below

| S.NO. | Contract ID No. | Project Name | Estimated cost (without VAT & PS) (NRS) | Bid Security amount (NRS) | Bid document fee (NRS) |
|---|---|---|---|---|---|
| 1 | 01/NCB/WORKS/ THAKRE/2079/080 | Mahadevbesi Hapsechaur Sadak Woda no 6 | 17058617.54 | 5,20,000/- | 3000/- |
| 2 | 02/NCB/WORKS/ THAKRE/2079/080 | Aath killa Chiuripati Sadak | 17064592.38 | 5,20,000/-- | 3000/- |
| | 03/NCB/WORKS/ THAKRE/2079/080 | Dharekhola Bhujelgaun Batase Acharya Pokhari Pandit Pauwa sadak | 16221672.60 | 4,90,000-- | 3000/- |

2. Thakre Rural Municipality invites online bids under e-procurement system from eligible bidders for the procurement of Roadway excavation, construction of roadside drain, cross drainage, retaining structures, laying of sub-base, base, premix Carpeting etc
3. Eligible Bidders may obtain Further information and inspect the bidding document at the office of Thakre Rural Municipality, Dhading , Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
4. Pre-bid meeting shall be held at Thakre Rural Municipality, Dhading Nepal at 2079-07-27 13:00 hours.
5. Bidding documents is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp Intrested Bidders should register in the e-GP system and deposit the cost of bidding document 3000.0 NRs in the following specified bank.
   **Name of the Bank : Prabhu Bank Ltd., Mahadevbesi Branch**
   **Name of the office : Thakre Rural Municipality**
   **Office account no : 0510101118900121**
6. Intrested Bidder should submit online Bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2079-08-06 12:00. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Opening guidelines 2073 and User manuals issued by PPMO which are available in e-GP System.
7. Online bid shall be opened in the presence of bidders who choose to attend on 2079-08-06 14:00 hours at the Thakre Rural Municipality, Dhading, Nepal. Online bids must be valid for a period of 90 days accounting from the day of bid opening and must be accompanied by bid security, as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period or may deposit a sum of above mentioned amount on Thakre Rural Municipality, Dharauti Account no: 0510101118900041 on account Maintained at Prabhu Bank, Mahadevbesi, Dhading. The scan copy of bid security or cash deposit Voucher should be uploaded in e-GP system during Bid Submission.
8. If the Office happens to be closed on the date of opening of the bid is specified, the bid will be opened on the next working day at the same time and venue.
9. The employer reserves the right to accept or reject wholly or partially any or all the bid without assigning reason whatsoever.

सौर्य खेलकुद

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४




*न्युजिल्याण्डका तिव्र गतिका बलर टिम साउदी टी-ट्वान्टी अन्तराष्ट्रियमा सर्वाधिक विकेट लिने खेलाडीको शीर्ष स्थानमा उक्लिएका छन् । हसनले १ सय ४ खेलमा १ सय २२ विकेट लिएका छन्*

*बेल्जियन मिडफिल्डर राड्जा नाइनगोलान बेल्जियन लिग अन्तर्गत खेलअघि बेन्चमै भेप (इ-सिगरेट) तानेपछि निलम्बनमा परेका छन् । सो घटनापछि उनलाई अनिश्चित समयका लागि निलम्बन गरेको बताएको छ*



# विश्वकप फुटबल प्रसारण हिमालय टीभीबाट

■ **सौर्य समाचार**

काठमाडौं । विश्वकप कतार २०२२ का सबै खेलहरु हिमालय टेलिभिजन एचडीबाट प्रसारण हुने भएका छन् । हिमालय टेलिभिजनबाट दुईवटा च्यानलबाट खेलहरु प्रसारण गर्नेगरी तयारी थालिएको हिमालय टेलिभिजनका कार्यकारी निर्देशक श्याम कँडेलले बताए ।'विश्वकपजस्तो ठूलो कन्टेन्ट देखाउन पाउनु टेलिभिजनका लागि आफैंमा ठूलो अवसर हो,' टेलिभिजनका कार्यकारी निर्देशक कँडेलले भने, 'त्यसैले नेपालको प्रसारण अधिकार पाएको मिडिया हबसँग प्रसारण शुल्क नलिई ६४ वटै खेल देखाउन तत्पर भएका हौं ।'

ग्राहकले तिर्ने अतिरिक्त शुल्क एवं विज्ञापनबाट हुने आम्दानी मिडिया हब र केबल वितरकबीच साझेदारी हुने र हिमालय टेलिभिजनले कुनै शुल्क नलिने समझदारी भएको समेत उनले बताए । फिफाले यसपटक दक्षिण एशियाली देशहरुमा जियो लक सहितको एक्सक्लुसिभ प्रसारण अधिकार दिएपछि नेपालमा विदेशी च्यानलले खेल देखाउन पाउने छैनन् । फिफाले आधिकारिकता दिएको नेपाली च्यानलबाट मात्र विश्वकपका खेलहरु हेर्न पाइने छ । नेपालको प्रसारण अधिकार मिडिया हबले खरिद गरेको छ । एक्सक्लुसिभ अधिकारका कारण यसपटक नेपालका लागि फुटबल राइट्सको मूल्य अघिल्लोपटक भन्दा ६ गुणा महँगो परेको मिडिया हबका अध्यक्ष सोमप्रसाद धिताल बताउँछन् । धितालका अनुसार योपटक प्रसारण अधिकारका लागि मात्र २५ करोड रुपैयाँभन्दा धैरै तिर्नुपरेको छ । प्राविधिक र अन्य खर्च जोड्दा ४२ करोड रुपैयाँभन्दा धैरै खर्च हुने




उनले बताए ।

**विश्वकप हेर्न ग्राहकले ५ सय रुपैयाँ तिर्नुपर्ने !**

विदेशी च्यानलमा हेर्न नमिल्ने गरी नेपालभित्र एक्सक्लुसिभ अधिकार लिँदा ठूलो लगानी गर्नुपरेका कारण यसपटक 'पे पर भ्यू' मोडलमा विश्वकप देखाउन लागिएको धितालले जानकारी दिए । ' अघिल्ला विश्वकपमा विदेशी च्यानलले देखाउँथे, उनीहरुका प्याकेज किन्न नेपालका एमएसओ र केबल वितरकहरुले अर्बौं रुपैयाँ तिर्नु पर्दथ्यो, यसपटक किन विदेशी च्यानललाई दिने, पे मोडलमा हामी आफैं काम गरौं भन्ने लागेर एक्सक्लुसिभ अधिकार लिएका हौं,' धितालले भने, 'यसमा टेलिभिजन सिग्नल वितरक साथीहरुले पनि उत्साह थपिदिनुभएको छ ।' विश्वकपजस्ता ठूला खेल कन्टेन्ट निकै महँगो हुने विज्ञापनबाट मात्र खर्च उठाउन गाह्रो हुने भएकाले पछिल्ला दिनमा सबैजसो मुलुकमा खेलअनुसार पैसा लिने मोडलमा प्रसारण हुन थालेको धिताल बताउँछन् । त्यसो हुँदा विश्वकप हेर्न चाहनेले मात्र सब्सक्राइब गर्ने र हेर्न नचाहनेहरुलाई अतिरिक्त शुल्कको भार नपर्ने उनी बताउँछन् । नेपालमा विश्वकप देखाउन चाहने टेलिभिजन सिग्नल वितरक कम्पनीहरुलाई मिडिया हबले आह्वान गरिसकेको छ । जसअनुसार अहिलेसम्म नेट टीभी र भायनेटले विश्वकप प्रसारणका लागि सम्झौता गरिसकेका छन् । डिसहोम, सुबिसु लगायतका एमएसओ र आईपीटीभी सेवा प्रदायकहरुसँग सघन कुराकानी भइरहेको र छिटै सम्झौता हुने धितालले जानकारी दिए । 'सबै एमएसओ र केबललाई साथमा लिएर काम गर्न खोजिरहेका छौं,' धितालले भने, 'नेपाली टेलिभिजन उद्योग र विज्ञापन बजार चलायमान बनाउने यो अवसरलाई सबै मिलेर सफल बनाउँछौं ।'

विश्वकप हेर्न चाहने दर्शकले अहिलेदेखि नै आफ्ना केबल वितरक वा सेवा प्रदायकसँग कुरा गरेर ग्राहक बन्न सक्ने मिडिया हबले जनाएको छ ।सन् १९९८ देखि नेपालमा विश्वकप प्रसारणको अधिकार निरुन्तर रुपमा मिडिया हबले लिँदै आएको छ । यसपटक नयाँ मोडलमा काम गर्नका लागि टेलिभिजन उद्योगका विभिन्न स्टेकहोल्डरसँग सहकार्य गर्न लागिएको धितालले बताए ।

# आईटीटीएफ लेभल टु कोर्स सुरू




■ **सौर्य समाचार**

काठमाडौं । अखिल नेपाल टेबल टेनिस संघको आयोजनामा शनिबारदेखि १० दिने आईटीटीएफ लेभल टु कोर्स सुरु भएको छ ।

लैनचोरस्थित टेबल टेबल प्रशिक्षण केन्द्रमा सुरु भएको कार्यक्रम ओलम्पिक सोलिडारिटी कार्यक्रम अन्तर्गत हुन लागेको हो । कार्यक्रम मलेसियाली प्रशिक्षक क्रिस्टिना चीले सञ्चालन गर्नेछिन् । उनी आईटीटीएफकी प्रशिक्षकलाई प्रशिक्षण दिने विशेषज्ञ हुन् ।

नेपालमा आईटीटीएफको लेभल टुको कोर्स हुन लागेको यो तेस्रो पल्ट हो । कार्यक्रममा तीन महिलासहित कुल १९ प्रशिक्षकको सहभागी रहेको छ । यस कार्यक्रमपछि नेपाली टेबल टेनिसले कुनै पनि देशको राष्ट्रिय टिम सम्हाल्न प्रशिक्षक पाउने छ ।

कार्यक्रमको अखिल नेपाल टेबल टेनिस संघका अध्यक्ष चतुरानन्दराज वैद्यले उद्घाटन गरेका थिए ।

# न्युजिल्याण्डले अष्ट्रेलियालाई हरायो




■ **एजेन्सी**

सिड्नीं । अष्ट्रेलियामा जारी रहेको आठौं संस्करणको टी ट्वान्टी विश्वकपमा घरेलु टोलीले हारबाट प्रतियोगिताको सुरुवात गरेको छ । आयोजक तथा डिफेन्डिङ च्याम्पियन अष्ट्रेलिया प्रतियोगितामा न्युजिल्याण्डसँग ८९ रनले पराजित भएको हो ।

सिड्नी क्रिकेट मैदानमा २ सय १ को लक्ष्य पछ्याएको अष्ट्रेलियाले १७ दशमलव १ ओभरमा अलआउट हुदै १ सय ११ रन मात्र बनाउन सक्यो । अष्ट्रेलियाका लागि ग्लेन म्याक्सवेलले २० बलमा २८ रन तथा प्याट कमिन्सले १८ बलमा २१ रन बनाए । मिचेल मार्शले १२ बलमा १६ रन बनाए । आरोन फिन्चले १३ तथा टिम डेबिडले ११ रन बनाए । अष्ट्रेलियालाई कम रनमा रोक्न न्युजिल्याण्डका मिचेल स्यान्टेनरले ४ ओभरमा ३१ रन खर्चिएर ३ विकेट लिए ।

टिम साउथीले २ दशमलव १ ओभरमा ६ रन दिएर ३ विकेट लिए । ट्रेन्ट बोल्डले ४ ओभरमा २४ रन दिएर २ विकेट लिए । लक्कि फगुर्सन र ईश सोधीले समान १-१ विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको न्युजिल्याण्डले २० ओभरमा ३ विकेट गुमाएर २ सय रन बनाएको थियो । न्युजिल्याण्डका लागि ओपनर डेबिड कन्वेले ५८ बलमा ७ चौका र २ छक्काको मद्दतले अविजित ९२ रनको अर्धशतकिय ईनिङ खेले ।

अर्का ओपनर फिना एलेनले १६ बलमा ५ चौका र ३ छक्काको सहयोगमा ४२ रन बनाएका थिए । जेम्स निशमले १३ बलमा अविजित २६ रन तथा कप्तान केन विलियम्सले २३ बलमा २३ रन बनाएका थिए ।

अष्ट्रेलियाका लागि जोस हेजलउडले ४ ओभरमा ४१ रन खर्चिएर २ विकेट लिएका थिए । एडम जाम्पाले ४ ओभरमा ३९ रन दिएर १ विकेट लिए ।

यो जितसँगै न्युजिल्याण्डले सुपर-१२ को पहिलो खेलमा जित हात पारेर समूह एकको शीर्ष स्थानमा रहेको छ । आज दोस्रो खेलमा समूह एकको खेलमा इंग्ल्याण्ड तथा अफगानस्तान खेल्दैछन् ।

# अनियमितता भएको भन्दै अख्तियारमा उजुरी

■ **सौर्य समाचार**

काठमाडौं । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजनामा आर्थिक अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । नागरिक समाज कास्कीले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजनाको दौरान लाखौं रुपैयाँ हिनामिना भएको दाबी गर्दै आवश्यक छानबिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखरामा उजुरी गरेको हो ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता गण्डकी प्रदेशका विभिन्न जिल्लामा असोज २८ देखि कात्तिक ३ गतेसम्म औपचारिक रुपमा सञ्चालन भएको थियो । प्रतियोगिताको भद्रगोल व्यवस्थापन र आर्थिक अनियमितताको विषय सार्वजनीक रुपमा उठ्न थालेको छ । सोही क्रममा नागरिक समाज कास्कीले अख्तियारको प्रादशिक कार्यालयमा उजुरी दिदै छानविनको माग गरेको हो । नागरिक समाज कास्कीले नवौं राष्ट्रिय खेलकुदका क्रममा घाईते खेलाडीलाई स्वास्थ्य उपचार सुविधा उपलब्ध नगराएको, प्याराग्लाइडिङ, खेल सञ्चालनका लागि नागरिक उड्यन प्राधिकरणसँग स्विकृति नलिएको, प्रचलित कानुन विपरित अतिबाजी गरिएको र खेल आयोजना पूर्व खेलकुद पूर्वाधार निर्माण तथा खेल मैदानको स्तरोन्नतीको नाममा भएको खर्च विवरण छानविन गर्न माग गरेको छ । समाजको तर्फबाट संयोजक रामबहादुर पौडेल र प्रवक्ता गोकुलबहादुर कार्कीले अख्तियारमा उजुरी दर्ता गरेको बताएका छन् ।

**Sainamaina Municipality**
**Office of Municipal Executive**
**Buddhanagar, Rupandehi**

**Invitation for Bids**

**Date of publication: 2079-07-06**

1. Sainamaina Municipality has received a grant from GoN towards the cost of following bids and intends to apply part of the funds to cover eligible payments under the Contract for NCB/03/079-80. Bidding is open to all eligible Nepalese Bidders.
2. Sainamaina Municipality invites electronic bids from eligible bidders for the construction of **Construction of Asphalt Concrete Road and Structures (Ringroad - Bolbam Park Hill Road)** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
3. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs. 3,10,00,000.***
   - Minimum Work experience of similar size and nature: **number of project is 1 (One) and value of each project is *NRs 1,07,72,000.***
4. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of a non-refundable fee of ***Rs.5000*** in account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Agricultural Development Bank Ltd, Parroha Sakha**
   **Name of Office: Sainamaina Municipality Office**
   **Office Account no.: Internal Revenue Account**
   **A/C No. 0414201659915011**
5. Pre-bid meeting shall be held at Sainamaina Municipality Office at 1:00 pm on 2079-07-27.
6. Electronic bids must be submitted to the office Sainamaina Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 noon on ***2079-08-06***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on ***2079-08-06*** at the office of Sainamaina Municipality. Bids must be valid for a period of ***90*** days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format amounting to a minimum of ***Rs.5,30,000***, which shall be valid for 30 days beyond the validity period of the bid .
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Office of Sainamaina Municipality, Buddhanagar, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to award contract.
10. If any provision of bid document is inconsistent with Public Procurement Act (PPA), 2063 and Public Procurement Regulations (PPR), 2064, the provision of bid document shall be void to the extent of such inconsistency and the provision of PPA and PPR prevail.

| Contract ID | Descriptions of Works | Bid Security (NRs) | Bid Document Fee (NRs) | Min. Avg. Annual Turnover (NRs) | Min. Specific Experience of Const work of similar nature & complexity (NRs) | Key activities production rates |
|---|---|---|---|---|---|---|
| NCB/03/ 079 -80 | Construction of Asphalt Concrete Road and Structures (Ringroad - Bolbam Park Hill Road) | 5,30,000 | 5000 | 3,10,00,000 | 1,07,72,000 | Asphalt Concrete: 73 Cum, Stone Masonary: 524 Cum |

**Chief Administrative Officer**

# कोभिड बीमाको पौने दुई अर्ब निकासा गर्दै बीमा समिति




■ सौर्य समाचार

काठमाडौं । कोभिड बीमाको दाबी भुक्तानीको पहिलो चरणमा १ अर्ब ८१ करोड रुपैयाँ वितरण गरिने भएको छ । दाबी भुक्तानीका लागि सरकारले १ अर्ब बजेट निकासा गरेसँगै बीमा समिति, पुनर्बिमा कम्पनी र बीमा कम्पनीहरुबाट संकलन गरिएको थप ८१ करोड रुपैयाँसहित कूल १ अर्ब ८१ करोड रुपैयाँ बिमितलाई भुक्तानी दिन लागिएको हो ।

बीमा कम्पनीहरुले कोभिड बीमाको भुक्तानी रोकेको करिब डेढ बर्षपछि भुक्तानी दिन बाँकी रकमको १७ प्रतिशत मात्रै चुक्ता गर्न लागेका छन् । कम्पनीहरुले कोभिड महामारीका समयमा कोरोना बीमा गरेका सवा लाख बिमितलाई गरि करिब साढे १० अर्ब रुपैयाँ भुक्तानी दिन बाँकी छ । तर कम्पनीहरुले पहिलो चरणमा पौने दुई अर्ब रुपैयाँ भुक्तानी गर्न लागेका हुन् । 'सरकारले गरेको कमिट्मेन्टपछि निकासा गरेको १ अर्बमा केही रकम थप गरि बाँकी रहेको दाबी भुक्तानी वितरण गर्ने तयारीमा छौं,' समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले भने,'सरकारले थप रकम दिएसँगै चरणवद्ध रुपमा बाँकी रकम पनि भुक्तानी गर्दै जान्छौं ।' पौडेलकाअनुसार उपलब्ध रकम तिहारअघि नै भुक्तानी गरिनेछ ।

उनकाअनुसार बितरण प्रक्रियाबारे अर्थ मन्त्रालयसँग परामर्श लिन बाँकी छ। अर्थ मन्त्रालयको समय पाइएन भने भुक्तानीको काम तिहारपछि पनि हुन सक्ने उनले बताए ।

बाँकी रकम भुक्तानीको लागि बीमा समितिले दुईवटा बिकल्प अर्थ मन्त्रालय पठाएको थियो । त्यसमध्ये दोश्रो बिकल्पमा बाँकी भुक्तानी रकमको ५५ प्रतिशत सरकारले र बाँकी ४५ प्रतिशत बीमा समिति, पुनर्बिमा र बीमा कम्पनीले व्यहोर्ने भन्ने छ ।

त्यही बिकल्पअनुसार सरकारले दिएको रकम( एक अर्ब रुपैयाँ) लाई ५५ प्रतिशत मानेर बाँकी ४५ प्रतिशत रकम समिति, पुनर्बिमा र बीमा कम्पनीहरुले संकलन गरि पहिलो चरणमा करिब पौने २ अर्ब रुपैयाँ भुक्तानी गर्न लागिएको हो । जसअनुसार १२ प्रतिशत रकम नेपाल पुनर्बिमा कम्पनी, २५ प्रतिशत बीमा कम्पनीहरु र ८ प्रतिशत बीमा समितिले योगदान गरेका छन् ।

दाबी भुक्तानीको पहिलो चरणमा सर्वसाधारणलाई दाबी रकम भुक्तानी गर्ने समितिका कार्यकारी निर्देशक पौडेलले बताए । 'कोरोना बीमावापत भुक्तानी गर्नुपर्ने रकम ठूलो छ, पहिलो चरणको पौने दूई अर्बले पुग्ने कुरै भएन,' पौडेलले भने,'त्यसैले पहिलो चरणमा सरकारी कर्मचारी र संस्थाले बीमा गरिदिएका बिमितलाई भुक्तानी नगर्ने सहमतिका आधारमा यसपाली सर्वसाधारणलाई प्राथमिकता दिनेछौं ।'

कोभिड बीमामा भुक्तानी गर्न बाँकी करिब साढे १० अर्ब रुपैयाँमध्ये करिब ४ अर्ब रुपैयाँ सरकारी कर्मचारीको मात्र छ । यस्तै फस्ट कम फस्ट सर्भिस( पहिलो आउनेलाई भुक्तानी दिने) प्रणालीअनुसार पहिले आवेदन दिएकालाई पहिलो प्राथमिकता हुने गरी रकम भुक्तानीको व्यवस्था मिलाइने समितिले जनाएको छ । २०७७ जेठमा बीमा समिति, बीमा कम्पनी, पुनर्बिमा कम्पनी र सरकारबीच भएको सहमतिअनुसार कुल दाबीमध्ये १ अर्ब रुपैयाँसम्मको बीमा कम्पनीहरुले नै भुक्तानी गर्नुपर्ने व्यवस्था छ । १ अर्बदेखि २ अर्ब रुपैयाँसम्मको बीमा पुनर्बिमा कम्पनी र २ अर्बदेखि साढे २ अर्ब रुपैयाँसम्मको बीमा कम्पनीहरुको महाविपत्ति कोषबाट बेहोरिने सहमति भएको थियो ।साढे २ अर्बदेखि साढे ३ अर्ब रुपैयाँसम्मको दाबी भुक्तानी बीमा समिति र साढे ३ अर्ब रुपैयाँभन्दा माथिको दाबी भुक्तानी सरकारले व्यहोर्ने सहमति छ । सहमतिअनुसार बीमा समिति, पुनर्बिमा कम्पनी र बीमा कम्पनीहरुले तिर्नुपर्ने दायित्व करिब साढे ३ अर्ब रुपैयाँ मात्र हो ।

मापदण्डअनुसार बीमा समिति, कम्पनी र पुनर्बिमा कम्पनीले भुक्तानी गर्नुपर्ने दायित्व सबै तिरिसकेका छन् । अब भुक्तानी गर्न बाँकी रहेको रकम सबै सरकारको दायित्व भएको बीमा समितिले जनाउँदै आएको छ ।

## 'विनासर्त' बजारमा

■ सौर्य समाचार

काठमाडौं । महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीको सन्दर्भ पारेर साहित्यकार त्रिलोचन आचार्यद्वारा लिखित मुक्तकसंग्रह 'विनासर्त' को सार्वजनिक गरिएको छ । संग्रहमा सीमा अतिक्रमण, देशप्रेम, राजनीतिक नेताका आचरण, सांस्कृतिक विचलन, श्रमको सम्मान आदि विषयमा एक छन्दमा छ वटाका दरले ४० छन्दमा रचिएका दुई सय ४० मुक्तक छन् । प्रायः मुक्त लयमा चतुष्पदीमा लेखिने मुक्तकमा शास्त्रीय छन्दको प्रयोग कमै पाइन्छ । निजामती कर्मचारी आचार्यका यसअघि कविता, खण्डकाव्य र निबन्ध गरी सात कृति प्रकाशन भइसकेका छन् । सिन्धुपाल्चोक, इन्द्रावती-६, बडहरेका कविले विभिन्न पुरस्कार एवं सम्मान पनि प्राप्त गरिसकेका छन् ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका निमित्त सदस्य सचिव हेमनाथ पौडेलले प्रगतिशील कवि आचार्यका मुक्तकमा समाजको यथार्थप्रति आलोचनात्मक दृष्टिकोणका साथ भाग गाम्भीर्य र संरचनात्मक विशिष्टता पनि रहेको बताए । समालोचक डा रामप्रसाद ज्ञवालीले महाकवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यकारका विशाल र गतिशील जम्बोजेट भएको भनाइ व्यक्त गरे । समाजका अध्यक्ष गणेशकुमार मिश्र र महासचिव लक्ष्मण अधिकारीले विसं २०६१ मा स्थापित समाजका गतिविधिबारे प्रकाश पारेका थिए ।

कपन साहित्य समाज, बूढानीलकण्ठले आयोजना गरेको सो कार्यक्रममा कविले राजनीति र चुनावी विकृति, प्रेम र प्रकृतिसम्बन्धी रचना वाचन गरे । कविता, मुक्तक, गजल, हाइकु र सुसेलीमार्फत उनीहरूले तिहार जस्ता पर्व र संस्कृतिको स्वागत गर्दै सीमा रक्षा र देशभक्तिमा जोड दिए । कार्यक्रममा गोविन्द वेदमणि, ॐप्रसाद कोइराला, भारद्वाज मित्र, मित्रलाल पंज्ञानी, बिसु केसी, श्याम रिमाल, केशव पाठक, विनोद वत्स, दुर्गा भमरकोटे, प्रमोद भण्डारी, भोला उपाध्याय र शान्ति रिसालले रचना प्रस्तुत गरेका थिए ।

## तृप्तीको आवाजमा 'लक्ष्मी बन्दना'

■ सौर्य समाचार

काठमाडौं । गायिका तृप्ती खड्का (गुरुङ) ले भजन गीत 'लक्ष्मी बन्दना' ल्याएकी छन् । गायिका गुरुङको एकल आवाज रहेको उक्त गीतको भिडियो शुक्रबार युट्युबमार्फत सार्वजनिक गरिएको हो । गीतमा नरेन न्यौपाने अप्ठ्यारोको शब्द रहेको छ भने गायिका तृप्तीकै संगीत रहेको छ । भद्र ओलीले एरेञ्ज गरेको गीतको भिडियोमा विजय गुरुङको निर्देशन रहेको छ । केशव अधिकारीको छायांकन गरेको भिडियोको सम्पादन ओम प्रसाईको रहेको छ । भिडियो नर न्याउपाने नामक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ । गीतको भिडियोमा मुना खड्का, सम्प्रिया खड्का, हेमन्त, कुमारी, कमला खत्री, दुर्गा पाण्डे, निर्मला हमाल, सावित्रा कार्की, मञ्जु अधिकारी लगायत कलाकारले नृत्य-अभिनय गरेका छन् । लोकदेखि आधुनीक गीतमा समेत आवाज दिने गायिका तृप्तीले धार्मिकतालाई मान्यता दिँदै तिहारको छेको पारेर 'लक्ष्मी बन्दना ल्याएको बताइन् । उनले धार्मिकतामा आफूले विश्वास राख्ने भएकाले यसभन्दा अघि पनि केही भजनका गीत ल्याएको सुनाइन् ।


रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली मोरङ

**सर्जिकल सामाग्री खरिदको लागि बोलपत्र आह्वान गरिएको सूचना**

**(दोस्रो पटक सूचना प्रकाशित मिति : २०७९/०७/०६)**

नगरपालिका अन्तर्गतका रंगेली अस्पतालमा प्रयोग हुने सर्जिकल सामाग्रीहरु E-Bidding माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीले आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण पत्र व्यवसाय दर्ता प्रमाणपत्र (आ.व. २०७९/०८० सम्म नविकरण गरिएको ) स्थायी लेखा (प्यान) दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र (०७८/०७९) वा म्याद थप भएको प्रमाण लगायत कागजातहरुको प्रतिलिपी संलग्न गरी निम्न शर्तको अधिनमा रही यो सुचना प्रकाशित भएको मितिले तपसिल बमोजिम बोलपत्रको हकमा १६ औं दिन दिनको १२.०० बजे सम्म PPMO/EGP/NP मा प्रस्ताव दर्ता गर्नु हुन यो सुचना पुन प्रकाशित गरिएको छ । दर्ता भएको प्रस्तावहरु सोही दिन अपरान्ह १.00 बजे पछि खोलिने छ ।

**तपसिल**

| सि.नं. | सामानको विवरण | ल.ई. रकम | धरौटी रकम | वोलपत्र फारम दस्तुर | कैफीयत |
|---|---|---|---|---|---|
| १. | रंगेली अस्पतालमा प्रयोग हुने सर्जिकल सामाग्रीहरू RNCB/Rangeli/ Goods/21/079/80 | ४४५३५२३.८७ | ११०००0.० | ३००००.०० | फारम दर्ता गर्ने मिति सूचना प्रकाशन भएको मितिले १६ औंदिन (मिति २०७९/07/२१) दिनको १२.०० बजे सम्म |

**शर्तहरू**

१. बोलपत्र खरिद गर्ने र दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा विक्री गर्ने र दर्ता गर्ने कार्य गरिनेछ ।
२. वोलपत्र दाताले फाराम दस्तुर वापतको रकम रंगेली नगरपालिकाको नाममा रहेको कृषि विकास वैंकमा रहेको राजस्व खाता नं. ग (१.१)०६०१४०११५०२५७०११ मा जम्मा गरेको भौचर संलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।
३. बोलपत्र दाताले धरौटी वापतको रकम रंगेली नगरपालिकाको नाममा रहेको कृषि विकास वैंकमा रहेको धरटी खाता नं. ग (३.१)०६०१४०११५०२५७०७९ मा जम्मा गरेको भौचरको वा बोलपत्र दर्ता गर्ने अंतिम दिन देखी १२० दिन मान्य अवधि भएको नेपाल सरकारबाट मान्ता प्राप्त बैंकको बैंक ग्यारेन्टी संलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।
४. मु.अ.कर, छुट हुने र मु.अ.कर छुट नहुने सर्जिकल सामार्गीको मुल्य सोही अनुसार भर्नुपर्नेछ।
५. स्वीकृत बोलपत्र अनुसारको सामाग्रीहरू एकमुष्ट वा आवश्यक्ता अनुसार पटक पटक अर्डर दिई खरिद गरिनेछ ।
६. अन्य बिषय सार्वजनिक खरिद ऐन, २०६३ र नियमाली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।
८. थप अन्य जानकारीको लागि रंगेली नगरपालिकाको स्वास्थय शाखा (९८५२०२५८७६) वा अस्पतालमा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**Binayi Tribeni Rural Municipality**
**Office of Rural Municipal Executive**
**Nawalparasi (East of Bardghat Susta), Dumkibas**
**Gandaki Province, Nepal**

**Invitation For Online Bids**

**Date of publication: 2079/07/06, (23th, Oct, 2022)**

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures.

| S.N. | Contract ID | Description of Works | Estimate Amount | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 04/BTRM/NCB/ Works/2079-080 | Warda No 6 and 7 Road Kalopatre and Culvert Nirman | 6331990.02 | 158500.00 | 3000.00 | 2079/08/06 (23th, Nov, 2022) Before 12:00 | 90 Days | 2079/07/27 (13th, Nov, 2022) at 1:00 PM | Single Stage, Single Envelope |
| 2 | 05/BTRM/NCB/ Works/2079-080 | Warda No 2 Ko Bato Kalopatre Tataha Dhalan | 6420976.49 | 161000.00 | 3000.00 | 2079/08/06 (23th, Nov, 2022) Before 12:00 | 90 Days | 2079/07/27 (13th, Nov, 2022) at 1:00 PM | |
| 3 | 06/BTRM/NCB/ Works/2079-080 | Construction of Black Top Road Bagaicha-Bhattikhola-Salghari-Sadak ward no 4 and Jakhadi Chowk Tandi hudai Kudapani Sadakward no 3 | 4298941.40 | 108500.00 | 3000.00 | 2079/08/06 (23th, Nov, 2022) Before 12:00 | 90 Days | 2079/07/27 (13th, Nov, 2022) at 1:00 PM | |
| 4 | 07/BTRM/NCB/ Works/2079-080 | Warda No 1 ko Bato Istarunati Gambhir shrestha to Indra Parajuli Line, Indra Parajuli To Party Palace,-Golden Chowk Shanti Tol, khorkhola road | 3647310.11 | 91500.00 | 3000.00 | 2079/08/06 (23th, Nov, 2022) Before 12:00 | 90 Days | 2079/07/27 (13th, Nov, 2022) at 1:00 PM | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# महाकवि देवकोटा चर्चा

■ सौर्य समाचार

काठमाडौं । नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११४औँ जन्मजयन्तीको अवसर पारेर साहित्यिक कार्यक्रम गरेको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटा संग्रहालय, मैतीदेवीमा आयोजित कार्यक्रममा 'महाकवि देवकोटाको व्यक्तित्व चर्चा तथा रचनावाचन' गरियो ।

कार्यक्रममा प्रतिष्ठानका निवर्तमान कुलपति गंगाप्रसाद उप्रेतीले महाकवि देवकोटा संग्रहालय सरकारका तर्फबाट निर्मित साहित्यकारको पहिलो भएको बताए । उनले अनेकन बाधा अड्चनका बाबजुद संग्रहालय निर्माण गरिएको जनाए । उनले भने, 'सग्रहालय निर्माण गरेर महाकवि देवकोटाका सामग्रीहरू सुरक्षित राख्न सक्नु खुसी कुरा हो । साथै आमसर्जक, पाठक र दाताहरूको सहयोगबाट नै संग्रहालय निर्माण सम्भव भएको हो ।'

प्रतिष्ठानका पूर्वकुलपति बैरागी काइँलाले नेपाली वाङ्मयका क्षेत्रमा महाकवि देवकोटाको विशिष्ट योगदान रहेको उल्लेख गरे । उनले संग्रहालयको निर्माणले देवकोटाको योगदानलाई अमर तुल्याएको बताए । उनले संग्रहालयलाई सबै कुराले पूर्ण गराउनुपर्नेमा जोड दिए ।

कार्यक्रमका अध्यक्ष तथा प्रतिष्ठानका निमित्त कुलपति डा. गुरुङले पहिलो पटक महाकवि देवकोटा संग्रहालयमा महाकवि देवकोटाको जन्मजयन्ती कार्यक्रम मनाउन पाउँदा गौरव लागेको बताए ।

निवर्तमान सदस्य सचिव प्रा.जगत्प्रसाद उपाध्यायले महाकवि देवकोटा संग्रहालय निर्माणका सम्बन्धमा प्रकाश पारेका थिए । उनले राम्रो काम गर्न खोज्दा बाधा गर्ने प्रवृत्ति देखिएको तर यसका बाबजुद निर्माण कार्य सम्पन्न गरिएको बताए ।




कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै निमित्त सदस्य सचिव प्रा.डा.हेमनाथ पौडेलले गएको २४ असोजमा संग्रहालयको उद्घाटन गरिएको जनाउँदै यसअघि कवि, साहित्यकारका जन्मजयन्ती कार्यक्रम प्रतिष्ठानमै गरिँदै आएकामा अब देवकोटाको जन्मजयन्ती भने हरेक वर्ष संग्रहालयमै मनाइने बताए । महाकवि देवकोटा संग्रहालय नेपाली सर्जकका लागि तीर्थस्थल भएको चर्चा गरिन् ।

यसैगरी, प्राज्ञ डा. देवी नेपालले देवकोटाले 'कविता काव्यमा महाकवि देवकोटाको बहुआयमिक व्यक्तित्वको प्रतिबिम्बन' विषयमा चर्चा गरे । उनले युगवाणीको सम्पादन गर्दा होस् या नेपाली साहित्य परिषद्का सभापति भएर काम गर्दा होस् देवकोटाले नेपाली साहित्यमा विशेष योगदान दिएको बताए । उनले प्रतिष्ठानको परिकाल्पना गर्ने व्यक्तित्व नै महाकवि देवकोटा भएको उल्लेख गरे ।

कार्यक्रममा काठमाडौं महानगरपालिका ३० का वडाध्यक्ष दलबहादुर कार्की, महाकवि देकोटाकी सुपुत्री अम्बिकादेवी देवकोटा रिमाल, गोविन्द गिरी प्रेरणाले महाकवि देवकोटा र देवकोटा संग्रहालयका विभिन्न पक्षमाथि चर्चा गरेका थिए । कार्यक्रममा रामेश्वर राउत मातृदास, रेजिना आपगाई, बलराम दाहाल, देवु लुइँटेल र मञ्जिला अनिलले देवकोटाका रचना वाचन गरेका थिए । कार्यक्रमको सहजीकरण प्राज्ञ सभा सदस्य शशी लुमुम्बूले गरेका थिए ।

# १५ पुसमा तीन चलचित्र

■ सौर्य समाचार

काठमाडौं । आगामी मंसिर ४ हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको चर्चाले चलचित्रको प्रचारप्रसारमा असर पार्ने देखिएकाले उक्त महिनामा नेपाली चलचित्रको प्रदर्शन तोकिएको छैन । यही कात्तिक ४ गते दुई चलचित्र के घर के डेरा र नालापानी प्रदर्शन हुँदा मंसिरमा प्रदर्शन नहुनुलाई निर्वाचनको रौनक बढेसँगै चलचित्रका गतिविधि छायाँमा पर्ने डर हुनसक्ने निर्माता तथा कलाकार रवीन्द्रसिंह बानियाँले बताए । उनले आफू निर्मित चलचित्र 'महापुरुष' लाई कात्तिकमै प्रदर्शन गर्नाको कारण आउँदो निर्वाचनसँगै विश्वकप फुटबल रहेको जानकारी दिए ।

उनले भने, 'जाडोको समय, चुनावी रौनक लगत्तै विश्वकप फुटबलका साथै आउँदो डिसेम्बर र जनवरी महिनामा ठूला विदेशी चलचित्र आउने भएकाले पनि नेपाली चलचित्र प्रदर्शन तय नगरिएको हुनसक्छ ।' नेपालमा निर्वाचनभन्दा पनि विश्वकपले बढी असर गरेको पाइएको लेखक तथा निर्देशक लक्ष्मण सुवेदीले बताए । उनले भने, 'यस अगाडि पनि विश्वकपको समयमा धेरै चलचित्र रिलिज भएका थिएनन् । साथै यसपटक छिमेकी मुलुक भारतका ठूला चलचित्रहरू पनि छन् ।'

आउँदो पुस १५ मा भने तीन चलचित्र प्रदर्शन गरिने घोषणा गरिएको छ । बलिउडको चलचित्र नआउने भएपछि 'डिसेम्बर फल्स', 'चि मुसी चि' र 'कौसीद' को प्रदर्शन गर्ने घोषणा भइसकेको छ । शीर्षकमै कथा जोडिएकाले आफ्नो चलचित्र 'डिसेम्बर फल्स' लाई डिसेम्बरकै अन्तिम साता प्रदर्शन गर्न लागिएको निर्माता रामप्रसाद रिजालले बताए । उनले भने, 'हाम्रो छायांकनलाई कोरोनाका कारण भएको लकडाउनले असर गरेको थियो । अहिले काम सकाएपछि नामसँगै मिल्दोजुल्दो प्रदर्शन मिति तय गरेका हौँ । सस्पेन्स र थ्रिलर कथामा आधारित चलचित्र तयार भएको छ ।'

अभिनेत्री ऋचा शर्माले आफू अभिनित तथा निर्मित चलचित्र 'कौसीद' ऋणको चपेटामा परेको पात्रको जीवनको भोगाइ देखाइएको बताइन् । चलचित्रमा उनीसँगै भोलाराज सापकोटा, रुपेश दाहाल, परिक्षितविक्रम राणा, सदीक्षा गौतम, निर्भिक भट्टराई, सागर भट्टराईको अभिनय छ । हरर थ्रिलर कथामा 'चि मुसी चि' निर्माण भएको निर्देशक मार्ना जेम्सले जानकारी दिए । उनले भने, 'यश सैनीसँग मिलेर मैले फिल्म निर्देशन गरेकी छु । सहायक हुँदै निर्देशनमा डेब्यु गरेकी हुँदा यो चलचित्र मेरा लागि खास छ ।' उक्त चलचित्रमा अभिनेत्री प्रियंका कार्की, ऋचा शर्मा, बेनिशा हमाल, आयुष्मान देशराज जोशी, राजन खतिवडा, रवीन्द्र झा, गौरव विष्ट लगायतका कलाकारको अभिनय छ ।

नेपाल चलचित्र संघका महासचिव नरेन्द्र महर्जनले एउटै समयमा तीन चलचित्रको प्रदर्शन तय हुनु राम्रो नहुने बताए । उनले भने, 'हाम्रो बजारका लागि तीन चलचित्र आवश्यक छैन । अगाडि पछाडिको शुक्रबार खाली हुँदाहुँदै पुस १५ मै तीन चलचित्र प्रदर्शनको घोषणा गर्नु विदेशी चलचित्र नभएको कारण हुनसक्छ ।'

# इरिना बनिन् किड क्विन

■ सौर्य समाचार

काठमाडौं । राजधानीको रिड मोडल स्कुलको कक्षा ८ मा अध्ययनरत् चमतीकी १३ वर्षीया इरिना महर्जन 'किड क्वीन नेपाल २०२२' बन्न सफल भएकी छन् । राजधानीमा शनिवार साँझ सम्पन्न प्रतियोगितामा ९ देखि १४ वर्षसम्मका २५ प्रतिस्पर्धीलाई उछिन्दै उनले उपाधि चुमेकी हुन् । नेप्लिज फेसन होमले आयोजना गरेको १८औं संस्करणको प्रतियोगितामा महर्जनले मिस पब्लिक च्वाइस र तस्बिर मिस फोटोजेनिकको उपउपाधिसमेत जित्न सफल भइन् ।

यसैगरी, जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न उक्त प्रतियोगितामा खोप्रिङ इंग्लिस एकेडेमीको कक्षा ७ मा अध्ययनरत् भक्तपुर सूर्यविनायककी इप्सा प्रजापति फस्ट र जनज्योति सकेन्डरी इग्लिस स्कुलको कक्षा ५ मा अध्ययनरत् कालीमाटीकी प्रिस्का पुलामी मगर सेकेन्ड रनर्रअप भए । बिजेताले क्रमशः २५, १५ र १० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगितामा सुवा कोजु मिस ट्यालेन्ट, प्राप्ति रेग्मी मिस ट्यालेन्ट फस्ट रनर्सअप, स्तुति कार्की मिस ट्यालेन्ट सेकेन्ड रनर्सअप र तस्बिर मिस फोटोजेनिक, मार्था तामाङ मिस क्याटवक, प्रार्थना बज्राचार्य मिस क्युट, तृप्ति बैद्य सोसियल वेलफर एम्बेसडर, श्रीषा श्रेष्ठ सोसियल वेलफर एम्बेसडर फस्ट रनर्सअप,




एम्बेसडर सेकेन्ड रनर्सअप र मिस चार्मिङ, पलिस्था कुटुव बेस्ट ड्रेस, सुबारिया श्रेष्ठ मिस कल्चर, गृष्मा राजचल मिस पर्सनालिटी, आस्था थापा मगर बेस्ट हेयर, सकिरा तामाङ बेस्ट स्किन, सफलता प्रधानांग बेस्ट स्माइल, परी मगर मिस इलिजेन्ट, ममता श्रेष्ठ र ज्योति खत्री मिस डिसिप्लेन, ट्रेक्षी चित्रकार मिस इनोसेन्ट तथा निर्जला कौसिला र नसिका ठकुरी मिस फ्रेन्डसिप उपउपाधि बिजेता भएका छन् ।

आयोजक नेप्लिज पेफसन होमकी अध्यक्ष हेमा मानन्धरको सभापतित्व तथा काठमाडौं महानगरपालिकाकी उपमेयर एवं पूर्वमिस नेवाः सुनिता डंगोलको प्रमुख आतिथ्यता, समाजसेवी सुरबहादुर श्रेष्ठ र देवराज डंगोल, मिस नेवाः ११४२ सलिना महर्जन मिस नेवाः महर्जन र मिस नेवाः ११४२ फस्ट रनर्सअप सविना बज्राचार्यको विशेष आतिथ्यतामा सम्पन्न प्रतियोगितामा नेपाल टेलिकमका ब्यबस्थापक सरोज शाक्य प्रमुख निर्णायक रहेका थिए । त्यसैगरी एनआरएन युकेका प्रथम निर्वाचित अध्यक्ष अशोकबाबु श्रेष्ठ, नेपाल क्योकुसिन सेइसिन काइकन कराँते संघका अध्यक्ष अशोककुमार श्रेष्ठ, र्‍यापर निर्णय श्रेष्ठ, मिस नेवाः ११३६ फस्ट रनर्सअप रेजिशा डंगोल, साहित्यकार एवं उद्यमी अञ्जना ताम्राकार, साहित्यकार ज्ञान्दरी कैरी भट्ट, ब्युटिसियन मञ्जु कार्की पाण्डे र फेसन डिजाइनर शोभा महर्जन निर्णायक रहेका थिए । मिस नेवाः नेपाल कृषा महर्जनको संयोजनमा सम्पन्न प्रतियोगिता मिस नेवाः नेपाल प्रजिता श्रेष्ठ र प्रिया तन्डुकार तथा मिस नेवाः नेपाल २०२२ सलिना महर्जनको को


# शिवसताक्षी नगरपालिका

नगरपालिकाको कार्यालय

ब्याङ्डाडा, झापा

१ नं. प्रदेश

## बोलपत्र स्वीकृति गर्ने आसयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९।०७।०६

यस कार्यालयको मिति २०७९।०६।०२ गते राष्ट्रिय दैनिक दैनिकमा प्रकाशित "Resufacin Dundamai Hawaldar Chowk Road & Jhijhile Bazar" बोलपत्र आव्ह सूचना अनुसार यस कार्यालयमा दर्ता भएका बोलपत्रहरु मूल्यांकन गर्दा निम्न फर्मको कुल ल अंक न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६ दफा २७ (२) को प्रयोजनको लागि यो सचूना प्रकाशन गरिएको छ ।

निम्न :-

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु |
|---|---|---|---|---|
| १ | SM/NCB/ 02/2079/080 | Raesurfacing of Dundamari Hawaldar Chowk Road & Jhiljhile Bazar | Global Construction Shivasatakshi Municipality 09, Jhapa | ५८,२०,१२९।४१ (अन्ठाउन्न लाख बिस ह एक सय उनान्तीस रु एकचालिस पैसा मा |

Government of Nepal

Shivasatakshi Municipality

Office Of The Municipal Executive

Jhapa, Nepal

## Invitation for Bids

**Invitation for Bids No: SM/NCB/6/2079/080**

**Date of publication: 2022/10/23 (2079/07/06)**

1. Shivasatakshi Municipality invites electronic bids from Nepalese eligible bidders for the Constructio incomplete Building of Agricultural Market Shivganj under National Competitive Bidding procedures.

| Contract Identification No | Name of Procurement | Estimated Amount (with VAT) | Bid Document Fee ( NRs.) | Bid Securi (NRs) |
|---|---|---|---|---|
| SM/ NCB/6/2079/80 | Construction of Incomplete building of Agricultural Market Shivganj . | 7564750.04 | 3000.00 | 200000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shivasata Municipality, Jhapa, Phone No: 023470323 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra. np./egp,. Bidders must submit their bid electronically, should deposit the cost(as specified above) of bid document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf forr of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submissio the bids. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: **Mega Bank N Ltd, Birthamod Branch**
   Name of the Office: **Shivasatakshi Municipality**
   Office Account no. (Rajaswa Khata) : **3140010000128**
4. Pre-bid meeting shall be held at **2022/11/16 (2079/07/30)** at **11.00 A.M.** on **Technical Departmen Shivasatakshi Municipality.**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before **12.00 F** on **2022/11/22 (2079/08/06).** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2.00 P.M. 2022/11/22 (2079/08/06)** at the office of **Chief Executive Officer of Shivastakshi Municipality.** Bids n be valid for a period of ***90 Days*** after bid opening and must be accompanied by scanned copy of the security in .pdf format, which must be deposited to Dharauti Account No: **3140010000161** on the be of **Shivasatakshi Municipality** at **Mega Bank Limited, Birthamod Branch** amounting to a minimur as stated above in bullet no 1, or bid bond authorized from a recognized "A" class commercial or finar institution eligible to issue bank guarantee as per prevailing law of Nepal. The Bid security amount st above shall be valid for 30 days beyond the validity period.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the instruction to Bidder included in the bid document no complia with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per Public Procurement Act 2063 and Public Procuren Regulation 2064.
10. Shivasatakshi Municipality reserve the right to accept or reject, wholly or partly any or all the bids wit assigning reason, whatsoever.

Chief Administrative Off